www.csrcnepal.org

# भूमि अधिकार

वर्ष २० | पूर्णाङ्क ६१ | वैशाख २०८०



मार्क्सवादी अवधारणामा किसान

गुम्दै आदिवासी/जनजाति र महिलाको भूमि अधिकार

भूउपयोग योजना र वर्गीकरणमा स्थानीय सरकार

## चिप्को आन्दोलनबाट सिक्नुपर्ने पाठहरू

## हाम्रो सपना र दूरदृष्टि

**न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना**

## हाम्रो अठोट र कार्यभार

**भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने**

### हाम्रा आधारभूत मूल्य/मान्यता

- सामाजिक न्याय र प्रकृतिलाई न्याय
- अहिंसा
- सरलता र पारस्परिक सम्मान
- समानुभूति र पक्षधरता
- आत्मनिर्भरता र अन्तरनिर्भरता
- नतिजामुखी, गुणस्तरीय र उत्कृष्टता

### रणनीतिक प्राथमिकताहरू

१. भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार
२. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन
३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन
४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास
५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

# भूमि अधिकार

वर्ष २० | पूर्णाङ्क ६१ | वैशाख २०८०



हक पाउन जुटौँ . . . . . . . . . . . . . . . . . . . . . . . ४
भूमिहीनता, अनौपचारिक भूस्वामित्व र भूमि आयोग . . . ५
चिप्को आन्दोलनबाट सिक्नुपर्ने पाठहरू . . . . . . . . १०
मार्क्सवादी अवधारणामा किसान . . . . . . . . . . . . . १५
गुम्दै आदिवासी/जनजाति र महिलाको भूमि अधिकार १८
भूउपयोग योजना र वर्गीकरणमा स्थानीय सरकार . . . २४
भूमिहीन तथा अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापनमा स्थानीय तहको प्रयास . . . . . . . . . . २८
अभियानमा मेरो अनुभव . . . . . . . . . . . . . . . . . ३१
अभियानकर्मी गणेशप्रसाद रामको सम्झना . . . . . . ३३

CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, फ्याक्स : ९७७-१-४९५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन** :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर** : जिल्ला भूमि अधिकार मञ्च, धनुषाको सम्मेलनका प्रतिनिधिहरू।
**फोटो** : कुमार थापा

# हक पाउन जुटौँ

अहिले देशैभरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि जग्गा दर्ता एवं जग्गा व्यवस्थापन अभियान चलिरहेको छ। सरकारले संविधानको मर्मलाई कार्यान्वयन गर्न, भूमिहीन जनतालाई लामो समयदेखि पर्खाई र अन्यायबाट न्याय दिलाउन गरेको अभियानलाई सदुपयोग गर्न सकेमा अधिकाशं भूमिहीन परिवारको समस्या समाधान हुने छ। भूमिहीन बस्दै आएको जग्गा दर्ता हुने छ। भूमिहीनको हातमा लालपुर्जा पर्नेछ। र जग्गाधनी बन्ने छन्। त्यसैले यो एउटा राम्रो अवसर हो।

पछिल्लो पटक नेपाल सरकारले २०७८ भदौ २५ गते गठन आदेश-२०७८ जारी गरी केशव निरौलाको अध्यक्षतामा राष्ट्रिय भूमि आयोग गठन गरेको छ। आयोगले ७७ जिल्लामै समिति गठन गरेको छ। स्थानीय (पालिका र वडा) तहमा सहजीकरण समितिहरू पनि गठन भएका छन्। स्थानीय तहको सक्रिय र मुख्य भूमिकामा भूमिहीनका समस्या समाधान गर्न खोजेको छ।

राष्ट्रिय भूमि आयोगले ६९४ स्थानीय तहसँग सम्झौता सम्पन्न गरिसकेको छ। लगत सङ्कलनमध्ये ८ लाख ३८ हजार १ सय ९ निवेदन फाइल कम्प्युटर प्रविष्टिकरण भइसकेको छ। २ हजार ४१ परिवार भूमिहीनले लालपुर्जा प्राप्त गरिसकेका छन्। बिचमा केही राजनीतिक उथलपुथल नआएमा अबको केही वर्षभित्र सबै भूमिहीनले लालपुर्जा पाउने र बसोबास सुरक्षित गर्न सक्ने राम्रो अवसर अहिले हामी सामू छ।

भूमिको पहुँच र स्वामित्वले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीलगायतको आर्थिक सवलीकरण र सामाजिक न्यायमा महत्वपूर्ण सहयोग पुग्छ। नेपालको संविधानको मौलिक हकको मर्म पनि यही हो। वर्षौंदेखि जमिनको स्वामित्वको पर्खाईमा बसेका भूमिहीन परिवारको लागि लालपुर्जा प्राप्त हुनु भनेको उनीहरुको बसोबास, खाद्य सुरक्षा र जीविका पनि सुरक्षित हुनु हो। भविष्यको चिन्ताबाट स्वतन्त्रता मिल्नु पनि हो।

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन गरी दफा ५२ ख. मा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र दफा ५२ ग. मा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने स्पष्ट उल्लेख गरिएको छ। यो बलियो कानुनी अधिकार हो। सुरक्षित घरबास र खेतीयोग्य जग्गा दर्ता माग गर्दै आएका भूमिहीनको लागि यो एउटा राम्रो अवसर हो। सरकारले अहिले अघि बढाएको यो जग्गा दर्ता अभियान सधैं चल्दैन। कानुनमै स्पष्टसँग भनिएको छ, एक पटकको लागि मात्र।

यसैले यो अभियान केही समय मात्र चल्ने छ। राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८, को दफा २७ (१) मा आयोगको कार्य अवधि तीन वर्षलाई तोकिएको छ। यस हिवासले आयोग गठन भएको डेढ वर्ष नाघिसक्यो। अब डेढ वर्ष मात्रै बाँकी छ। सबै भूमि अभियानर्कीहरू यो अभियानमा तिव्रताका साथ अघि बढ्न ढिला भइसक्यो।

यसर्थ, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र यसका तहगत सङ्गठनहरू (प्रदेश, जिल्ला, पालिका, वडा र  टोल/समुदाय मञ्च) यो अभियानमा क्रियाशील हुन जरुरी छ। मञ्चका अगुवा एवं अभियाकर्मीहरूले हिजोको जस्तै ऊर्जा निकालेर खट्नुपर्ने आवश्यकता छ। भूमिहीन एवं अव्यवस्थित बसोबासीको जग्गा दर्ता एवं व्यवस्थापनको काममा स्थानीय तहको बढी जिम्मेवारी भएकाले उनीहरूसँगै सहकार्य गरी अघि बढ्न पनि उत्तिकै जरुरी छ। अहिले स्थानीय तहमा जनप्रतिनिधिहरू छन्। कतिपय ठाउँमा त भूमिहीनकै प्रतिनिधित्व गर्नेहरू पनि जनप्रतिनिधि निर्वाचित भएका छन्। यो अवसरमा उनीहरूसँग राम्रो सहकार्य गरेर अघि बढ्दा भूमिको समस्या समाधानको लागि धेरै नै उपलब्धिमूलक काम गर्न सकिने अवसरहरू हामी सामू छन्। किनकी हामीले वर्षौंसम्म गरेको सङ्घर्षपूर्ण आन्दोलनको प्रभावले यो उपलब्धि आएको हो। प्राप्त उपलब्धिको रक्षा गर्ने र वर्षौंदेखि भूमि अधिकारको लागि सङ्घर्षगरी कुरीबसेका भूमिहीनलाई अधिकार दिलाउन सबै जुटौँ। ✿





जगत देउजा

# भूमिहीनता, अनौपचारिक भूस्वामित्व र भूमि आयोग



भूमिको पहुँच र स्वामित्वले भूमिहीन दलित, भूमिहीन सुकुमबासी, अव्यवस्थित बसोबासीलगायतको आर्थिक सवलीकरण र सामाजिक न्यायमा महत्वपूर्ण प्रभाव पार्दछ। यो खाना, आवास र स्वतन्त्रता जस्ता मौलिक अधिकार सुनिश्चितताको आधार पनि हो। भूइँ तहका नागरिकलाई लोकतन्त्रको अनुभूति गराउनुका साथै देशको समग्र उन्नतिका लागि पनि यो समस्याको सही ढङ्गले समाधान हुन आवश्यक छ।

संविधानको मौलिक हकअन्तर्गतको धारा ४० मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने उल्लेख छ। त्यस्तै, धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअन्तर्गत अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने नीति लिइएको छ।

यसैगरी धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गत मुक्त कमैया, कमलरी, हरवा चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने नीति लिइएको छ। संविधानको यो व्यवस्थाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान राज्यको अनिवार्य दायित्वकोरूपमा रहेको छ।

## समस्याको आकार

झट्ट सुन्दा अव्यवस्थित बसोबासी भनेका खोला, नहर छेउ, बाटोका सीमालगायतका जोखिम क्षेत्रमा अव्यवस्थित ढङ्गले बसोबास गरेका बिजुली, पानी आदिको अभाव खेपिरहेका परिवार हुन भन्ने बुझिन्छ। तर, भूमि सम्बन्धी ऐनमा अव्यवस्थित बसोबासी भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भएतापनि कम्तिमा दश वर्षदेखि आबाद् कमोत् गरी घर टहरा बनाई बसोबास गरेका व्यक्ति र उसको परिवारको सदस्यलाई सम्झनुपर्छ भनिएको छ। त्यसैगरी, भूमिहीन सुकुम्बासी भन्नाले, नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउने छ भनिएको छ।

भूमिहीन र अव्यवस्थित बसोबासीको सङ्ख्या पन्धौं योजना पत्रमा १३ लाख अनुमान गरिएको छ। विघटित भूमिसम्बन्धी समस्या समाधान आयोगले पनि बढी समस्या भएका २८ जिल्लाको अधिकांश स्थानीय तहमा लिएको लगतमा करिव १२ लाख फाराम भरिएका थिए। सबै स्थानीय तहको लगत लिँदा बढीमा यो सङ्ख्या १६ लाख पुग्ने र छानविन गरी अन्तिम सूची तयार पर्दा १३ देखि १४ लाखकै हाराहारीमा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सङ्ख्या हुने अनुमान गरिएको थियो। सङ्कलित लगतलाई विश्लेषण गर्दा २१ प्रतिशत भूमिहीन र बाँकी अव्यवस्थित बसोबासी देखिएको छ। यो समस्या समाधान नहुँदा त्यस्तो जग्गा सरकारी प्रणालीमा दर्ता नभएको र अनौपचारिक किनबेच भने भई नै रहने हुँदा जग्गाबाट प्राप्त हुने राजस्व, रजिष्ट्रेशन दस्तुर, मालपोत आदि सरकारले गुमाइरहेको छ।

भूमिहीन सुकुम्बासीको सङ्ख्या अव्यवस्थितभन्दा निकै नै कम देखिन्छ।

आफ्नो आर्जनबाट कतिपय भूमिहीनले घडेरी खरिद गर्ने क्रम बढेकाले यसो भएको हो । यसरी हेर्दा बढिमा ३ लाख परिवार भूमिहीन सुकुम्बासी हुन सक्ने अनुमान छ । यसमध्ये पनि आधाजसोलाई हाल बसिरहेकै स्थानमा जग्गा उपलब्ध गराउन सकिने र जोखिम क्षेत्रबाट स्थानान्तरण गर्नुपर्ने आदि कारणले करिव ढेड लाख परिवारलाई मात्र नयाँ जग्गा खोजी गरी उपलब्ध गराउनु पर्ने अनुमान छ ।

तराईका कतिपय स्थानीय तहमा ९० प्रतिशत परिवारहरू अव्यवस्थित बसोबासी रहेको अवस्था छ । यो समस्या हिमाल र पहाडभन्दा पछिल्लो समयमा बस्ती बसेको तराईको स्थानीय तहमा धेरै रहेको छ । परिवार सङ्ख्याको हिसावले भूमिहीनकोभन्दा अनौपचारीक बसोबासीको समस्या ठूलो भएपनि उनीहरूलाई कतैबाट खोजेर जग्गा उपलव्ध गराउनु पर्ने होइन । उनीहरूलाई निश्चित मूल्य लिएर निश्चित हदको क्षेत्रफलमा जग्गाको स्वामित्व उपलव्ध गराउने हो ।

### भूमि आयोगको गठन र जिम्मेवारी

भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ख. को उपदफा (६) मा आयोग गठन गर्न सकिने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम नै सरकारले २०७६ चैत ९ गते भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरेको थियो । ३ वर्ष समयावधि तोकिएको उक्त आयोग सरकार बदलिएसँगै २०७८ साउन १९ गते विघटन गरियो । हाल राष्ट्रिय भूमि आयोग गठन गरिएको छ । विघटित र हाल गठित आयोगको कार्यादेश भने उही हो । र यसका सबै कामहरू भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन र नियमहरू अठारौं र उन्नाईसौं संशोधनबाट निर्देशित छन् ।

आयोगको प्रमुख उद्देश्यमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको वास्तविक लगत तयार गरी अभिलेखीकरण गर्ने, आवासविहीन नागरिकका परिवारलाई भूमि उपलब्ध गराइ योजनाबद्ध, एकीकृत र सुरक्षित बस्ती निर्माणमा मद्दत गर्ने, कृषि कर्ममा सङ्लग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई कृषिका लागि जमिन उपलब्ध गराउने वा स्वामित्व कायम गर्ने जोखिम क्षेत्रलगायत कानुनले बस्न वा खेती गर्न नहुने भनी तोकेको स्थानमा बसोबास गरेका वास्तविक भूमिहीन परिवारलाई योजनाबद्ध ढङ्गले स्थानान्तरण गर्ने आदि रहेका छन् ।

**सङ्कलन गरिएको तथ्याङ्क कम्प्युटिकृत प्रणालीमा प्रविष्टीकरण गरी वडागत प्रतिवेदन तयार पारी सार्वजनिक सुनुवाईसमेत गरी वडा सहजीकरण समिति हुँदै वडा समितिको बैठकले गाउँपालिका वा नगरपालिकास्तरको सहजीकरण समिति समक्ष सिफारिस गर्नुपर्ने प्रबन्ध गरिएको छ ।**

समस्या समाधानको लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच सहकार्य र समन्वय गर्ने व्यवस्था छ । जग्गा उपलब्ध गराउँदा आवास र कृषि प्रयोजनका लागि फरक-फरक क्षेत्रफल तोकिएको छ । भूमिहीन सुकुम्बासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई मूल्य लिएर जग्गा उपलब्ध गराउने र यस्तो मूल्य पनि आर्थिक हैसियतअनुसार फरक हुने व्यवस्था गरिएको छ । जोखिम क्षेत्रमा रहेका, बाटो र खोलाको तोकिएको सीमाभित्र, सांस्कृतिक र सामरिक महत्वको क्षेत्रमा जग्गा उपलब्ध नगराउने र त्यस्ता ठाउँमा बसेका भूमिहीन सुकुम्बासीलाई पुनर्स्थापना गर्नुपर्ने व्यवस्था छ ।

आयोग, प्रदेश सरकार र स्थानीय तहको अधिकार क्षेत्रअनुसारको जिम्मेवारी बाँडफाँट गरिएको छ । सङ्घले आवश्यक कानुन, प्रक्रिया र विधिको विकास गर्ने, प्रदेशले आवश्यक सहजीकरण र स्थानीय तहले भूमिहीन र अव्यवस्थित बसोबासी र तिनले उपयोग गरिरहेको जग्गाको लगत तयारी र प्रमाणीकरणको कार्य गर्ने गरी जिम्मेवारी तोकिएको छ ।

उपरोक्त कानुनी प्रबन्धलाई आत्मसाथ गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलनको लागि सङ्कलकहरू बस्ती वा घरदैलोमा नै पठाउने गरी कार्यविधि तर्जुमा भएको छ । कतिपय स्थानीय तहको लगत सङ्कलनको कार्यमा जनप्रतिनिधिहरू पनि आफै पनि खटिएका थिए । यसरी सङ्कलन गरिएको लगत फाराम वडा अध्यक्षले सदर गरि वडा कार्यालयमा दर्ता गर्ने र निवेदन पेश भएको निस्सा उपलव्ध गराउनु पर्ने व्यवस्था छ । सङ्कलन गरिएको तथ्याङ्क कम्प्युटिकृत प्रणालीमा प्रविष्टीकरण गरी वडागत प्रतिवेदन तयार पारी सार्वजनिक सुनुवाईसमेत गरी वडा सहजीकरण समिति हुँदै वडा समितिको बैठकले गाउँपालिका वा नगरपालिकास्तरको सहजीकरण समिति समक्ष सिफारिस गर्नुपर्ने प्रबन्ध गरिएको छ ।

वडाबाट प्राप्त सिफारिससहितको प्रतिवेदनमा पुनः १५ दिने उजुरीको सूचना प्रकाशन गरी उजुरी आए आवश्यक सुनुवाई गरी सहजीकरण समितिमार्फत आएको प्रतिवेदन गाउँपालिका वा नगरपालिकाको बैठकबाट अनुमोदन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वेभसाईटमार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । निर्णय प्रक्रियामा कुनै एउटा दल विशेषको मात्र हावी नरहोस् र प्रश्न उठ्ने स्थिती नआओस् भन्नका लागि स्थानीय सहजीकरण समितिमा राष्ट्रिय मान्यता

प्राप्त राजनीतिक दलका प्रतिनिधिका साथै आवास, भूमि र कृषिका क्षेत्रमा काम गरिरहेका सङ्गठनका प्रतिनिधिसमेत रहने व्यवस्था गरिएको छ।

जग्गाधनी पुर्जा वितरण गर्नु अघि हरेक स्थानीय तहले आफ्नो स्थानीय तहको भूमिहीन दलित कति र ति को को हुन् ? भूमिहीन सुकुम्बासी कति र को को हुन् ? अव्यवस्थित बसोबासी कति र को को हुन् ? उनीहरूको हालको बसोबास र जोत-कमोतको अवस्था कस्तो छ ? जग्गाको उपभोगको स्थिती के कस्तो छ ? आदि विषयमा एकीन र सही विवरण लिएर सार्वजनीकरण गरेपछि मात्र जग्गाधनी प्रमाण पुर्जा उपलव्ध गराउने गरी कार्य नीतिहरू विकास गरिएका छन्।

प्रविधिको उपलव्धतालाई ध्यानमा राखी फारम भर्नेबाहेक अरु सबै कार्य जस्तो तथ्याङ्कको प्रविष्ट गराउने, विश्लेषण गर्ने, प्रतिवेदन तयार पार्ने, जग्गाधनी प्रमाण पुर्जा तयार पार्ने आदि भूमि प्रणालीमार्फत गर्ने गरी प्रबन्ध गरिएको थियो। स्थानीय तहमा कार्य गर्दा आउने विभिन्न सवालहरूलाई कानुन र नियमावलीको प्रतिकूल नहुने गरी सामाजिक न्यायको दृष्ट्रिकोणबाट सहजीकरण समितिको बैठक बसी निरूपण गर्ने अभ्यासलाई मान्यता दिइएको छ।

आयोगको कामको सिलसिलामा थुप्रै नीतिगत र व्यवस्थापकीय चुनौती देखा परेका थिए। भूमि आयोगले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सवाल बाहेकका स्ववासी, बिर्ता, वेनिस्सा, मोही, गुठी आदि समस्याको समाधान पनि खोजेका थिए। नागरिकता नभएका भूमिहीन सुकुम्बासीको लागि के गर्ने ? भएको जमिन घडेरीको लागिसमेत नपुग्ने परिवारलाई कसरी व्यवस्थापन गर्ने ? आदि प्रश्न बारम्बार उठेको थियो। अव्यवस्थित वसोवासीले बुझाउनु पर्ने जग्गाको मुल्य अव्यवस्थित बसोवासीले बुझाउन नसक्ने खालको भएको विषय पनि चर्को ढंगले उठिरहेको छ। बन कार्यालयको प्रतिनिधी जिल्ला समितिको सदस्य भएपनि अभिलेखमा बन क्षेत्र जनिएको र हाल बन क्षेत्र नभएको स्थानलाई जग्गा उपलव्ध गराउने कुरामा सकरात्मक बन्न सकेका छैनन्। फलस्वरुप कानुनमा नै भएको व्यवस्था कार्यान्वयनमा जटिलताहरु देखिएको छ।

## स्थानीय तहले गर्न सक्छन्

विभिन्न कारणले भूमिविहीन भएका वा लामो समयदेखि घरबास एवं जोतभोग गर्दै आएको जमिनको कानुनी स्वामित्व पाउन नसकेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या विभिन्न प्रयासका बावजुद पनि समाधान हुन सकेको छैन। यो समस्या समाधान हुने हो भने नेपालको गरिबी, विभेद र अन्याय कम गर्न र खाद्य अधिकार सुनिश्चित गर्नको लागि ठूलो मद्दत पुग्ने थियो। नोभेम्बरको अन्तिम साता नेपाल आएका चरम गरिबी तथा मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समीक्षक ओलिभर डि शटरले पनि नेपालको गरिबी घटाउने प्रयास गरिबीका संरचनागत कारणलाई सम्बोधन गर्नेभन्दा पनि रेमिट्यान्समा केन्द्रित भएको विश्लेषण गर्दै पूर्व कमैयाहरूको पुनर्स्थापनालाई तीव्रता दिने र भूमिहीनका लागि भूमि पुनर्वितरण गर्ने कुरा सुनिश्चित गराउने प्रयासलाई सार्थक तुल्याउन सुझाएका छन्।

**भूमि व्यवस्थासँग राजनीतिक, सामाजिक र आर्थिक पक्षहरू गाँसिएको हुन्छ। लामो समयदेखि भूमिसुधार हुन नसक्दा आवासविहीन र भूमिविहीनहरूमा ठूलो असन्तुष्टी छ। यही स्वामित्वको विषयले उत्पादन वृद्धिमासमेत नकरात्मक असर र प्रभाव परिरहेको छ।**

भूमि व्यवस्थासँग राजनीतिक, सामाजिक र आर्थिक पक्षहरू गाँसिएको हुन्छ। लामो समयदेखि भूमिसुधार हुन नसक्दा आवासविहीन र भूमिविहीनहरूमा ठूलो असन्तुष्टी छ। यही स्वामित्वको विषयले उत्पादन वृद्धिमासमेत नकरात्मक असर र प्रभाव परिरहेको छ। खासगरी तराईमा ठूलो सङ्ख्यामा दलित भूमिहीनहरू जोखिम स्थानका सरकारी जग्गामा झुप्रो मात्र हाल्न पुग्ने जमिन ओगटेर बसेका छन्। उनीहरू दशकौंदेखि जमिन र सोको जग्गाधनी दर्ता पुर्जा पाउने अपेक्षामा छन्। प्रत्येक चुनावको समयमा राजनीतिक दलले गरेको बाचाका कारण यो अपेक्षा मरेको छैन।

भूमिहीनता झट्ट हेर्दा एउटै समस्या लागे पनि कतिपय भेग विशेषको प्रकृति फरक छ। यी समस्याको समाधान एउटै हिसावले समाधान हुन सक्दैनन्। कानुनी दायराभित्र रही केही फरक तरिकाले यसको सम्बोधन गर्नुपर्ने हुन्छ। यसको लागि भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान स्थानीय सरकारको अगुवाईमा नै गर्दा सबभन्दा बढी प्रभावकारी हुन्छ।

स्थानीय सरकारले लिइएको विवरण कम्प्युटीकृत गर्ने र सोको आधारमा वर्गीकरण कार्य गर्नुपर्दछ। र सोको आधारमा सत्यापन गरी सोको सुनुवाई गर्नुपर्दछ। र यसका आधारमा गाउँपालिका वा नगरपालिका परिषद्बाट विवरण प्रमाणीकरण गरी वेभसाईटमा राख्ने प्रबन्ध गर्नुपर्दछ। लगत सङ्कलनसम्बन्धी कार्यविधिमा उल्लेख भएअनुसार यदी निस्सा वितरण गरेको छैन भने वितरण गर्ने र प्रविधिक जनशक्तिको प्रबन्ध गरी जग्गा नाप्ने कार्यलाई पनि निरन्तर गर्नुपर्दछ।

संविधानमा नै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि सङ्घ, प्रदेश र स्थानीय तीनवटै सरकारको साझा जिम्मेवारी र अधिकार भएको हुँदा यससम्बन्धी



महत्वपूर्ण निर्णय लिँदा तीनवटै पक्ष बसेर निर्णय लिनुपर्दछ। प्रदेश सरकारको यस प्रक्रियामा न्यून सहभागिता र भूमिका गठन आदेश नियमावलीमा देखिएको भएपनि प्रदेश सरकारको सम्बन्धित पक्षसँग बसेर प्रदेशअन्तर्गतको यस कार्यको संयोजन र सहजीकरणमा उसको भूमिका बढाइनु पर्दछ। र आवश्यक पर्दा गठन आदेश र नियमावली पनि संशोधन गर्नुपर्दछ।

यो काम स्थानीय तहले गर्न सक्छन्। सङ्घले ऐन र नियमहरूमार्फत एउटा खाका दिएको छ। सङ्घीय सरकार र प्रदेश सरकारले सघाउने र स्थानीय तहले लगत लिने, त्यसको जाँच गर्ने, नापी गर्ने र जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने कार्य पनि स्थानीय तहले गर्ने जिम्मेवारी पाएमा मात्र यो समस्याले निकास पाउने छ। हैन भने यो विषय ठूलो सङ्ख्याका परिवारसँग जोडिएका कारण हुने उच्च दलगत राजनीतिको मारमा परिरहने देखिन्छ। संविधानमा नै यो विषय तीन वटै तहको अधिकारको साझा सूचीमा रहेका कारण सङ्घले मात्र आफुखुसी गर्न मिल्ने विषय पनि होइन।

आयोगमार्फत नै समस्याको सम्बोधन गर्ने हो भने पनि समस्या समाधान नहुन्जेल आयोग विघटन नहुने तर, काम गर्न नसक्ने पदाधिकारीलाई फेर्न सकिने प्रकारको गठन आदेश बनाउनु उपयुक्त हुन्छ। र केही कारण काम रोकियो भने पनि मन्त्रालयले सोको जिम्मेवारी लिएर कामलाई नियमित गर्न सक्ने व्यवस्था हुन आवश्यक छ। पदाधिकारी फेर्न आयोग नै विघठन गर्न पर्ने खालको अहिलेको व्यवस्था कुनै पनि हिसावले उपयुक्त देखिँदैन।

अर्को महत्वपूर्ण पक्ष भनेको जग्गाको एकीन विवरण र नक्शाङ्कनको लागि कुन प्रविधि प्रयोग गर्ने भन्ने हो। प्रविधि नाप नक्साको उद्देश्यअनुरुप, कम खर्चिलो र छिटो छरितो हुनु पर्दछ। साथै यस्तो प्रविधि आवश्यकताअनुसार भविष्यमा सजिलै विस्तार, विकास र स्तरोन्नती हुन सक्ने हुनु पर्दछ। घना बस्ती, शहरी क्षेत्र, जग्गाको मूल्य र महत्व अत्यन्तै बढी भएको स्थानमा र खेती भइरहेको एवं घना बस्ती नभएको स्थानमा फरक फरक प्रविधि अपनाउन सकिन्छ। हालसम्म नाप नक्सा र दर्ता नभएका स्थानमा उद्देश्य सापेक्ष अवधारणामा आधारित भूउपग्रह चित्र, हवाइ फोटो वा ड्रोनबाट लिइएको इमेजबाट नक्साङ्कन गरी समुदायमा आधारित कित्ता पहिचान, नक्साङ्कन र अभिलेखन विधि अपनाउन सकिन्छ। टोटल स्टेशन विधिबाट मात्र गयो भने यो काम गर्न दशकौं लाग्न सक्ने भएकाले उद्देश्य सापेक्ष विधि अपनाउनुको विकल्प छैन।

नयाँ स्थानमा जमिन उपलव्ध गराउनु पर्ने भूमिहीन सुकुम्बासीको हकमा भूउपयोग योजनाका आधारमा बस्ती बसाल्नुपर्छ। स्थानीय सरकारले जीविकोपार्जनका कार्यक्रमलाई पनि जोडेर लैजानु पर्दछ। भूमिहीन कृषकलाई जमिन उपलब्ध गराउँदा उपलब्ध भएसम्म बढी दिने नीति लिनुपर्दछ। खेती नगर्नेलाई आवासको हक सुनिश्चित गर्ने हो। कृषि कर्म गर्नेलाई उसले अहिले उपयोग गरिरहेको वा त्यस क्षेत्रमा उपलव्ध जमिन दिँदा उत्पादन वृद्धि र बचत उत्पादन हुने प्रक्रियालाई पनि विचार गरेर जमिन उपलव्ध गराउनु पर्दछ। यसरी जग्गा उपलव्ध गराउँदा स्थानीय तहसँग सहकार्य गरी जोनिङ, भूउपयोग नक्शाङ्कन, एकीकृत बसोबास आदि विषयलाई पनि साथै जोडेर लैजानु पर्दछ। सम्भव भएसम्म विभिन्न सङ्घ

संस्थाहरूसँग सहकार्य गरेर सिँचाइ, कृषि सडक वा घर बनाउन सहयोग आदि पक्षहरू पनि जोडेर लान सक्नु पर्दछ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान जति ढिलो गर्दै गइन्छ। यो त्यति नै जटिल हुँदै जान्छ। समस्या झन् ठूलो र गहिरो भएर जान्छ। दशकौंदेखि थाती रहेको समस्या समाधान गर्न कम्तिमा ५ वर्षको स्थायी आयोग, लगत सङ्कलन, सत्यापन, प्रमाणीकरण, जग्गाको नाप नक्शा र जग्गाधनी पुर्जा वितरणसम्मको कामको जिम्मा स्थानीय तहलाई दिइनु पर्दछ।

के कति जग्गा कसलाई उपलव्ध गराउने भन्ने कानुनी प्रबन्धअन्तर्गत उनले काम गर्ने हुँदा उनीहरूलाई यो जिम्मेवारी दिँदा गर्न चाहने स्थानीय तहले समस्याको समाधान गरेरै छाड्छन्। खास-खास विषयमा एउटै मापदण्ड अपनाइए पनि स्थानीय परिवेशअनुसार कानुनी संरचनाभित्र रहेर असल उद्देश्यका लागि स्थानीय परिवेशअनुसार निर्णय लिन सबै लचिलो हुनुपर्दछ। साथै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी स्वयम्‌को जागरण, सङ्गठन, सचेतता पनि उत्तिकै जरुरी छ।

भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरू बसोबास गरेका कैंयन स्थानहरू बाटो, नहर, खोला छेउ आदिमा रहेको स्थिती छ। खासगरी नहर र खोला छेउमा रहेकाहरू सम्भावित विपद्‌को चपेटामा पर्ने देखिन्छ। भने सडक छेउमा बसेकाहरू सडक विस्तारको क्रममा जग्गा गुमाउन पर्ने जोखिममा छन्। यसो हुँदा प्रत्येक स्थानीयले आफ्नो तहको खोला, खोल्सी, बाटो आदिको मापदण्डअनुसार सीमा क्षेत्र निर्धारण गरी सोभन्दा बाहिर मात्र जग्गा उपलव्ध गराउनु पर्दछ। र नयाँ ठाउँमा जग्गा उपलव्ध गराउनु पर्ने अवस्थामा वा अति अस्थायी प्रकृतिको घर भएको ठाउँमा योजना गरेर व्यवस्थित घडेरीहरू, सामुदायिक जमिनसमेत छुट्याएर वितरण गर्नुपर्दछ। अर्थात जग्गा उपलव्ध गराउँदा जहाँजहाँ बसेका छन्। त्यहिँ उपलव्ध गराउनेभन्दा पनि योजना गरेर व्यवस्थित ढङ्गले उपलव्ध गराउनु पर्दछ।

भूमिसम्बन्धी नियमावलीमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई कति जग्गा दिने भन्ने स्पष्ट उल्लेख गरिएको छ। तर, धेरैजसो स्थानीय तहले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलव्ध गराउँदा हाल सम्बन्धित भूमिहीनले जोतभोग गरेको वा त्यस स्थानमा जग्गा उपलव्ध भएको अवस्थामा पनि बढीमा १ कठ्ठाभन्दा बढी जग्गा उपलव्ध गराउने सोच भएको देखिँदैन। र केही वितरण भएको स्थानमा पनि यदाकदा बाहेक १ कठ्ठाभन्दा कम नै जग्गा उपलव्ध गराईएको छ।

**के कति जग्गा कसलाई उपलव्ध गराउने भन्ने कानुनी प्रबन्धअन्तर्गत उनले काम गर्ने हुँदा उनीहरूलाई यो जिम्मेवारी दिँदा गर्न चाहने स्थानीय तहले समस्याको समाधान गरेरै छाड्छन्।**

अव्यवस्थित बसोबासीलाई केही रकम लिएर उपयोग गरेको जग्गा उपलव्ध गराउने तर भूमिहीनको हकमा उपयोग गरिरहेको भन्दा पनि थोरै जग्गा उपलव्ध गराउने कार्यले भूमिहीनको सूचीबाट लगत कट्टा भएपनि उनीहरूको जीवनमा ल्याउन खोजेको परिवर्तन नआउने हुँदा उपलव्ध भएसम्म फराकिलो सोंच राखेर प्रभाव सुनिश्चित गर्नेगरी नियमावलीले दिन मिल्ने हदसम्मको जग्गा उपलव्ध गराउनु पर्दछ।

अध्ययन गरिएका सबै स्थानीय तहले लगत सङ्कलन गरिएका सबै निवेदन एवं फारामहरूको प्रविष्टि गर्नु पूर्व र प्रविष्टि गरिसकेपछि सत्यापनको कार्य प्रभावकारी भएको छैन। सत्यापन भइसकेपछि पनि परिषद्‌बाट स्वीकृत गराउनुपर्ने प्रावधान पनि अधिकांशले पालना गरेका छैनन्। लाभान्वित समुदाय प्रमााणीकरण गर्ने र सोलाई सार्वजनिक गर्ने कार्य ज्यादै महत्वको कार्य हो। यो नगरी योजनाविहीन ढङ्गले जग्गाको वितरण गर्दा व्यवस्थापनमा समस्या आउन सक्छ। र प्रक्रियागत पनि त्रुटीपूर्ण हुन जान्छ। लाभान्वित समूहको सङ्ख्या थपिनै रहने चुनौती पनि आउन सक्छ। यस विषयमा विशेष सजग हुन आवश्यक छ।

फाराम भर्ने काममा अति सीमान्तहरू छुटेका छन्। केहीले कागजात पुऱ्याउन नसकेर पनि समस्या भइरहेको छ। यसो हुँदा सीमान्त परिवारहरू नछुटुन् भन्नाको लागि प्रत्येक स्थानीय तहमा निवेदन खुलेको समयमा सामाजिक परिचालकहरू परिचालन गर्न आवश्यक छ। र एक पटक देशभरीका छुटेका परिवारलाई एकैचोटी मौका दिन आवश्यक छ।

भूउपयोग क्षेत्र वर्गीकरण र जग्गा वितरणको कार्यलाई जोडेर लैजान आवश्यक छ। कृषि र आवासको जग्गा वितरण गर्दा भूउपयोग क्षेत्र वर्गिकरण भएपनि सहज हुन्छ। भइरहेको कामको अनुगमन, मूल्याङ्कन र समीक्षाको कार्यलाई अघि बढाउन आयोगले टिम नै बनाएर परिचालन गर्न आवश्यक छ। सार्वजनिक सूचनाहरू हाल समुदायका लागि प्रभावकारी छैनन्। सूचनाको उद्देश्य र थप प्रक्रियाहरूबारे जानकारी दिन या त कुनै कार्यक्रममा समुदायको भेला हुँदा वा घर-घरमा गएर घरपरिवारमा जानकारी दिनु प्रभावकारी हुनेछ।

सार्वजनिक सूचनाको बढ्दो चेतना र सूचनाको विषयवस्तुको बुझाइको लागि, समुदायका लागि प्रत्यक्षरूपमा हुने सूचना प्रवाह संयन्त्र आवश्यक देखिन्छ। घर-घरमा सूचना प्रवाहलाई धेरै जनशक्ति आवश्यक हुन सक्छ, यद्यपि थप जानकारी दिन र जागरूकता बढाउनको लागि समुदायका युवाहरूलाई वा स्थानीय संस्थाहरूमार्फत अभिमुखीकरण सन्देशहरू फैलाउने कार्य प्रभावकारी माध्यम हुन सक्छ।



पुनम कुइँकेल

# चिप्को आन्दोलनबाट सिक्नुपर्ने पाठहरू



## परिचय

जुन समाज शक्ति असन्तुलनबाट बनेको हुन्छ। त्यहाँ सधैं द्वन्द्वहरू हुन्छन्। जबजब राज्य, सरकार तथा जिम्मेवार सङ्घ संस्थाहरूले सामाजिक न्याय एवं प्रकृतिमुखी निर्णय गर्न चुक्छन्, तबतब आन्दोलनहरूको खाँचो हुन्छ। आन्दोलनको अर्थ विरोध गर्नुमात्र होइन। सामाजिक आन्दोलनहरू यी द्वन्द्वहरू व्यक्त गर्ने माध्यम पनि हो। आन्दोलनको अर्थ विकल्पसहितको हलचल पैदा गर्नु हो। साथै संरचनात्मक सन्तुलन सिर्जना गर्ने प्राथमिक आधारहरू मध्ये एक हो। आन्दोलनले तत्कालीन समस्यालाई पैरवी पनि गर्न सक्छ। साथै दीर्घकालीन समाधान केन्द्रित पनि हुन सक्छ।

सामाजिक आन्दोलनको धारणा सामाजिक विकास र प्रगतिको धारणाभन्दा फरक हुन्छ। यसले सबै मानवको न्यायको सवाल उठाइरहेको हुन्छ। यसले प्रकृतिको न्यायमा पैरवी गरिरहेको हुन्छ। विकास प्रगति आर्थिक उपलब्धिलाई मात्र मान्दैन। समग्र समुन्नति र सिङ्गो पृथ्वीको स्वास्थ्यलाई समेटेको हुन्छ।

हामीले कुरा गरिरहेको आन्दोलन पनि एक अहिंसात्मक सामाजिक आन्दोलन हो। यो न कुनै दल-हो, न कुनै सरकारी वा गैरसरकारी सङ्घ संस्थाहरूबाट नै परिचालित छ। यो निष्पक्ष, निष्कपट सरकार, राज्य, सम्बन्धित निकायहरूलाई समतामुखी लोकतान्त्रिक अभ्यास गर्न सचेत गराउँदै दबाबउन्मुख आन्दोलन हो। चिप्को आन्दोलन भारतमा सुरु भएर विश्वपरिवेशलाई ध्यानाकर्षण गर्न सफल बनेको छ।

वनजङ्गल र प्राकृतिक स्रोतसँग जोडिएको जीविका प्रणालीमा गरिएको आक्रमणको विरुद्ध गरिएको थियो यो आन्दोलन। राज्य र उच्चवर्गको आधुनिकीकरणको योजनाको विरोधमा गरिएको शक्ति प्रदर्शन थियो। विरोध र प्रतिरोधात्मक पहल थियो। महिलाहरूको अगुवाइको बेजोड दृष्टान्त थियो, यो आन्दोलन।

चिप्को आन्दोलन, रुखसँग टाँसिएर 'रुख बचाउ, रुख हाम्रो जीवन हो' भन्ने नारासहित गरिएको विरोध एवं प्रतिरोध थियो। यो लोकप्रियता एवं प्रभावकारी बन्न पुग्यो। चिप्को आन्दोलनले भारतमा दुई वटा इतिहास बोकेको छ। पहिलो, अठारौं शताब्दीमा राजस्थानको सानो गाँउ खेजडलीमा घटेको थियो। दोस्रो, सन् १९७४ मा भारतको उत्तराखण्डमा रहेको चमोली सहरस्थित रेणी गाँउमा।  दुई फरक समयमा घटेका उस्तै किसिमका घटनाले राज्यको नीतिमा ठूलो रूपान्तरण ल्याउन सफल भयो। ती दुई घटनालाई यहाँ प्रस्तुत गर्नुको उद्देश्य नेपालको भूमि-कृषिको परिवेशमा यसबाट के पाठ सिक्न सकिन्छ ? भन्ने पनि हो।

## पहिलो चिप्को आन्दोलनको इतिहास

### विश्नोई आन्दोलन र अमृतादेवी

भारतको राजस्थानस्थित जोधपुरमा एउटा सानो गाउँ खेजडली छ। उक्त गाउँमा विश्नोई समुदायका मानिसहरू बस्दथे। यो समुदायका मानिसहरू अत्यन्तै धार्मिक प्रकृतिका थिए। विशेषगरी प्रकृतिप्रति, परम आस्था र अहिंसाका पुजारी थिए। विश्नोई समुदायको २९ नियमहरू थिए, जुन निकै प्रख्यात मानिन्छ। ती नियमहरू प्रकृतिको संरक्षण र करुणा भाव (समानुभूति) सँग सम्बद्ध रहेको पाइन्छ।

घटना अठारौँ शताब्दीतिरको हो। एक समय खेजडली गाउँका राजा अभय सिंहले आफ्नो नयाँ दरबारको लागि फर्निचर बनाउन स्थानीय वनबाट रुख काटी ल्याउन सेनालाई आदेश दिए। राजाको आदेशअनुसार सैनिकहरू जङ्गल गए। सैनिकहरूले रुख काट्न लाग्दा स्थानीय समुदायले विरोध

गरे । तर, सैनिकहरूले मानेनन् । सैनिकहरूले नमानेपछि विश्नोई समुदायकी एक महिला अमृता देवी विश्नोईले रुखलाई अङ्गालेर हालेर बसिन् । काट्न दिइनन् । जबरजस्त ती सैनिकहरूले निर्ममताका साथ अमृतादेवीलाई रुखसँगै काटिदिए । दुःखद् घटना हुन पुग्यो । उनकी दुई छोरीहरू पनि आमालै झै रुखलाई अङ्गालो हालेर बसे र विरोधमा उत्रिए ।

तर, निर्मम सैनिकहरूले उनीहरूलाई पनि बाँकी राखेनन् । अति नै भएपछि सिङ्गो विश्नोई समुदाय विरोधमा उत्रिए । अमृता देवीले जस्तै सबैले रुखलाई अँगालो हालेर बसे । रुख काट्न नदिन कोशिश गरे ।

यस घटनामा करिव ३६३ विश्नोई समाजका व्यक्तिहरू रुखसँगसँगै मुढा बनेर जमिनमा ढले । घटना निर्मम भयो । गाउँमा स्तव्धता छायो । खबर राजासम्म पुग्यो । घटनाले राजा पनि स्तब्ध भए । र उनले विश्नोई समाजसँग माफी मागे । उनले विश्नोई समाज भएको ठाउँको एउटा रुख पनि काटिने छैन भनेर घोषणा गरे, जुन कुरा ताम्रपत्रमा लेखैरै राखियो । हाल ती क्षेत्रमा पर्यावरणीय न्यायको लागि काम गर्नेहरूलाई अमृता देवी पुरस्कार प्रदान गरिन्छ ।

## दोस्रो चिप्को आन्दोलन

सन् १९६३ मा चीन-भारत सीमा सङ्घर्ष समाप्त भएपछि उत्तर प्रदेशका तत्कालीन भारतीय राज्य सरकारले हिमाली क्षेत्रमा विकासको आवश्यकता महसुस गऱ्यो । कश्मिरदेखि अरुणाञ्चल प्रदेशसम्म सडक विस्तार गर्ने योजना बन्यो । सडक बनाउन प्रशस्तै जमिनको आवश्यकता पर्दथ्यो । पहाडी इलाकामा जङ्गल फडानी नगरी जमिन प्राप्ती सम्भव थिएन । सडक विस्तार क्रममा सन् १९७२ सम्म पुग्दा रुखहरू मासिने क्रम चरम अवस्थामा पुगिसकेको थियो । अर्कोतर्फ चीन-भारत सङ्घर्षको दौरान बनाइएको यो सडक निर्माणले हिमाञ्चल प्रदेशका रमणीय क्षेत्रप्रति स्वदेशी तथा विदेशी लगानी कम्पनीहरूको ध्यान आकर्षण हुन थाल्यो । उनीहरू यहाँ घना जङ्गलका रुखहरू प्रयोग गरेर विभिन्न वस्तुहरू उत्पादन गर्न चाहान्थे । अवस्था भयावह बन्दै गएपछि सन् १९७३ मा स्थानीय सुन्दरलाल बहुगुणा र चंडीप्रसाद भट्टको अगुवाइमा यी कार्यहरूको विरोध सुरु भयो ।

त्यहाँका मानिसहरूको दैनिकी त्यहिँ जङ्गलमा जोडिएको थियो । तर, तत्कालीन सरकारी नीतिले स्थानीय बासिन्दाहरूलाई जङ्गल छिर्न प्रतिबन्ध लगाइदिएको थियो । समस्या बढ्दै गएपछि स्थानीय महिलाहरू पनि विरोधमा उत्रिए ।

व्यापारिक प्रयोजनका लागि राज्यकै सङ्लग्नतामा गलत तरिकाबाट जङ्गल फडानी हुनु गलत थियो । जथाभावीरूपमा वन कटानी र स्थानीयहरूलाई प्रवेश निषेध गर्दा उनीहरूको जीविकोपार्जनमा नै असर पर्न थायो । एकातिर पानीका मुहानहरू घट्न थाले भने अर्कोतिर बाढीको प्रकोप बढ्न थाल्यो ।

जतिजति स्थानीय वनजङ्गल स्रोतमाथि स्थानीयहरूको अधिकार खोसिदै गयो त्यति त्यति उनीहरूको असन्तुष्टी बढ्न थाल्यो । पुरुषहरू कामको खोजीमा पलायन हुने क्रम् पनि बढ्दै थियो । महिलाहरूको जीवन अझ कष्टकर हुन थाल्यो । घरभित्र र बाहिरको दोहोरो जिम्मेवारीको असर उनीहरूको स्वास्थ्यमा पनि देखिन थाल्यो । अर्कोतिर प्राकृतिक प्रकोपको बढ्दो कठिनाइले स्थानीय जनमानसमा वन संरक्षणप्रति ' पर्यावरणीय जागरुकता' झन्झन् बढ्दै गयो ।

सन् १९७० मा अलकनन्दा नदीमा आएको विनाशकारी बाढीले ठूलो नोक्सान गऱ्यो । पहिरोले नदी छेकेपछि बद्रिनाथ नजिक हनुमानचट्टीदेखि करिव ३२० कि.मी. तल हरिद्वारसम्मको क्षेत्र प्रभावित हुन पुग्यो । बाढीले थुप्रै गाउँहरू, पुल, सडकहरू बगे । झण्डै २ सयभन्दा बढीको ज्यान गयो । यस घटनासँग परिचित ती बासिन्दाहरू सचेतरूपमा नै जङ्गल बचाउ आन्दोलनमा उत्रिए । ठाउँठाउँमा महिला मङ्गल दलहरू बनाउने अभियान चल्यो । त्यसैगरी रेणी गाउँमा पनि महिला मङ्गल दल बन्यो । गौरादेवी यस दलकी अध्यक्ष थिइन् ।

## चिप्को आन्दोलन र गौरादेवी

सन् १९७४ मा भारतको उत्तराखण्डको चमोली जिल्ला टेहरी गढवाल क्षेत्रस्थित रेणी जङ्गलको २ हजार ४ सय ५१ रूखहरू वन विभाग र ठेकेदारहरूको मिलेर काट्ने योजना बनाएका थिए । यस निर्णयले निम्त्याएको घटना अकल्पनीय थियो, राज्य र ठेकेदारहरूका लागि । गाउँका जीवनलाई सहज कसरी बनाउने ? बेरोजगारी कसरी हटाउने ? भन्दा पनि प्राकृतिक सम्पदा मासेर सडक फराकिलो बनाउने, उच्च वर्गका विलासिताका वस्तुहरू निर्माण गर्ने जस्ता विचारले गाउँ पसेका ठेकेदारहरूको सपनालाई चकनाचुर पारेको सफलताको गाथा हो त्यो घटना ।

घटनाको मुख्य पात्र गौरादेवी, एक साहसी महिला हुन् । उनी अभियन्ता एवं ' चिप्को आन्दोलनकी आमा (Mother of Chipko Movement)' को रूपमा विश्व परिचित छिन् । उक्त आन्दोलनमा गौरादेवीको नेतृत्वमा स्थानीय महिला, वृद्ध पुरुषहरू एवं बालबालिकाहरूले रूखलाई अँगालेर ठेकेदार हरूलाई रुख काट्नबाट रोकेका थिए । यसरी रुखको रक्षात्मक विरोधका निम्ति रुखसँग टाँसिने वा अँगालो मारेको कारणले नै यस आन्दोलनको नाम 'चिप्को आन्दोलन' रहन गएको हो । महिला ऐक्यवद्धता, महिला शक्ति र सचेतनाको एक ज्वलन्त उदाहरणकोरूपमा पनि यसलाई हेर्न सकिन्छ ।

आजसम्म पनि कतिपय समाजमा महिलाहरूलाई पुरुष समान सम्मान दिइदैंन । महिलालाई घरेलु कामबाहेक जिम्मेवारी वहनकर्ताकोरूपमा पत्याइँदैनन् । अझ विशेषगरी गाउँघरमा खाना पकाउने, बच्चा हुर्काउने, जङ्गल गएर घाँस दाउरा ल्याउने, गाईवस्तु चराउने काम महिलाको भागमा परेको हुन्छ । कतिपय महिलाहरूले त्यही जङ्गल, नदी छेउ बसेर आफ्ना दुःख सुखका कुरा पोख्ने गर्छन् । ती अभिव्यक्तिहरू कहिले शब्दमा नै त कहिले गीतको भाकामा व्यक्त भइरहेका हुन्छन् । सायद यही कारणले पनि महिलाहरूको जङ्गलसँग नजिकको नाता बन्न गयो । गौरादेवीले त्यसैले त 'जङ्गल हाम्रो माइती हो' भनेकी होलिन् ।

उक्त घटना हुने दिन रेणीका पुरुषहरूलाई चमोलीमा क्षतिपूर्ति दिने भनेर बोलाइएको थियो । ताकी समुदायमा महिला, वृद्ध-वृद्धा र बालबालिका मात्र बाँकी रहुन् । जसले गर्दा ठेकेदारहरूलाई वन फँडानी गर्न सजिलो हुन्थ्यो । तर, उनीहरूले जसलाई कमजोर सम्झेका थिए । उही महिलाहरूको शक्तिका कारण योजना विफल भयो । ठेकेदारहरू

मात्र हैन त्यतिबेलाको सरकारलाई पनि ध्यान आकर्षण गऱ्यो । तत्कालिन महिला प्रधानमन्त्री इन्दिरा गान्धीले पन्ध्र वर्षसम्म त्यहाँको जङ्गल कटान गर्न प्रतिबन्ध लगाइन् ।

घाम, वर्षा, जाडो, गर्मी हरेक मौसममा जङ्गलसँग नजिकिएका यी महिलाहरूले फरक-फरक मौसममा जङ्गललाई पर्न जाने असर नजिकबाट देखेका र भोगेका थिए । वन, जमिन र पानीको सम्बन्धलाई ग्रामीण महिलाहरूले अझ राम्रोसँग बुझेका हुन्छन् भन्ने कुराको पनि एक उदाहरण हो यो ‘ चिप्को आन्दोलन’ । यो लडाँइ केवल जङ्गलबाट घाँस, दाउरा, खानासँग मात्र सम्बन्धित थिएन । यो विद्रोह, जङ्गल विनाशले निम्त्याउने प्राकृतिक प्रकोपको विरुद्ध पनि थियो । वन, जमिन र पानीको समग्रताप्रतिको चासो थियो ।  प्रकृतिको दोहनबाट प्रत्यक्ष उत्पीडनमा पर्नेहरूको आवाज थियो र शक्ति प्रदर्शन थियो ।

### यसबाट के सिक्ने ?

नेपालमा जारी भूमि-कृषिको आन्दोलन पनि एक सामाजिक आन्दोलन नै हो । ‘जसको सवाल उसैको अगुवाई’ नारासहित सुरु भएको यो आन्दोलनले जमिनमाथिको हक स्थापना गर्न सङ्घर्षरत छ । अब जरुरी भएको छ, सिर्जनात्मक पहलको । भूमि हक प्राप्ती एक साधन हो, साध्य होइन । किसानको नाता भूमिसँग छ । किसानको जीवन कृषिसँग गाँसिएको छ । यसर्थ भूमि प्राप्तीको सङ्घर्ष सँगसँगै कृषिरुपी सिर्जनात्मक पहल अबको आन्दोलनको सचेत यात्रा बन्नुपर्छ ।

विश्वलाई आफ्नो नियन्त्रणमा लिन मौलाउँदै गरेको पुँजीवादले आफ्नो लोभी नजर कृषिमा गाड्न थालेको छ । त्यो लोभी नजरको नाम हो ‘कर्पोरेट खेती’ । यस ‘ कर्पोरेट खेती’ ले विस्तारै किसानको जमिनमाथि कब्जा जमाउँदै खेतीका वास्तविक किसानहरूलाई कृषि मजदुर बनाउने दाउमा छ । त्यसैले जमिनमाथिको हाम्रो हकको आन्दोलन त सक्रिय छ । साथै किसानको मौलिक हक संरक्षणका निम्ति अर्को आन्दोलनलाई उठाउनपर्ने आवश्यकता भएको छ । यस अवस्थामा विश्वमा भइरहेका विभिन्न सामाजिक आन्दोलनहरूबाट हामीले सिक्दै, हाम्रो परिवेशमा कस्तो पहल ? भन्नेबारे सचेत, सजग एवं पहल गर्नुपर्ने समय आइसकेको छ ।

भारतको यस चिप्को आन्दोलनले केवल जङ्गल बचाउन मात्र आन्दोलन गरेको होइन । उक्त आन्दोलन स्थानीय वस्तीहरूको अधिकारको आन्दोलन थियो । महिला सशक्तिकरणको थियो । पर्यावरणीय सङ्कट

**विश्वलाई आफ्नो नियन्त्रणमा लिन मौलाउँदै गरेको पुँजीवादले आफ्नो लोभी नजर कृषिमा गाड्न थालेको छ । त्यो लोभी नजरको नाम हो ‘ कर्पोरेट खेती’ । यस ‘ कर्पोरेट खेती’ ले विस्तारै किसानको जमिनमाथि कब्जा जमाउँदै खेतीका वास्तविक किसानहरूलाई कृषि मजदुर बनाउने दाउमा छ ।**

विरुद्ध पनि थियो । यस आन्दोलनका केही प्रमुख पक्षहरूलाई भूमि-कृषि अभियानसँग जोडेर हेर्दा-यो आन्दोलन सङ्घर्षको बाटो हुँदै सिर्जनात्मक पहलमा रूपान्तरण भयो ।

राज्यबाट जङ्गल कटानमा प्रतिबन्ध लगाएपछि ग्रामीणबासीहरू चुप लागेर बसेनन् । उनीहरूले चिप्को आन्दोलनलाई जनजागरण अभियानकैरूपमा भारतका अन्य स्थानहरूमा पनि फैलाए । साथै आ-आफ्नो वस्ती नजिक दैनिक आवश्यकता पूर्तीका लागि ग्रामवन सिर्जना गरे । हामीले पनि भूमि-कृषिमा हिजो जमिनको स्वामित्वका सङ्घर्षका लागि सुरु गरेको आन्दोलनले राज्यको ध्यानाकर्षण गर्न सफल भइसकेको र केही हदसम्म हक प्राप्ती भएको अवस्था छ । तर, यस आन्दोलन सँगसँगै समुन्नत जीवनका लागि कृषिमा किसानको हक स्थापना गर्न ‘ किसानी बाटोलाई अभियानकोरूपमा अगाडि बढाउन सचेत रूपमा जागरुक हुनु जरुरी छ ।

जबसम्म प्राकृतिक स्रोतहरूको नियन्त्रण प्रकृतिभन्दा टाढा बस्नेहरूको हातमा रहन्छ, प्रकृति कहिल्यै सुरक्षित हुँदैन । किनकि प्राकृतिक विनाशसँग परिचित नभएकाहरूले त्यसको पीडा बुझ्न सक्दैनन् । प्रकृति दोहनबाट अल्पकालिन फाइदा हेर्ने यी स्वार्थी वर्गका अगाडि वनमा निर्भर स्थानीय न्यायको शक्ति ठूलो हुन्छ । त्यसैले त सामाजिक आन्दोलनहरू सामूहिक स्वार्थ पूर्तिका लागि गरिन्छ । फेरिपनि किसान मजदुर ? बन्ने कि मालिक ? ‘कर्पोरेट खेतीलाई स्वागत गर्ने कि ‘किसानी बाटो’ लाई स्थापित गर्ने ?

काममा लैङ्गिक विभाजन र पुरुषहरूको कामका लागि बसाइँ-सराइँले महिलामा अतिरिक्त जिम्मेवारी थपिएको थियो । जसले गर्दा महिलाहरू जङ्गलसँग अझ नजिकिए । साधारण घरजममा रमाएका जस्तो देखिएतापनि ती महिलाहरूले वातावरण, भू-स्खलन, माटोको स्थीरता एवं वर्षाको लागि वनको अनिवार्यतालाई अझ गहिरोसँग बुझेका रहेछन् भन्ने प्रमाण यो आन्दोलन बन्यो । प्रकृति र मानव जीवनको सम्बन्ध राम्ररी बुझेका महिलाहरूको शाहसबाट जन्मेको यो आन्दोलन ‘पर्यावरणमुखी महिला आन्दोलन’ को रूपमा स्थापित हुनपुग्यो । साथै प्रकृति जोगाउने आन्दोलनमात्र महिलामैत्री हुन्छ भन्ने ठहर पनि भयो । यसबाट केवल औपचारिक शिक्षाले मात्र ज्ञान बढ्ने होइन रहेछ । अनुभवबाट गरिएको ज्ञान निर्माण पनि उत्तिकै प्रभावकारी हुनसक्छ भन्ने कुरा स्थापित भएको छ ।

समुदायका मानिसहरूले आफ्नो जीविकोपार्जनका निम्ति राज्यसँग वनको सदुपयोग गर्ने अनुमति मागेका थिए । तर राज्यले त्यसलाई अस्वीकार गर्यो । पछि ठेकेदारहरूलाई व्यवसायिक प्रयोजनका

लागि ठेक्का दिइएको थियो । स्थानीय वासिन्दाहरूले प्रतिरोधकोरूपमा सुरु गरेको पाइला आन्दोलनमा परिणत भयो । यसरी चमोलीमा एउटा घटना घट्यो । तर यसले थुप्रै आन्दोलनहरू जन्मायो र वास्तविकतामा नै समाज रूपान्तरणको आन्दोलन बन्यो । भारतमा मात्र नभएर स्विट्जरल्याण्ड, फ्रान्स, मेक्सिको, डेनमार्क जस्ता देशहरूलाई प्रभाव पार्यो । साथै आज खाद्य सम्प्रभूता, बीउ बचाउ, अर्गानिक कृषिका सवालहरू पनि चर्कोरूपमा विश्वभरि उठिरहेका छन् ।

चिप्को आन्दोलन स्थानीय हितको रक्षा गर्ने क्षेत्रमध्ये एक प्रशंसनीय माध्यम बन्यो । सामाजिक न्यायका आन्दोलन प्रभावकारी बनाउन समाज सजग र सचेत भएमा सरकार पनि बाध्य हुँदो रहेछ । नीति नियम पनि फेरिँदो रहेछ । नेपालको सन्दर्भमा मुक्त कमैया, मोहियानी हक, बिर्ता उन्मूलन आदि आन्दोलनहरूबाट हासिल भएका सवल पक्षहरू नै हुन् ।

आफ्नो जिउनु-बाँच्नुसँग सम्बन्धित सवालहरूमा समुदायहरूले जब आफैं निर्णय लिन्छन् । आफ्नो हकहितका लागि अहिंसात्मक तरिकाबाट आन्दोलनमा उत्रिन्छन् । त्यो सर्वमान्य बन्दै जान्छ । अरुको लागि प्रेरणाको स्रोत बन्दै जान्छ । यो न्यायप्रति सचेत बन्दै जाने क्रम हो । न्यायमा चासो राख्ने र न्यायका लागि पहल गर्नेहरूलाई स्रोतहरूको जोरजामको तारतम्य पनि मिल्दै जान्छ । सम्यक् जीवनसँग जोडिएका पहलहरूलाई विज्ञहरू, न्यायको हकमा आवाज उठाउनेहरूले साथ दिने रहेछन् । मिडियाहरूले समेत घटना विवरण संप्रेषण गरी सत्कर्मलाई बृहत् जनमानससम्म पुऱ्याउँछन् । जसको फलस्वरुप स्रोतका ढोका पनि खुल्दै जाने प्रमाण यस चिप्को आन्दोलनमा देख्न सकिन्छ ।

खासै औपचारिक शिक्षा हासिल नगरेका महिलाहरूको स्वपरिचालनबाट अगाडि बढेको आन्दोलनलाई सुन्दरलाल बहुगुणा, डा. वन्दना शिवा जस्ता हस्तीहरूले देशविदेशसम्म जनचेतना फैलाउनका लागि अभियानकोरूपमा निरन्तरता दिँदै आएका छन् ।

पर्यावरणीय सजगता र सचेतना विकसित देशका मानिसहरूको मात्र गतिविधि नभएर ग्रामीण जीवनसँग प्रत्यक्ष जोडिएको कुरालाई यस आन्दोलनले सिकाएको छ । जब प्राकृतिक प्रकोप आउँछ त्यसले पहिला स्थानीय बस्तीमा असर पुऱ्याउँछ । आफ्नो लडाँइ आफैं लड्नुपर्छ । आफ्नो बाटो आफैं कोर्नुपर्छ । अवरोधलाई भत्काउने, फुटाउने हो । यदि त्यो गर्न सकिँदैन भने नयाँ बाटो बनाउने हो । कसैले भनेर हैन स्वपरिचालित भएका यी महिलाहरूले स्वायत्तताको अपरिहार्यतालाई अझ मजबुतीका साथ अघि सारेका छन् ।

**चिप्को आन्दोलन स्थानीय हितको रक्षा गर्ने क्षेत्रमध्ये एक प्रशंसनीय माध्यम बन्यो । सामाजिक न्यायका आन्दोलन प्रभावकारी बनाउन समाज सजग र सचेत भएमा सरकार पनि बाध्य हुँदो रहेछ ।**

झट्ट हेर्दा राज्यको विकास नीति विरुद्ध गरिएको आन्दोलन जस्तो देखिन्छ । तर, विकासको विरुद्ध थिएनन्, यी आन्दोलनकारीहरू । स्थानीय समुदायलाई नसमेटिकन नै राज्य र उच्च वर्गको आधुनिकीकरणको विकासका पूर्वाधार निर्माण योजनाको विरोध गरेका थिए । विकासलाई यदि सङ्कुचित अर्थमा बुझ्दा खेरी स्थानीय परिवेश, जनजीवनको उत्थानसँग जोडिएको हुनुपर्छ र व्यापक अर्थमा लिँदाखेरी सिङ्गो पृथ्वी रमाएको हुनुपर्छ । तर निश्चित वर्ग, जाति, क्षेत्रको स्वार्थमा केन्द्रित विकास भने विकास नभएर कुविकास भन्दा उचित हुन्छ होला।

चिप्को आन्दोलनले देखाएको महिला मुक्ति भनेको संसारमा प्रभुत्व जमाउने पितृसत्तात्मक समाजको उत्पीडनबाट मुक्ति मात्र थिएन । प्रकृति हाम्रो माता हो । र, जुन आन्दोलनले प्रकृतिको संरक्षण निम्ति आवाज उठाउँछ त्यो महिला आन्दोलन हो । तत्कालिन शक्तिको वर्चस्व र त्यसले निम्त्याएको तर्कविहिन शोषण 'आधुनिक औपनिवेश (Modern Colonisation)' मा परेका सबै महिला पुरुषको मुक्ति हो भन्ने बुझाउँछ । पुँजीद्वारा प्रकृतिमाथिको उत्पीडन विरुद्धको यस आन्दोलन आज विश्वका लागि वातावरणीय प्रतिमा बन्न पुगेको छ ।

जसले 'पर्यावरणमुखी महिला आन्दोलन (Eco-Feminism)' लाई 'इगच षिखभक दभायचभ यगच तचभभक' भन्ने बलियो सन्देशसहित प्रेरित गरेको छ । मृत्यु शाश्वत छ तर, जीवनको मूल्य त्यस सत्यभन्दा धेरै गुणा बढी हुन्छ । त्यसैले जिवित जङ्गलले जति मानिसलाई समुन्नत बनाउन सक्छ, त्यति शक्ति ढलेको मुढाले कहाँ सक्छ र ?

चिप्को आन्दोलनको कुरा गर्दा धेरै महिला पुरुषहरूको योगदानको वृत्तान्त सुन्न र पढ्न पाइन्छ । तर यस लेखमा दुई अभियन्ता एवं अगुवाहरू सुन्दरलाल बहुगुणा र डा. बन्दना शिवा बारे संक्षिप्तमा प्रस्तुत गरिएको छ ।

## पर्यावरणविद् सुन्दरलाल बहुगुणा

चिप्को आन्दोलनको प्रणेता, 'वृक्षमित्र' सम्मानबाट विश्व परिचित, 'पर्यावरणको गान्धी', पद्म विभूषणबाट सम्मानित सुन्दरलाल बहुगुणा साँच्चै नै नामअनुसारको काम र कामअनुसारको पहिचान स्थापित गरेका व्यक्तित्व हुन् । सन् १९७३ तिर भारतमा कश्मिरदेखि अरुणाचल प्रदेशसम्म सडक विस्तारले निम्त्याएको असरको विरोधमा गरिएको आन्दोलनको अग्रणी भूमिकामा सुन्दरलाल बहुगुणा थिए ।

सुन्दरलाल, आफ्नो व्यक्तित्वका कारण सहजै राजनीतिमा स्थान बनाउन सक्ने अगुवा थिए । तर, सन् १९५६ बाट उनको जीवनमा परिवर्तन आयो । सामाजिक कार्यमा सक्रिय परिवारकी विमला नौटियालसँग उनको विवाह भयो । त्यो समयमा विमला नौटियाल महात्मा गान्धीको सहयोगी सरला बहुनसँग काम गर्थिन् । उनले विवाह पहिले एक शर्त राखिन्, विवाहपछि राजनीति छाडेर

सामाजिक क्षेत्रमा सक्रिय हुनुपर्छ। विवाह परिवारबीच सहमतिमा भएपनि सुन्दरलालले पत्नि विमलाको प्रस्ताव स्वीकार गरे र राजनीति छाडेर सामाजिक कार्यमा जुटे।

यसको पाठ हो, राजनीतिक दलहरूलाई जिम्मेवार बनाउँनु छ भने दलको सदस्यमाभन्दा सामाजिक आन्दोलनमा शक्ति हुन्छ। चिप्को आन्दोलनबाहेक महिलाको उत्थान, शिक्षा, दलित अधिकार, मदिरा निषेधलगायतका धेरै आन्दोलनमा सुन्दरलाल र विमला मिलेर योगदान गरेका छन्।

सुन्दरलाल एक सामाजिक कार्यकर्ता र सङ्गठनकर्ता त थिए नै, त्यसबाहेक अर्को एक विशेषता पनि उनमा थियो। आफ्नो परिवेशमा भइरहेका परिवर्तनबारे लेख्ने गर्थे। दैनिक हिन्दुस्तानमा उनको लेखहरू प्रकाशन हुन्थ्यो। जसरी हुन्छ, बाचुन्जेल मानिसलाई जागरुक बनाउने काममा उनी सक्रिय भए। उनको यो यात्रामा श्रीमती विमलाको साथ र सहयोग धेरै रह्यो। दुःखद् पक्ष, सुन्दरलालको २१ मे २०२१ मा कोभिडको कारण ९४ वर्षको उमेरमा दुःखद् निधन हुन पुग्यो।

## डा. वन्दना शिवा

भारतीय वैज्ञानिक, डा. वन्दना शिवा महिला पर्यावरणविद् एवं सामाजिक आन्दोलनकी अगुवा हुन्। उनले 'चिप्को आन्दोलन' लाई आन्दोलनहरूको जननी नाम दिएकी छिन्। भूमण्डलीय लोकतन्त्र (Earth Democracy) को पनि डा. वन्दना शिवाले पैरवी गरेकी छिन्। पर्यावरण, कृषि र पर्यावरणको सम्बन्ध, माटोको सुस्वास्थ्यका निम्ति रैथाने बीउहरूको महत्व र आवश्यकता जस्ता धेरै विषयहरूमा उनका किताव प्रकाशित छन्।

भूमण्डलीय लोकतन्त्रको सन्दर्भमा डा. शिवाको भन्छिन् :

पृथ्वी दुई खुट्टा, चार खुट्टालगायत खुट्टै नभएकाहरूको बासस्थान हो।

लोकतन्त्र भनेको पाँच-पाँच वर्षमा चुनाव गरेर, भोट हालेर प्राप्त हुने होइन। यो त सबैको दैनिक जीवनसँग जोडिएको हुन्छ। अधिकारसँग जोडिएको हुन्छ।

पृथ्वीको चक्रलाई यिनै दुई खुट्टा, चार खुट्टा र खुट्टै नभएकाहरूले नै धानिरहेका छन्। यी विविधताबीचको सहिष्णुताले नै पृथ्वीको अस्तित्व छ। हाम्रा संस्कृतिहरूसमेत भौगोलिक विविधताकै उपज हुन्। साथै यी विविधताको एकात्मकताले विश्व समुदाय निर्माण गरेको छ। यी विविध पहिचानहरूलाई सकारात्मक ढङ्गबाट स्थापित गर्नुनै लोकतान्त्रिक पहल हो।

'पोइजन्स इन आवर फुडः लिंक्स बिट्विन पेष्टिसाइड्स एण्ड डिजिज' बारे वन्दनासँगै डा. मीरा शिवा र डा. वैभव सिंहको संयुक्त लेखनी रहेको पुस्तकमा भारतका साथै दक्षिण एशियाका अधिकांश किसान जथाभावी विषादी प्रयोगको सिकार भइरहेको निष्कर्ष निकालिएको छ। भारतमा विभिन्न ठाउँमा गरिएका अनुसन्धानअनुसार विषादीले क्यान्सर, बाँझोपन, गर्भपतन, अपाङ्गता, मिर्गौला रोगजस्ता थुप्रै समस्या निम्त्याएको छ। युरोप र अमेरिकामा बन्देज लगाइएका विषादी भारतलगायतका मुलुकमा प्रयोग भइरहेका र यसले अहिलेको र भावी पुस्तालाई कसरी रोगी बनाइरहेको छ भन्नेबारे विस्तारमा उल्लेख छ।

खेतको विषादीले नदी, खोला, तलाउ हुँदै पानीमा रहेका जीव र त्यो पानी प्रयोग गर्ने समुदायलाई समेत सताइरहेको छ। वि.सं. २०७३, पुस २० मा सञ्चार माध्यममा छापिएको समाचारलाई आधार मान्दाखेरी नेपालमा वर्षमा ५ लाख ७ हजार किलो विषादी प्रयोग हुँदो रहेछ। तरकारी, खाद्यन्न बाली फलफूलमा जथाभावी भइरहेको विषादी प्रयोगले स्वास्थ्यमा के कस्तो हानी गर्छ भन्नेबारे किसानमा अन्योल पाइयो।

जस्तो कि, पत्रकारसँगको कुराकानीमा एकजना किसान महिलाले 'आफ्ना लागि छुट्ट्याइएको तरकारीमा विषादी नहाल्ने तर बेच्नका लागि छुट्ट्याइएकोमा भने हाल्ने' बताइन्। तर, पैसाका लागि अरुको स्वास्थ्यको वास्ता नगर्ने ती बिचरीलाई एउटै बारीमा एकातिर विषादी हाल्दा त्यसको माटो उनको बारीमा पनि जान्छ भन्ने सामान्य ज्ञानकोसमेत अभाव देखियो। सरकारले करोडौं रकम खर्चेर बेलाबेलामा गरिने कृषिसम्बन्धी अन्तर्राष्ट्रिय सभा सम्मेलनबाट ती किसानलाई यति सानो तर महत्वपूर्ण जानकारी दिन सकेनछ। अर्थात् जसको लागि कुरा गरिन्छ, तिनको उपस्थिति नै गराइदैंन।

विषादीले यतिविघ्न हानी पुऱ्याउँदा पुऱ्याउँदै पनि सरकारले किन नियन्त्रण गर्दैन ? प्रश्न स्वाभाविक छ। तर, उत्तर भने कठिन छ। डा. वन्दना शिवाको भनाइमा, विषादीका व्यापारी यति बलिया छन् कि सरकार उनीहरूलाई केही गर्न सक्दैन, उनीहरूसँग बलियो शक्ति छ, यसको मतलव उनीहरूबीच मिलमतो छ।

आधुनिक जीवनशैलीका नाममा विषादी खाइरहेका छौं। विषादीमै सास फेरिरहेका छौं। यस्तो विषादी जो सबैको भान्सामा पुग्छ, र धनी-गरिब सबैलाई स्वाहा पार्ने क्षमता राख्छ। बेलैमा यसबारे सचेत भई आवाज नउठाउने हो भने, हामी आफ्नै बालीमा उत्पादित खाद्यन्नकै शिकार हुनेमा शङ्का छैन। यदि हामी रोगरहित जीवनको परिकल्पना गर्छौं भने सबैभन्दा पहिले त कृषि पद्धति अर्गानिक बनाउन जरुरी छ। रैथाने बीउ, स्वस्थ माटो, स्वच्छ हावा, जैविक मल, किसानको अधिकार यी नै हुन् पञ्चतत्व समुन्नत कृषि भविष्यको।

समग्रमा भन्नुपर्दा यस पृथ्वीको सु-स्वास्थ्य तथा दीर्घ जीवनका लागि सामाजिक आन्दोलन छनोट होइन आवश्यकता हो। सीमित शक्तिले सीमित समुदायको आर्थिक उत्थानलाई मात्र विकास भनेर बुझ्ने एवं त्यसैका लागि शक्तिको प्रयोग गर्ने अभ्यास हिजो पनि थियो र आज पनि कायमै छ। तर, आज ठोस कदम उठाइयो भने भोली सुधार पक्का हुनेछ। यसको सशक्त जनसङ्गठन जरुरी छ।

अबको आन्दोलनहरूले यिनै सशक्त जनसङ्गठन सुदृढीकरणका लागि हाम्रा अगुवाहरूमा आलोचनात्मक सचेतना जागृत गर्दै उनीहरूको क्षमता विकासमा सहयोग गर्नुपर्ने देखिन्छ। साथै अगुवाहरू आफैंले आलोचनात्मक आचरण र व्यवहार तिखार्न स्वायत्त सिकाइ र स्वायत्त पहललाई आत्मसाथ गर्नुपर्छ। 'शक्तिले शक्तिसँग मात्र कुरा गर्छ' भनेझैं आन्दोलन बलियो हुन जनसङ्गठन बलियो हुनुपर्छ। किसानी बाटो नै सम्यक जीवनको आधार हो। र, अबको हाम्रो आन्दोलनले किसानी बाटोको नै पैरवी गर्दै जानुपर्छ। आफ्नो लडाँइ आफैं लड्नुपर्छ। आफ्नो बाटो आफैं कोर्नुपर्छ। अवरोधलाई भत्काउने, फुटाउने हो। यदि त्यो गर्न सकिँदैन भने नयाँ बाटो बनाउने हो।



जगत बस्नेत

# मार्क्सवादी अवधारणामा किसान



राजा लुइ पन्ध्रौंको चिकित्सक फ्राँस्वा काइनेले भनेका थिए, चिकित्सा शास्त्रमा मुटु, रक्त सञ्चार र शरिरको जस्तो सम्बन्ध हुन्छ, त्यस्तै सम्बन्ध जमिन, कृषि र अर्थतन्त्रको हुन्छ। यो ऊ बेलाको कुरा भएपनि अहिले पनि उत्तिकै सान्दर्भिक छ। मार्क्सका अनुसार जमिन उत्पादनको साधन हो। तर हाम्रो आर्थिक प्रणालीले जमिन र कृषिलाई प्राथमिकतामा राखेको छैन। मार्क्सकाअनुसार किसानको उत्पादनको साधन जमिन हो। कृषिले देशको आत्मनिर्भर अर्थतन्त्रमा योगदान गर्ने भएकाले हामी भूमि र कृषिलाई एकीकृतरूपमा भन्दा पनि अलग्याएर हेर्छौं। मानव सभ्यताको विकास क्रमलाई हेर्ने हो भने दिगो विकासका अभ्यासकर्ता थिए, किसान।

किसानको ठूलो परिवार दुई, तीन पुस्तासँगै बस्थे। परिवारको मुलीको नेतृत्वमा सबै कुरा हुन्थ्यो, र चल्थ्यो। मुलीले भनेपछि सबैले मान्नुपर्ने चलनहरू थिए। किसानहरू बाटो हिड्नेलाई पानी दिएर, घरमा भएको दुध, दही दिएर, खाना खुवाएर सहयोग गर्थे। खेतीहरू भित्र्याएर खुसीसाथ चाडपर्वहरू मनाइन्थ्यो। किसानको एउटै मन्त्र थियो 'काम'। विहान काम। दिउँसो काम। साँझ काम। कामविना बाँच्न सक्दैनथे। त्यसैले त्यसबेलाको अर्थतन्त्र किसानी र आत्मनिर्भर थियो। किसानहरु न त जमिनदारमा निर्भर थिए न बजारमा। जिविकामुखी खेती प्रणाली भएपनि किसानहरुको आफ्नै जमिन र आफै उत्पादनकर्ता र उपभोगकर्ता थिए।

मानवको विकाससँगै भौतिक विकासक्रम पनि सुरु भयो। जव भौतिक विकास सुरु भयो। कृषियोग्य जमिनलाई नीजि सम्पतिको रुपमा लिइयो तव खेती गर्ने वर्ग (Cultiveting) र खेती नगर्ने (Non-Cultiveting) वर्गमा किसानलाई विभाजित गरियो। भौतिक र आर्थिक विकाससँगै किसानको जमिनबाट विस्थापन सुरु भयो। खेतीबाट विस्थापन भयो। जो खेती गर्थे उनीहरूको एकल पेशा थियो। तर जो खेती नगर्ने वर्गको जन्म हुदै गयो, उनीहरु जमिनको नियन्त्रण र बहुपेशाको विकास हुँदै गयो। जस्तै व्यापार, जागिर तथा राजनीति आदी। सामन्तवादमा जमिनको स्वामित्वबाट सुरु भएको विस्थापन पुँजीवादमा खेती किसानीबाट उखल्ने काम भयो । किसानभित्र वर्ग छ की छैन ? तर्क-वितर्कसहित मार्क्सवादीहरूले किसानलाई हेर्ने आफ्नो धारणा बनाए भने पुँजीवादीहरूले नीजि जमिन र सम्पतिमाथिको अधिकार सहित आफ्नो धारणा बनाए।

## किसान र वर्ग

मार्क्सले समाजमा दुई वर्ग पुँजीपति र सर्वहारा छन् भनेर ब्याख्या गरे। अर्थात उत्पादनको साधन जमिन, उद्योग, प्रविधि लगायतका साधनको स्वामित्व। उनले भने, उत्पादनको साधनको स्वामित्व जोसँग छ, र उत्पादित बस्तु बेच्छ ऊ पुँजीपति हो। र जोसँग उत्पादनको साधन छैन र श्रम बेच्छ ऊ सर्वहारा हो। उनका अनुसार जव जमिनको नीजि सम्पतिको अवधारण आयो, यसले नै वर्गीय समाजको विकास गर्‍यो।

त्यसैले धेरैले मार्क्सले किसानी समाजका बारेमा धेरै बोलेका छैनन् भन्ने तर्क गर्छन्। त्यसैगरी मार्क्सको ग्रुन्डीसामा स्याक अफ पोटाटोज् (Sack of Potatoes) अर्थात किसानलाई बोराका आलुको संज्ञा सन् १८५२ मा दिए। धेरैले यसलाइ विवास्पद भनाई र लेखाई पनि भने। उनकाअनुसार किसान वर्गकारूपमा आउन नै सकेनन्। वर्गकोकोरूपमा पहिचान नै भएन। उनकाअनुसार किसान एकले अर्कोसँग सम्बन्ध राख्दैन। बोरा त एउटै हो तर, वर्गीय

राजनीतिक चेतनासहितको सामूहिक चेतना किसानमा छैन । एउटै भौगोलिक र समुदायमा बस्छन, सबै खेती प्रणाली र उत्पादनमा संलग्न हुन्छन तर एकले अर्कालाई एउटै वर्ग र उत्पादन प्रणालीमा संलग्न हुन्छन तर एउटै वर्गका रुपमा स्वीकार्दैनन् । त्यसैले उनीहरू विभाजित छन् । आजको सन्दर्भमा कति मिल्छ थाहा छैन तर आज पनि किसान विभाजित छन् । भूमि सुधारका सवालमा फरक-फरक एजेण्डा र अडानहरू छन् ।

एकले अर्कोलाई स्वीकार्ने सवाल पनि कमजोर छ । किसानहरू विभिन्न पार्टीमा विभाजित छन् । सङ्घ संस्थाका कार्यक्रमअनुसार विभाजित छन् । र, राजनीतिक चेतना पनि सामूहिक छैन । तर, पछि सन् १९२० मा लेनिनले पिजन्ट डिफेरेन्सेसमा किसानभित्र वर्ग छ भनेका छन् । जसलाई धनी, मध्यम र गरिब भनेर व्याख्या गर्न सकिन्छ । लेनिनकाअनुसार किसानभित्र भएका वर्गमा पनि कुनै शोषणकारी र कुनै शोषण नगर्ने छन् ।

मार्क्सकाअनुसार एउटा वर्ग श्रम बेच्छ, अर्को वर्ग उत्पादन बेच्छ । एउटा वर्ग उपभोग र खानाका लागि लगानी गर्छ, अर्को वर्ग पुनर्उत्पादन र फाइदाका लागि लगानी गर्छ । दुई वर्गबीच द्वन्द्व छ । यसको समाधान समाजवादले मात्रै दिन सक्छ ।

वर्ग र किसानलाई नबुझी आर्थिक लोकतन्त्र र द्वन्द्वलाई बुझ्न सकिँदैन । आधुनिकता, व्यावसायीकरण, यान्त्रिकीकरण र औद्योगिकरणलाई नै विकास बुझिएको छ । नवउदारवादी नीति र कार्यक्रमले जमिनको वस्तुकरण र कृषिको व्यावसायीकरण गर्दा किसान आन्दोलन पराजित छ । समग्र भूमि सुधारको एजेण्डालाई छायाँमा राखेर पुँजीवादी बीउ वितरणदेखि ट्याक्टर वितरणसम्म किसानका लागि विकास भनिएको छ ।

वर्गलाई अलग्याएर किसानलाई बुझ्न सकिँदैन । वर्ग अर्को वर्गको सम्बन्धका कारणले बन्छ । वर्ग नबुझी भूमि सम्बन्ध र भूमि अधिकार बुझिँदैन । भूमि वा कृषि अधिकारको आन्दोलन बुझिँदैन । जस्तो, जमिन हुने र नहुने । मोही र मालिक । उद्योगी र कामदार आदि ।

जहिले पनि उत्पादनको साधन हुने वर्गले उक्त साधानमा पहुँच नहुने वर्गमाथि शोषण गर्छ । राज्यले पनि आफ्नो चरित्र प्रस्तुत गर्छ । उसको चरित्र भनेको धनी वर्गलाई सहयोग गरेर सत्ता टिकाउनुमै केन्द्रित हुन्छ । साधारण उदाहरण हेरौँ न, एक प्याकेट चाउचाउको मूल्य रु.२५ पर्छ । जुन उद्योगीले उत्पादन गर्छन् । अनि किसानले उत्पादन गर्ने एक किलो धानको मूल्य पनि उही रु. २५ । चाउचाउको लगानी कति होला ? अनि एक किलो चामल उत्पादन गर्न कति लगानी लाग्ला ?

**मार्क्सकाअनुसार एउटा वर्ग श्रम बेच्छ, अर्को वर्ग उत्पादन बेच्छ । एउटा वर्ग उपभोग र खानाका लागि लगानी गर्छ, अर्को वर्ग पुनर्उत्पादन र फाइदाका लागि लगानी गर्छ । दुई वर्गबीच द्वन्द्व छ । यसको समाधान समाजवादले मात्रै दिन सक्छ ।**

मार्क्ससिष्ट भाषामा किसानलाई खेतीबाट नओखली वा विस्थापित नगराई व्यापारिक फार्महरू विकास हुन सक्दैनन् । व्यावसायिक फार्महरू विकास हुन र सहरहरू विकास हुन किसानहरू विस्थापित हुनुपर्छ । नवउदारीवादी नीति र कार्यक्रमले अहिले तीनवटा पक्षलाई तिव्ररूपमा अगाडि बढाएको छ र यी तीनवटा मुल मुद्दाकारूपमा रहेका छन् । पहिलो जमिनको कमोडिफिकेसन (Commodification) अर्थात वस्तुकरण (प्राकृतिक स्रोत र उत्पादनको साधन रहेन), दोस्रो, सहरहरूको विकास र जमिनको प्लटिङ, कृषियोग्य जमिनको गैह्रकृषिकरण (जमिनको अत्याधिक दोहन), तेस्रो कृषिको कम्पनीकरण वा कर्पोटराइजेसन (Corpotarization) ।

जव किसान खेतीबाट उखलिन्छ, त्यसपछि उसको विकल्प की कम्पनी वा फार्मको खेतला, की बजारमा जाने हो । पुँजीवादले साना किसानलाई त असर गरेकै छ, केही क्षेत्रमा मध्यम किसानलाई समेत जमिनको सम्पत्तिबाट अलग्याएर श्रम सम्पत्तिमा मात्र सिमित राख्दै गइरहेको छ । यसरी किसानलाई खेतीबाट उखल्ने काम वर्गीयरूपमा मात्रै हुन्छ । पुँजीवादमा माथिल्लो आर्थिक वर्गले तल्लो आर्थिक वर्गलाई सम्पत्तिका नाममा श्रममात्र बाँकी राखेर उखल्ने हो । अहिलेको द्वन्द्व उखेलिने र जमिनको केन्द्रिकृत गर्नेबीचमा पनि छ ।

नवउदारवादमा भूमि सुधारलाई एउटाको खोसेर अर्कोलाई वितरण गर्ने वा जसको जोत उसको पोतको आँखाबाट मात्र बुझियो । जमिनका कारणले मानिसहरू बहुबहिष्करणमा छन् भन्ने कुरालाई बुझिएन । यसको बहुआयामिक फाइदा, अर्थतन्त्रमा यसले पुऱ्याउने योगदान र समृद्धिको पाइला भनेर चिनिएन । समृद्धिको पाइलामा भूमि र कृषिको रूपान्तरण परेन । त्यसैले राजनीतिक दलका भातृ सङ्गठन भूमि र कृषि अधिकारको आन्दोलन पनि निष्क्रिय भएको छ ।

कार्ल मार्क्सकाअनुसार उत्पादनमा मुख्य तीन पक्ष सङ्लग्न हुन्छन् । पहिलो उत्पादनको साधन जमिन, दोस्रो पुँजी, तेस्रो श्रम । नवउदारवादका कारण किसानसँग अव जमिन र पुँजी छैन । श्रम मात्रै बाँकी छ । जमिन र पुँजी किसानको हात र स्वामित्वमा जानु ग्रामीण पुनर्निर्माण पनि हो । किसानले जमिन पाउने कुरा ग्रामीण पुनर्निर्माण मात्र होइन, आर्थिक लोकतन्त्र र समृद्धिको यात्रा पनि हो ।

मार्क्सका अनुसार वर्गको अवस्था नै बजारको अवस्था हो । तर अहिले किसानलाई तल्लो वर्ग, असभ्य वर्ग, पद्लेख गर्न नजान्ने वर्ग र हिन भावनामा हेरिन्छ । तर किसान विना कसैले पनि खान पाउँदैन भन्ने कुरामा हामी सोच्दैँनौ । किसान आफैँमा अरु वर्गले थिचिएको छ । शोषणमा छ । नेपालमा

किसानलाई फार्मर बनाइयो। किसान अङ्ग्रेजीमा पीजन्ट हो भने फार्मर बजारका लागि उत्पादन गर्ने व्यावसायी हुन्। किसानले विविध फसलहरू फलाउँछ। वा आफूलाई चाहिने सबै वस्तु उत्पादन गर्छ भने फार्मरले बजारलाई चाहिने वस्तु उत्पादन वा एकल उत्पादन, कि तरकारी, कि फलफुल कि अन्न आदि एकल उत्पादन गर्छ।

यहाँ किसान अर्थात पीजन्ट शब्द पनि हेलामा छ। धेरैले म फार्मर भन्छन्। त्यसको मतलव हो म व्यवसायी फार्मर अर्थात बजारका लागि उत्पादन गर्ने मान्छे हुँ। त्यसैले किसान वा पीजन्ट हेलामा छ। सामाजिक पोजिसनमा नै पिजन्ट अर्थात किसान र फार्मरमा फरक छ। यी दुईबीचको शक्ति सम्बन्ध नै फरक छ। फार्मरको बजारसँग सम्बन्ध छ। आफै किसान भएर अरुलाई पनि काममा लगाएर वस्तु बजारमा पठाउँछ तर किसान आफैं उत्पादन गरेर आफुसँग नभएका चिज किन्न आफुले उत्पादन गरेका वस्तु लिएर बजार जान्छ।

### बजार र किसान

तत्कालिन कृषि तथा पशु विकास मन्त्री घनश्याम भुषाल नयाँ पत्रिका (२०७७) मा लेख्छन् सामन्तवादबाट गणतन्त्रमा आउँदा किसान स्वतन्त्र भए तर, नाङ्गो छन्। किसानसँग जमिन पनि छैन, पुँजी पनि छैन। मल बीउ सबै बजारको नियन्त्रणमा छ। उनकाअनुसार पञ्चायत कालमा आधुनिकीकरणका नारा लाग्यो, त्यही नाराले ल्याएको आधुनिकीकरणले बजार ल्यायो र कृषिको अधोगती सुरु भयो। हामी आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीकरणका नाममा आत्मनिर्भरताबाट परनिर्भरता तिर लाग्यौं। विदेशी प्रोजेक्टहरू आए, तिनले कृषिलाई आत्मनिर्भर नभई बजार निर्भर बनाए। हाम्रो कृषिको परनिर्भरता पञ्चायत कालबाट नै सुरु भएको देखिन्छ। वि.सं. २०४६ सालको प्रजातन्त्र आएपछि डरलाग्दो बजार अर्थतन्त्र आयो यसले सम्पूर्ण भूमि र कृषिलाई बजारको नियन्त्रणमा पुर्‍यायो। बीउ, पानी, मल बजार निर्भर हुनुपर्ने भयो।

कृषिको पुँजीवादीकरणले कृषकलाई समेत बजारको जिम्मा लगायो। करिव ३० वर्षमा हाम्रो कृषिलाई बजारले आफ्नै नियन्त्रण लिएर हिडाँइ राखेको छ। कृषि, बजार नियन्त्रित भइसकेपछि भूमि बाँकि रहने कुरै भएन। भूमि सुधार पनि बजारकै भयो। नवउदारवादी नीति र कार्यक्रमले बजार मैत्री भूमि सुधार ल्यायो र भूमि पुनर्वितरणको एजेण्डालाई ओझेलमा पार्‍यो। किसान सङ्घ सङ्गठनले यसको मुकाविला गर्न सकेनन्। बरु आफु विस्थापित हुँदै गए।

किसानी अर्थतन्त्रमा उत्पादन र उपभोग थियो तर बजार अर्थतन्त्रमा उत्पादन र बजार विनिमय (एक्सचेन्ज) मा परिणत भयो। बजार अर्थतन्त्रमा नाफा र शोषणमा आधारित कार्यहरू बढी भयो। कृषिभित्रको यस्तो कार्य किसानलाई उत्पादन, उपभोग र बजारसँगको विनिमय (एक्सचेन्ज) मा जाने की उत्पादन र नाफाका लागि बजारमा बेच्ने प्रक्रियामा जाने। यी दुई फरक सवाल हुन्। बजारले मात्रै पुँजी उत्पादन गर्छ की, शोषणरहित किसानको उत्पादनले पनि पुँजी निर्माण गर्छ यसमा हाम्रो धेरै ध्यान छैन।

> विदेशी प्रोजेक्टहरू आए, तिनले कृषिलाई आत्मनिर्भर नभई बजार निर्भर बनाए। हाम्रो कृषिको परनिर्भरता पञ्चायत कालबाट नै सुरू भएको देखिन्छ।

काउत्सकीकाअनुसार पुनर्उत्पादनको प्रक्रियामा नलागी किसान, किसानकोरूपमा रहन सक्दैनन्। काउत्सकीले उत्पादनका तीन अवस्थाका बारेमा व्याख्या गरेका छन्। पहिलो साधारण पुनर्उत्पादनको अवस्था (Simple Reproduction)। यसलाई पूर्णतया आत्मनिर्भर किसानको अवस्था मानिन्छ। जोसँग उत्पादनको साधन पनि हुन्छ, उसका उत्पादन विविधिकरण पनि हुन्छन्। उसले आफु र बजार दुवैका लागि उत्पादन गर्छ। तर यहि किसान आफ्नो उत्पादन बढाउने वा एक्सपाण्डेड रिप्रोडक्सन - (Expanded Reproduction) विस्तारित पुनर्उत्पादन) मा जानुपर्छ, र यसले किसानकैरूपमा रहन अथवा गरिबीबाट बाहिर ल्याउँछ। तर धेरै किसान उत्पादन, पुनर्उत्पादनमा जाने भन्दा पनि स्क्वीज् रिप्रोडक्सनमा (Squeeze Reproduction)। (उत्पादन लागत बढ्दै/श्रमको प्रतिफल घट्दै) जान्छन्। यस्तो अवस्थामा पुग्दा किसानहरू ऋण लगायतका कुराले आर्थिकरूपमा कमजोर बन्छन् र भएको जग्गा जमिन बेचेर किसानी पेशा छोडेर बजारको खेतला हुन पुग्छन्। यस्तो बाध्यता पनि आइलाग्छ। अहिलेको किसानो मुल पक्ष भनेको नेपालका किसानहरु साधरण उत्पादनबाट विस्तारित पुनर्उत्पादनमा जानुपर्नेमा स्क्वीज अर्थात लगानी अनुसारको उत्पादनमा घाटामा छन्।

सामान्यता सरल पुनर्उत्पादनमा जानु भनेको जीविका निर्वाहको लागि खेती गर्नु हो भने, विस्तारित पुनर्उत्पादनलाई बढवा दिनु भनेको व्यावसायिक वा उद्यमी किसान हुनु हो। यो चरणबाट नै किसान पुँजीपति वर्गमा पनि जान सक्छन्। तर, अहिले नवउदारवादका कारण धेरै किसानहरू आफ्नो उत्पादनको प्रतिफलभन्दा बढी लगानी जुटाउनुपर्ने कारणले उत्पादन छाडेर बजारका खेताला वा मजदुर हुन पुगेका छन्।

विस्तारित उत्पादनलाई बढाएर जानको लागि किसानसँग राजनीतिक पहुँच र सहभागिता छैन। किसान सङ्गठित छैनन्। वर्गकारूपमा सामूहिक राजनीतिक चेतना, भूमि र कृषि अधिकारका विषयमा कमजोर परिचालन छ। किसानी अर्थतन्त्रको व्याख्या कमजोर छ भने, बजार अर्थतन्त्रको व्याख्या बलियो छ। राज्यको सहयोग कमजोर र साना किसानलाई छैन, ठूलो र पहुँचवाला किसानलाई मात्रै भइराखेको छ। जोसँग

उत्पादनको साधन पनि छ र नाफामा पनि काम गरिराखेको छ, उसैले अनुदान जस्तो सहयोगहरू पाइरहेका छन् ।

**अन्त्यमा,**

नेपालको मुल समस्या जमिन हुनेले खेती नगर्ने अर्थात उनीहरू गैरकिसानीका रूपमा छन् । जो किसानीमा छन् उनीहरूसँग जमिन छैन । पुँजीवादको इतिहास भूमिको स्वामित्वको केन्द्रिकरण र नीजिकरणबाट भएको हो । केन्द्रिकरण र नीजिकरणका लागि सामान्य किसानहरू जमिनको स्वामित्वबाट विस्थापित हुनै पर्छ । यो पुँजीवादको सिद्वान्त नै हो । गाउँमा एक्सपोर्टलेड अर्थात बजारका लागि मात्रै उत्पादन गर्ने र दलाली गर्ने वर्ग र सहरमा रियलस्टेट वर्ग झन् मोटाउँदै गएको छ । यसको मुल कारण मार्क्सले भने जस्तो जमिनमाथिको नीजिकरण, बस्तुकरण र सम्पत्तिकरण नै हो । यही पुँजीवादी प्रक्रियाले ऐतिहासिक लुट, शोषण र एक्ट्राक्सनलाई (आफ्नै नाफाका लागि अर्को वर्गको श्रोत लिनेमात्र काम) मान्यता दिएको छ ।  मार्क्सको सिद्वान्तअनुसार जहाँ बढी शोषण हुन्छ, त्यहाँ बढी नाफा र सम्पत्ति सञ्चितीकरण हुन्छ । मार्क्सवादकाअनुसार विश्वमा उत्पादनका चार वटा चरणहरू पार भएका छन् । पहिलो प्रिमिटिभ वा प्राचिन, दोश्रो, एकुमुलेसन वा पुँजीवादी उपनिवेशीकरण तेस्रो विकासवाद र चौथौ विश्वव्यापीकरण । पहिलोबाट दोस्रोमा जानासाथ किसानहरू विस्थापित हुन थाले र चौथोमा आउँदा किसान, किसानको रूपमा नरहेर बजारका खेतला (मजदुर) मा रूपान्तरण भएका छन् ।

किसानी विषयका लेखक टेडोर शानीनकाअनुसार विकासका क्रममा किसानको अस्तित्व र किसानी ऐतिहासिक सभ्यतालाई वेवास्ता गरिएको छ । किसानलाई वेस्वास्ता गर्नु, पुनर्वितरणमुखी भूमिसुधारलाई वेवास्ता गर्नु भनेको ग्रामीण विकासलाई वेवास्ता गर्नु हो । जव गाउँलाई वेवास्ता गरिन्छ, किसानको पक्षको भूमिसुधारलाई वेवास्ता गरिन्छ अनी ग्रामीण आत्मनिर्भर अर्थतन्त्रलाई पनि वेवास्ता गरिन्छ । ✿



**रघुनाथ लामिछाने**

# गुम्दै आदिवासी/जनजाति र महिलाको भूमि अधिकार




बङ्गलादेशमा ४५ आदिवासी समुदाय छन् । तीमध्ये पनि अति सीमान्तकृत एउटा समुदाय हो- मुन्डा । यो समुदायको प्रायः जीविकोपार्जन जङ्गलमा आधारित हुने गर्छ । राजधानी ढाकाबाट ३५२ किलोमिटर टाढा पर्ने सुन्दर वनमा पनि बस्छ मुन्डाको एउटा समूह । यहाँ बस्ने मुन्डालाई 'वन मान्छे' भन्छन् बङ्गलादेशीहरू । यहाँका मात्र हैन, अन्य ठाउँमा बस्ने मुन्डाको पनि केही जमिन थियो पहिले । धेरैले त्यही जग्गाको तिरो तिर्नेसमेत पैसा नभएकाले बेचे । अनि कतिपयले चाहिँ पेटभरी खानकै लागि बेच्नुपर्ने बाध्यता आइलाग्यो ।

अहिले त्यही मुण्डा समुदाय केही समयअघि आएको चक्रवातका कारण विचल्लीमा परेको छ । उनीहरूको खानपिनमा राम्रै भरथेग गर्थे जङ्गलमा भएका परम्परागत पोखरीहरूले जहाँ प्रशस्त गङ्गटा पाइन्थे । माछा हुन्थे । तिनै गङ्गटा र माछाले पनि उनीहरूको खाद्य सुरक्षामा सघाएको थियो । चक्रवातपछि ती पोखरीमा छिरेको समुद्री नूनिलो पानीका कारण भएका गङ्गटा मरेनन् मात्र, थप उत्पादन पनि हुन सकेनन् । अर्कोतर्फ आफूहरू आश्रित जङ्गलसमेत छिन्नभिन्न पारेकाले महलगायत खानेकुरा पनि पाइन छाडेको छ । त्यसैले उनीहरूमध्ये केही थातथलो छाडेर हिँडिसके । कतिपय जाने ठाउँ खोज्दैछन् । बेला न कुबेला आउने बाढीले बल्लतल्ल बनाएको घर पनि भत्काइदिने त्यसलाई पुनः बनाउँदा ऋण थपिने भएकाले ऋणमाथि ऋण थपिरहन बाध्य यो समुदाय अहिले निकै सङ्कट भोगिरहेको छ ।

समस्या बङ्गलादेशमा मात्र छैन ।

नेपालकै कुरा गर्दा पश्चिममा बस्ने थारू समुदायले पुस्तौँदेखि सिँचाइ प्रणाली व्यवस्थापन गर्दै आएका थिए। कुलो बनाउन भनेपछि सामान्य खबरकै भरमा हजारौँ मानिस उपस्थित हुन्थे। सयौँ वर्षदेखि यसरी नै चल्दै आएको थियो सिँचाइ। तर बाढीहरूले यस्ता कुलो देखिसहेनन्। बाढी, पानी आदिबारे अनुमान गरेर रोकथाम गर्ने रैथाने ज्ञानवालालाई सरकारी कर्मचारीले पत्याएनन्। कर्मचारी भएकै आधारमा नजान्नेहरू हाबी भए। न सरकारले व्यवस्थित सिँचाइ प्रणाली निर्माण गर्न सक्यो न त रैथाने सिँचाइ प्रणालीले नै निरन्तरता पाए। अहिले अन्नको भण्डार अर्थात थारूहरूले गरिरहेका खेतीमा यही कारण उब्जनी घट्दा त्यसको मार मुलुककै सिङ्गो खाद्य सुरक्षामा परेको छ।

महिला तुलनात्मकरूपमा बढी इमानदार हुने गर्छन्। आफ्नो काममा बढी जिम्मेवार बन्छन्। त्यसैले उनीहरूले नेतृत्व लिएका धेरै काम सफल भएका अनुसन्धानहरूले पुष्टि गरेका छन्। तर इन्डोनेसियामा वनको व्यवस्थापनबाट बिस्तारै महिलालाई विस्थापन गर्दै लगिएको छ। जसको असर देखिन थालिसकिएको छ। हराभरा वनहरू तालु खुइले जस्तै देखिन थालेका छन्। अनि त्यसको असरचाहिँ पानीको मुहान सुक्ने हुँदै दाउरा अभावसम्म पर्न थालेको छ। यसको मार तिनै महिलाले खेपिरहेका छन् जसलाई व्यवस्थापनको पाटोबाट विस्तार अलग गर्दै लगियो।

राष्ट्रिय भूमि सञ्जालको आयोजना तथा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र अन्तर्राष्ट्रिय भूमि सञ्जालको सहआयोजनामा काठमाडौँमा चैत २१ देखि २३ गतेसम्म 'जलवायु परिवर्तनको सन्दर्भमा महिला तथा आदिवासी जनजातिको भूमि अधिकार सुरक्षा' सम्बन्धी क्षेत्रीय नीति संवाद कार्यक्रम आयोजना भएको थियो। जहाँ नेपाललगायत भारत, बङ्गलादेश, इन्डोनेसिया, फिलिपिन्स आदि देशका अधिकारकर्मीले जलवायु परिवर्तनका कारण खेप्नुपरेका समस्याका पोको फुकाएका थिए। विशेषगरी जलवायु परिवर्तनले महिला, आदिवासी/जनजाति र सीमान्तकृतहरूको भूमि अधिकारमाथि नजानिँदोतवरले कसरी धावा बोलिरहेको छ भन्नेबारे मसिनो विश्लेषण प्रस्तुत भएका थिए त्यहाँ।

### चिन्ता जलवायु परिवर्तनका असरको

'अहिले त मानिसहरू घरमा श्रीमान्-श्रीमतीको झगडा भएको विषयलाई समेत मजाक गर्ने हिसाबले जलवायु परिवर्तनको असर भन्न थालेका छन्। वास्तवमा यो सही हो। जलवायु परिवर्तनकै कारण पानी ओसार्न, दाउराको जोहो गर्न महिलाको समय बढी लाग्ने गरेको छ। त्यसको असर खाना तयार पार्न, बालबच्चा विद्यालय पठाउन तथा घरका अशक्त र ज्येष्ठ नागरिकको स्याहारमा समेत परेको छ। यस्तो अवस्थाले महिलामा तनाव बढाएको छ। र, तनावका कारण झैझगडा बढ्नु स्वाभाविक हो'- एक लैङ्गिक विज्ञको यो भनाइले पनि पुष्टि गर्छ कि जलवायु परिवर्तनको असर प्रत्येक जनताको चुलोचौकोसम्म पुगिसकेको छ। र, यसले प्रमाणित गर्छ कि यसबाट सिर्जित समस्या अब कुनै देश, क्षेत्र, समुदाय वा व्यक्तिको मात्र चासोमा सीमित रहेन।

माथिका उदाहरण यसरी नै आआफ्नो देशका समस्या प्रस्तुत गर्ने क्रममा आएका हुन। जलवायु परिवर्तनको असर विश्वव्यापीरूपमा बढिरहेको र त्यसले विशेषगरी सीमान्तकृतलाई बढी सताएको कार्यक्रमका सहभागीले बताएका थिए। सिन्धुपाल्चोकस्थित बाहृबीसे नपा-९ की किसान पातली थामीले समयमा पानी नपरेका र परम्परागत मुहानसमेत सुक्दा त्यसको असर सबै भन्दा बढी महिलामा परेको धारणा राखेकी थिइन्। यसरी पानी पर्याप्त नहुँदा रुख, बिरुवासमेत मर्नाले डोको/नाम्लो आदि बनाएर गुजारा गर्नेहरू मारमा परेका उनको भनाइ थियो। यसले देखाउँछ कि थाहा पाए पनि वा नपाए पनि जलवायु परिवर्तनको असर भुइँ तहसम्म फैलिसकेको छ।

प्रा. कैलाशनाथ प्याकुरेलले जलवायु परिवर्तनको चौतर्फी असरतर्फ इङ्गित गर्दै कृषितर्फका संरचना खासै नभएका र भएका पनि कमजोर देखिएका बताएका थिए। त्यसैले कतै सफल भएको छ भने पनि अपवादका रूपमा मात्र भएको छ भन्ने उनको भनाइले पुष्टि गर्छ कि हामी जलवायु परिवर्तनका असरबाट बच्न सकिने कुरामा पनि चुकेका छौँ।

भारतका हिरल देव आदिवासी समुदायको अधिकारका लागि काम गर्छन्। उनका अनुसार भारतका आदिवासी (जसको बस्ने घरसमेत छैन) को निर्णय प्रक्रियामा सहभागिता नभएको बताउँछन् र यस्ता कारणले पनि जलवायु परिवर्तनले आदिवासीलाई बढी नै सताएको दाबी गर्छन्। हुन त भारतको किसान नीतिले भूमिमा स्वामित्व हुने मात्र किसान हैनन्, जस्तो मौरी पाल्ने पनि किसान हुन भन्छ। तर पनि व्यवहारमा भने यो नीति हुबहु लागु हुन सकेको छैन। यस्ता विभिन्न कारण छन् जसले जलवायु परिवर्तनबाट आदिवासी समुदायलाई बढी नै खेदिरहेको छ।

यसरी सोझै हेर्दा जलवायु परिवर्तनको असर सबैलाई परेको देखिए पनि विशेषगरी सीमान्तकृत समुदाय यसबाट बढी नै प्रभावित भएका कार्यक्रमका सहभागीहरूको तर्कसहितका दाबी थिए। उनीहरूको नीति निर्माण तहमा सहभागिता नहुनु, प्रतिरोधात्मक क्षमता कमजोर हुनु र सरकारी नजरमा पनि निकै टाढा रहनुका कारण सीमान्तकृत जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक प्रभावको बढी शिकार भएकामा प्रायः सबै सहमत देखिएका थिए।

### लैङ्गिक न्यायको सवाल

लैङ्गिक न्यायको अभाव सीमान्तकृत समुदायका पनि महिलाहरू भूमि अधिकारबाट वञ्चित हुनुको एउटा मुख्य कारण भएको सवाल गतिलैसँग उठ्यो कार्यक्रममा। भारतमा स्वाधीन नामक संस्थामा रहेर महिला अधिकारका लागि कार्यरत सरस्वती रोयको भनाइमा जमिनको कुरा गरेर मात्र हुन्न, महिलाको अधिकारबारे पनि जानकारी हुनुपर्छ र त्यसलाई प्रयोग गर्न पनि सक्नुपर्छ। यसका लागि तालिम चाहिने र आफूलाई अद्यावधिक गरिरहन सक्यो भने लैङ्गिक न्याय प्राप्तिमा सघाउ पुग्ने उनको भनाइ थियो।

हुन पनि मानिस हेपिने/पेलिने क्षमता नभएरै हो। जोसँग क्षमता छ ऊ हेपिनु पर्दैन। त्यसैले समयअनुसार आफूलाई सशक्त तुल्याउँदै जान नसक्नु लैङ्गिक विभेदमा पर्नुको एउटा मुख्य कारण हो। कार्यक्रममा यो विषयले पनि राम्रै स्थान पाएको थियो। भारतको झारखण्डमा बस्ने सरस्वतीको भनाइमा विभिन्न समूहमा गरिएको जेन्डर अडिटले लैङ्गिक न्याय भएकै रैनछ भन्ने

महसुस गराएको थियो । उनको निष्कर्ष थियो- जब महिलाका कुरा गर्छौं पुरुषबारे पनि केही कुरा गर्न र संलग्न गराउनुपर्छ भन्ने पार्यौं ।

कतिपय समाजमा अहिले पनि महिलाको अस्तित्व नै नस्वीकार्ने चलन छ । यस्तो अवस्थामा 'भूमिमा महिलाको स्वामित्व किन चाहियो र ?' भन्ने प्रश्न पनि सामान्य ठानिन्छ । नेपालमा भर्खर मात्र भूमिमा स्वामित्व हुने महिलाको प्रतिशत २३ मात्र पुग्नुले पनि यो प्रष्ट हुन्छ । अझ विडम्बना त यो छ कि अघिल्लो वर्षको तुलनामा भूमिमा स्वामित्व हुने महिलाको प्रतिशत मात्र १ ले बढ्यो । यो यस्तो ग्राफ हो जसले यो सवालमा हाम्रो कछुवा गति प्रष्ट्याउँछ ।

भारतमा महिला अधिकारका लागि कार्यरत निलम पटेलका अनुसार महिलाभित्र पनि विशेषगरी एकल महिलालाई अधिकार लिन र केही काम गर्न समस्या छ । न उनीहरूलाई घरबाट सहयोग मिल्छ न त माइतीबाटै । महिलालाई भूमिमा किन स्वामित्व चाहियो भन्ने बनिबनाउ आमधारणामा परिवर्तन नल्याएसम्म भूमिमा महिला स्वामित्व वृद्धि निकै कठिन छ । निलमको यो भनाइ भारतीय महिलाको सवालमा मात्र लागु नभई दक्षिण एसियका सबै देशमा उत्तिकैरूपमा लागु हुन्छ ।

प्रकृति र महिलाबीचको सम्बन्ध छुट्याएर हेर्नै सकिन्न । माटो, उत्पादन, परिवार सबै यससँग जोडिएको छ । त्यसैले यो पहिचान र आत्मसम्मानको विषय पनि हो- सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी कल्पना कार्कीको भनाइले पुष्टि गर्छ कि कृषि महिलाले धानिरहेका छन् तर स्वामित्व, नियन्त्रण र उपयोग भने पुरुषकै हातमा छ । यो उल्टो परिवेश हो । ८० भन्दा बढी प्रतिशतले कृषि धानेका छन् र यसरी धानेको प्रतिशत बढ्दो छ । तर त्यही माटोमा स्वामित्व त परको कुरा, पहुँचसमेत पुग्न सकेको छैन । भूमिमा लैङ्गिक न्यायको अभाव दर्शाउन यो भन्दा ठूलो प्रमाण शायदै चाहिएला ।

सामुदायिक वन उपभोक्ता समिति २२ हजार भन्दा बढी छन् नेपालमा । यिनै समितिहरूको महासङ्घमा लामो समय नेतृत्व लिएकी भारती पाठकले वन र महिलाको सम्बन्ध कति जकडिएको छ भन्ने नबुझ्ने कुरै भएन । तर उनी त्यतिबेला जिल्ल पर्छिन् जतिबेला वनका रुखमाथि अधिकार भएर पनि त्यही रुख उभिएको भूमिमा भने महिलाको स्वामित्व पाउन्नन् । अनि उनी यी विषयलाई सार्वजनिक मञ्चहरूबाट उठाउँछिन् र भूमिमा लैङ्गिक न्यायको खोजी गर्छिन् तर आजसम्म भेटेकी छैनन् ।

हामी भूमिमा लैङ्गिक न्याय नेपालमा मात्र हो कि भन्ने ठान्छौं । अनि क्षेत्रीय मञ्चहरूमा बस्दा यो दक्षिण एसियामा मात्र पो हो कि भन्ने पनि सोच्छौं । तर यस्तो सोचाइमै समस्या देखिन्छ विज्ञहरूका कुरा सुन्दा । आइएलसीकी जेन्डर विज्ञ अकमरल समन लैङ्गिक न्याय प्राप्ति सम्भव भएको तर त्यसका लागि क्षमता विकास अनिवार्य भएको बताउँछिन् । आवश्यकता बुझेर त्यहीअनुसारको खुराक उपलब्ध गराउन सक्ने हो भने कोही पनि अधिकारबाट वञ्चित हुनु नपर्ने समनको भनाइले कार्यक्रमका सहभागीमा एकप्रकारको उत्साह भरेको थियो ।

**कतिपय समाजमा अहिले पनि महिलाको अस्तित्व नै नस्वीकार्ने चलन छ । यस्तो अवस्थामा 'भूमिमा महिलाको स्वामित्व किन चाहियो र ?' भन्ने प्रश्न पनि सामान्य ठानिन्छ ।**

### निशाना भूमि अधिकारमा

विशेषगरी दक्षिण एसियका देशहरूमा जलवायु परिवर्तनले बाढी मात्र निम्त्याएको छैन । खडेरी र खण्डवृद्धि मात्र पनि ल्याएको छैन । बढी घाम र बेमौसमी क्रियाकलाप मात्र बोलाएको पनि हैन । यी त प्रत्यक्ष असर हुन । धेरैले मतलव नगरेको अर्थात अप्रत्यक्ष प्रभाव प्रत्यक्ष प्रभाव भन्दा झन् बढी भयाबह छ । त्यो हो- भूमिमाथिको अधिकारमाथि धावा । अझ त्यसमा पनि जो आदिवासी छ, जो जनजाति छ, त्यसभित्र पनि महिला जो छन्, विपन्नताबाट जो गुज्रिरहेका छन्, उनीहरूलाई सीमित भूमिमाथिको स्वामित्वबाट पनि अलग्याउने काम गरिरहेको छ जलवायु परिवर्तनले । तर यो विषय जसरी उठ्नुपर्थ्यो नउठिरहेको सन्दर्भमा यो मञ्चमा भने राम्रैसँग उठ्यो । जुन कार्यक्रमको सकारात्मक पक्षका रूपमा रह्यो ।

कृषि तथा भूमि विज्ञ यमुना घले खाद्य अधिकारलाई संविधानले नै स्वीकार गरेकाले यो सामाजिक न्यायको विषय पनि हो भन्छिन् र थप्छिन्- भोकमरीको प्रतिवेदन हेर्दा जातजाति, धार्मिक, प्रदेश आदि हिसाबले हेर्दा भूमिमाथिको स्वामित्व हेर्नुपर्छ । अनि भूमि केका लागि भन्ने थाहा हुन्छ । महिलाभित्र पनि अपाङ्गता, अल्पसङ्ख्यक, यौनिक अल्पसङ्ख्यक हेर्नुपर्छ । त्यसपछि मात्र वास्तविक स्थिति थाहा पाउन सकिन्छ । 'हामीले भूमिलाई कहिले साधनका रूपमा, कहिले सम्पत्तिका रूपमा, कहिले आवासका रूपमा र कहिलेचाहिँ राजनीतिक सौदाबाजीका रूपमा हेर्ने गर्‍यौं । जब भूमिलाई कृषिसँग जोडेर हेर्‍यौं भने यसलाई आर्थिक पाटो, वातावरण, उत्पादन आदिसँग जोड्न सकेका छैनौं । सभासद्हरूले समेत प्रभावकारीरूपले उठाएका पाइन्न । कार्यान्वयन पनि दयनीय छ । यस्तो अवस्थामा भूमिलाई हेर्ने दृष्टिकोणमा समस्या छ'- उनको भनाइले बताउँछ कि दृष्टिकोणमै समस्या भएपछि गन्तव्यमा पुग्न समस्या हुने नै भयो ।

जलवायु परिवर्तन मात्र हैन, अन्य प्रकोपले पनि विपन्नको भूमि अधिकारमाथि धावा बोल्दै आएका छन् । किन ? आदिबासी/जनजाति अगुवा नन्द कन्दङ्वाको दाबी मान्ने हो भने यसमा शक्तिमा बस्नेहरूको मुख्य हात छ । अहिलेसम्म नेपालमा जति पनि भूमि सुधारका कार्यक्रम भए ती शक्तिमा बस्नेको

इच्छा पूर्तिका लागि भए । अर्थात जसका लागि भूमि सुधार आवश्यक थियो, उसलाई केन्द्रमा नराखी गरिएको भूमि सुधार सफल हुने सम्भावनै थिएन । त्यसैले भएन पनि ।

सिरहाकी राजमती मण्डल हरुवा/चरुवा राष्ट्रिय मञ्चकी कोषाध्यक्ष हुन । विपन्नलाई भूमि अधिकार प्राप्तिका लागि कसरी तड्पाइन्छ भन्ने ज्वलन्त उदाहरण उनी आफैँ हुन । २२ वर्षदेखि आन्दोलनमा छिन् हरुवा/चरुवाबाट मुक्ति अनि बसोबास र गरिखानका लागि भूमि पाउनकै लागि । तर..., उनको अवरुद्ध गलाले बल्ल बल्ल सुस्तरी आवाज निकाल्छ- 'सरकारले हामीलाई मुक्त घोषणा गर्‍यो, जसको घरमा हरुवा/चरुवा बसेका थियौँ, उसले पनि मुक्ति गरिदियो । त्यसपछि ?..., हामी झनै विचल्लीमा पर्‍यौँ ।' न बस्ने बास, न त खाने गाँस । लाउने कपास त कहाँ हो कहाँ ? यस्तो अवस्थाको मुक्तिले मुक्ति शब्दकै बेइज्जत गरेको सरकारले थाहै पाएको छैन । अनि यस्तो अवस्थामा राजमती र उनको वर्गका पीडितको भूमि अधिकार कसले दिलाउने ? कहिले दिलाउने ? कार्यक्रममा उपस्थित सबै सहभागी भावुक बने प्रश्न सुनेर । तर उत्तर कोहीसँग थिएन ।

इन्डोनेसियाका एक सहभागीको धारणाले सबैको मन खिचेको थियो कार्यक्रममा । वनको व्यवस्थापनमा महिलाको भूमिका घटाउँदै लगिएको छ रे त्यहाँ । उसै त भूमि, वन तथा सबै निकायमा महिलाको सहभागिता नै कम छ, त्यसमाथि वनमा रहेको थोरै भूमिका पनि घटाइएपछि भन्नै परेन कि उनीहरूलाई प्राकृतिक स्रोतमाथिको पहुँचबाट अलग्याइँदैछ । खासगरी जङ्गलमै बस्ने, त्यहीँ हुर्कने र त्यहीँ मर्ने आदिवासीलाई यसरी जङ्गलबाटै अलग्याउन खोजेपछि के हुन्छ ? उत्तर सहज छ- उनीहरूमाथि अपराध हुन्छ । तर यस्ता अपराधीलाई सजाय कसले दिने ? के दिने ? उत्तर भने कतै पनि छैन । र, यस्तो कार्यक्रम यस्ता प्रश्नको उत्तर खोज्नका लागि पनि आयोजना भएको कार्यक्रमको उद्देश्य बताउने सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाको प्रष्टीकरण थियो ।

अनिता चेपाङ अभियानकर्ता हुन । उनी चितवन राष्ट्रिय निकुञ्ज प्रभावितको पक्षमा लगातार पैरवी गरिरहेकी छिन । त्यसो त उनी आफैँ पनि निकुञ्जको सुरक्षाका लागि राखिएका सुरक्षाकर्मीबाट पीडित व्यक्ति हुन । मध्यवर्ती क्षेत्र महासङ्घ र सेनापीडित महिला सङ्गठनको समेत अध्यक्ष रहेकी अनिता सुरक्षाकर्मीको दुर्व्यवहारबाट यति हैरान छिन् कि जहाँ पनि उनको प्रश्न हुने गरेको छ- 'महिलामाथि हुने भेदभाव र दमनविरुद्ध कसैले चासोसमेत दिँदैनन् । यस अर्थमा हामी पहिचान र अस्तित्वविहीन छौँ । जबकि आफ्नो अस्तित्व नै छैन भने भूमि किन चाहियो र ?' महिला सक्षम हुने हो र आफ्नो पहिचानसहित अघि बढ्ने हो भने भूमि अधिकार प्राप्तिको गन्तव्य छोटिने उनको तर्क थियो ।

परम्परागत संस्थाहरूलाई निष्क्रिय बनाइँदा पनि सीमान्तकृत समुदाय भूमि अधिकारबाट वञ्चित देखिएका छन् । अनि यही कारण जलवायु परिवर्तनजन्य गतिविधिका शिकार पनि बढी नै भएका पाइएका छन् । भारत, बङ्गलादेश जस्ता देशमा पनि विभिन्न आदिवासी/जनजाति समुदायका परम्परागत संस्थालाई मान्यता दिइएको छ किनकि ती संस्थाले भूमिका समस्या, जैविका विविधता, प्रकृति आदिको संरक्षणको काम गर्छन् । आदिवासी अभियन्ता प्रेमसिंह थारूको अनुभवमा भूमिको, पानीको, प्रकृतिको कुरा उठाउने आदिवासी/जनजातिलाई आतङ्ककारी जस्तो ठानिने एउटा प्रमुख कारण यो पनि हो ।

भूमिमाथि स्वामित्व प्राप्ति एउटा पक्ष भयो । तर भूमि पाउनेले पनि सन्तुष्ट हुनुपर्ने कि नपर्ने ?, उसको गुजारा चल्नुपर्ने कि नपर्ने ? अर्को प्रश्न पनि दरिलैसँग उठ्यो यो नीति संवाद कार्यक्रममा । हरुवा/चरुवा अभियानकर्ता बालमाया विश्वकर्माले यो सीमान्तकृत समुदायसँग जमिन नै नभएको जानकारी दिइन् । जसको जमिन छ उसको पनि २-३ धुर मात्र भएकाले जीविकोपार्जन सङ्कटमय भएको उनको भनाइ थियो । यस्तो अवस्थामा भूमिको स्वामित्व स्वामित्व मात्र भन्दा पनि गरिखान पुग्ने स्वामित्वका लागि वकालत गर्नुपर्ने उनको सुझाव थियो ।

समस्या थुप्रै छन् । आदिवासी/जनजाति र महिलाहरू समस्याको आहालमै छन् भन्दा फरक पर्दैन । यसो हुनुको मुख्य कारण विकासप्रतिको बुझाइ पनि हो । भौतिक पूर्वाधारलाई मात्र विकास ठान्ने र हुनेखाने केहीले सुविधा पाएपछि त्यसैलाई विकासको सफलता सम्झने सरकारी परिपाटी पनि यसो हुनुमा कम जिम्मेवार छैन । 'अहिले विश्वमा विकासका नाममा जे भइरहेको छ, आधार भूतरूपमै गलत भइरहेको छ' भन्ने विचारकर्ता सामाजिक अभियन्ता विमल फुयाँलको भनाइ मान्ने हो भने विकास गरिँदा अन्याय हैन, न्याय प्रदान गरिनुपर्छ, मानव अधिकारको सम्मान गरिनुपर्छ । पुरुषमात्र हैन, महिलालाई पनि, शहरलाई मात्र हैन, गाउँलाई पनि हेरिनुपर्छ । यसो गर्दा मात्र अन्याय जति गरिबको भागमा पर्ने अवस्था अन्त्य हुन सक्छ र यसका लागि साझेदारी जरुरी हुन्छ । आइएलसीका हाराफिकले विमल फुयाँलको धारणामा थपेका थिए- त्यही भएर त हामी ८० देशका ३ सय भन्दा बढी सदस्यसँग सहकार्य गर्छौँ । अनुसन्धान गर्छौँ र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराएर साझेदारीको हात अघि बढाएका छौँ ।

## डा. देवेन्द्र चापागाईँ

राजनीतिक स्तरमा हुनुपर्ने गाम्भीर्यता र अठोट नभएकै कारण कानुन कार्यान्वयनमा समस्या देखिएको छ । डा. देवेन्द्र चापागाई यसमा सहमत हुँदै भन्छन्- त्यसैले लेखेर मात्र हुन्न । समस्या त्यहाँ छ । अनि गोपाल दलितचाहिँ नीति सबैका लागि एकैखाले वा सामान्यरूपमा आएर हुन्न, स्पेसिफिक हिसाबले आउनुपर्छ भन्छन् र ठोकुवा गर्छन् कि त्यसो गरिएन भने अहिलेका भूमिसम्बन्धी समस्या समाधान हुन्न । कर्मचारीमा पनि समावेशिता आवश्यक भएको उनको भनाइ छ ।

बङ्गलादेशमा मानव अधिकार र भूमिमा महिलाको अधिकारबारे आवाज उठाउँदै आएकी रोसन जहान मोनी जलवायु परिवर्तनले आदिवासी/जनजातिको जीविकोपार्जनलाई देखिनसहेको बताउँछिन् । त्यसैले उनीहरू आफ्नो पुर्ख्यौली थातथलोबाट बसाइँ सर्न बाध्य भएको सुनाउँदै उनी भन्छिन्- तर विडम्बना, क्लाइमेट रिफ्युजीको परिभाषासमेत आएको छैन । वास्तवमा यसरी बसाइँ सर्न बाध्य

हुनेहरू क्लाइमेट रिफ्युजी हुन् । जसलाई कानुन बनाएरै सम्बोधन गरिनुपर्छ । केयर नेपालका प्रकाश सुवेदी पनि अहिले कस्तो कानुन बनाउने भन्नेबारे सम्बन्धितलाई नै थाहा नभएकाले आफूहरूले गरिरहेका कामले त्यसमा मद्दत गर्ने धारणा राख्छन् । उता बङ्गलादेशकै अधिवक्ता हेमन्तीचाहिँ कानुनमा सबै समान भनिए पनि व्यवहारचाहिँ असमान गरिँदा समस्या बढेको धारणा राख्छिन् ।

राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीले भने नीतिमा खासै समस्या नभएको धारणा राख्छन् । उनका अनुसार मानव अधिकार रक्षकको एक्सन प्लान छ जसले सबै स्थानीय तहमा समितिको व्यवस्था गरेकाले यीमार्फत वकालत गर्न सकिने सुझाउँछन् । समाजशास्त्री डा. सुरेश ढकालचाहिँ कुनै पनि समस्या समाधानका लागि सबै भन्दा पहिले तथ्याङ्क आवश्यक पर्ने तर हामीसँग यही चिजको कमी भएको दाबी गर्छन् । कानुन निर्माणका सवालमा पनि पहिले विधायकहरूले वास्तविक अवस्था थाहा पाउनु यही कारण आवश्यक छ । नीतिमा महिला भन्ने एउटा शब्द राख्न मात्र ३ दिन लड्नुपरेको भारती पाठकको भनाइले पुष्टि गर्छ कि पितृसत्ताको रोगले नराम्रोसँग जकडिएको समाज महिला र आदिवासीका अधिकारप्रति खासै उदार छैन । त्यसैले त राष्ट्रिय भूमि अधिकार मञ्चका कार्यबाहक अध्यक्ष मेघबहादुर बिसीको प्रतिबद्धता छ- भूमि अधिकारबाट वञ्चितको अधिकार लिइछाड्न हामी दरिलो र अझ मजबुत सङ्गठनका साथ अघि बढ्न तयार छौं ।

## सरकारी दाबी

३ दिने कार्यक्रममा विभिन्न देशबाट आएका सहभागी, विज्ञ, पीडित, साक्षी, अभियानकर्ता, दाता आदिले खुलेरै धारणा राखे । कसैले दाबी राखे, कसैले पीडा सुनाए, कसैले अनुभव व्यक्त गरे । कोही नरम भएर बोले । कोही भावुक बने । कोही त रोए पनि । त्यसैले पनि यो सबैको साझा मञ्च बन्न सक्यो । यो मञ्च अझ महत्वपूर्ण त यस कारण सावित भयो कि यसमा सरकारी पक्ष आयोजकको एक हिस्साकै रूपमा सामेल थियो । भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सहआयोजक त थियो नै, यो मन्त्रालयका उच्चपदस्थ कर्मचारीहरू पुरै समय कार्यक्रममा सहभागी भइ यहाँ उठेका सवालप्रति अपनत्व ग्रहण गर्नु निकै फलदायी पक्ष रह्यो । यसबाट प्रष्ट हुन्छ कि यो मन्त्रालय भूमि अधिकारबाट वञ्चित सीमान्तकृतका पीडाप्रति संवेदनशील छ ।

'हाम्रो जस्तो देशमा भूमिमा पहुँचलाई महत्वपूर्ण मानिन्छ । पन्ध्रौं योजनाले लिएको लक्ष्य हासिल गर्न यो मन्त्रालयको भूमिका बढी महत्वपूर्ण हुन्छ । लगभग डेढ करोड जनतासँग जमिनमाथि पहुँच छ । ८-१० लाख जनतासँग जमिनमाथि पहुँच छैन । यो मन्त्रालय भूमि भएकाको मात्र हैन, नभएको पनि हो । सबैसँग भूमि हुनुपर्ने कुरालाई संविधानले पनि उल्लेख गरेको छ । त्यसैले महिलाको नाममा स्वामित्व हुँदा लाग्ने दस्तुर हामीले घटाएका पनि छौं । महिलाको विकासका लागि विभिन्न कुराका अलावा जमिनमाथि स्वामित्व पनि एक हो'- भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीको यो महसुसीकरण निकै सकारात्मक मान्नुपर्छ । भूमि आयोगले काम गरिरहेको सन्दर्भमा यसबाट पनि भूमिमाथि महिलाको स्वामित्व बढ्ने उनको भनाइबाट यो क्षेत्रमा केही सुधार हुने आशा गर्न सकिन्छ ।

नीति बनाउँदा जसको कुरा सुन्नुपर्छ (जस्तो किसान) उसकै पहुँच छैन भनेर डा. रेग्मीले नीति बनाउने प्रक्रियामै पनि फेरबदल गर्नुपर्ने धारणा राखेका थिए । 'इलाइट बेस्ड पोलिसी मेकिङ सिस्टम' हाबी हुँदा यसले वास्तविक समस्या रोकेको र त्यही कारण समाधानमा समेत बाधा उत्पन्न भएको उनको अनुभव अनुभव नेपालको यथार्थताको प्रतिबिम्ब पनि हो । यही मन्त्रालयका सहसचिव प्रकाश जोशीले सरकारले भूमि नीति नै बनाएर काम गरिरहेकाले महिला र आदिवासीको भूमि स्वामित्व वृद्धि हुँदै जाने उल्लेख गरेका थिए । विविध सरकारी प्रयासकै कारण भूमिमाथि महिलाको स्वामित्व क्रमशः बढिरहेको र त्यसले समाजमा महिलाको प्रतिष्ठा बढेको उनको दाबी थियो ।

**जनकराज जोशी**, महानिर्देशक- नापी विभाग

भूमि असमानता, सामाजिक न्याय, उत्पादन वृद्धि, आर्थिक वृद्धि आदिसँग मात्र जोडिएको छैन । यो खाद्य सम्प्रभुतासँग नङ र मासुको सम्बन्ध राख्छ । अर्कोतर्फ वातावरण संरक्षण, जलवायु परिवर्तनका कारण सिर्जित समस्या सम्बोधन गर्ने र समग्रमा दिगो भूमि व्यवस्थापनको विषय पनि हो यो । सामन्तवाद, दासप्रथा आदिसँग पनि जोडिएको छ भूमि । त्यसैले नापी विभागका महानिर्देशक जनकराज जोशीको भनाइ छ- भूमिको कुरा गर्दा पहिलो सामाजिक न्याय र दोस्रो उत्पादन वृद्धिमा जोड दिनुपर्छ । भूमि आयोगका प्रतिवेदनहरूले पनि मुख्य गरी यिनै २ वटा सिफारिसमा जोड दिएका छन् । सहसचिव डा. राधा वाग्ले पनि घर झगडामा समेत जलवायु परिवर्तनको असर देखिन थालेकाले सबै नीति बनाउँदा यो पक्षमा विचार पुऱ्याउनुपर्ने भनाइ राख्छिन् । सम्पत्तिलाई पुरुषसँग मात्र जोडेर हेर्ने प्रवृत्ति नै गलत ठान्ने उनी यो सोचमा पनि परिवर्तन आवश्यक ठान्छिन् ।

भूमि तालिम केन्द्रका कार्यकारी निर्देशक गणेश भट्टचाहिँ समस्या छिमोल्न योजना चाहिने र त्यसका लागि वास्तविक तथ्याङ्क आवश्यक पर्ने बताउँदै हामीहरूको समस्या नै यहीँनेर भएको बताउँछन् । यस्ता कार्यक्रममा भूमिबाहेक अरू सरकारी निकाय उपस्थित नहुनु तर समाधान भने उनीहरूसँग पनि जोडिनुले समेत समस्याको आकार घट्न नसकेको महसुसीकरण भट्टले व्यक्त गरे । जसले विषय उठान गऱ्यो, जिम्मेवारी उसैले मात्र लिनुपर्छ भन्ने सरकारी निकायहरूको मान्यताका कारण समस्या रहेको उनको थप ठम्याइ थियो । सरकारी उच्च पदाधिकारीमा नै यस्तो महसुस हुनु भूमि अधिकारका लागि लडिरहेका अभियन्ता, शुभचिन्तकका लागि सकारात्मक मान्नुपर्छ ।

## निष्कर्ष

नीति निर्माता, शिक्षाविद् र समुदायमा आधारित सङ्गठनका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको यो कार्यक्रम जलवायु न्याय सुनिश्चितताको माग गर्दै समापन भएको थियो । सय भन्दा बढी भूमि

र वातावरण रक्षकहरूले दक्षिण एसियाली सरकारहरू र अन्य क्षेत्रीय नेताहरूलाई महिला, साना किसान, आदिवासी/जनजाति र भूमिहीनलगायत सीमान्तकृत समुदायको भूमि र स्रोत अधिकार सुनिश्चित गर्न पनि आग्रह गरे। सहभागीहरूले जलवायु परिवर्तनका कारण सीमान्तकृत समुदायको खस्कँदै गएको अवस्थाबारे छलफल गरेका थिए। सुरक्षित भूमि अधिकार जलवायु न्यायका लागि महत्वपूर्ण हो भन्ने कुरामा छलफलमा सहभागी सबै जना सहमत भए।

दक्षिण एसियाका सबै सहभागी देशहरूमा भूमि र वातावरणीय नीतिहरू, वास्तविक अभ्यासहरू र जनताका वास्तविक आवश्यकताहरूबीच ठूलो अन्तर छ। उनीहरूले नीति तर्जुमा र कार्यान्वयन प्रक्रियामा महिला, आदिवासी जनजाति र स्थानीय समुदायको अर्थपूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न पनि सरकारलाई सिफारिस गरेका छन्।

सम्वादले विभिन्न सामाजिक आन्दोलनका तल्लो तहका अभियन्ताहरू, नागरिक समाजका सङ्गठन, शिक्षाविद्हरू, आदिवासी नेताहरू, सरकारी अधिकारीहरू र महिला नेताहरूलाई समावेशी हिसाबले यस्ता विषयमा अन्तरक्रियात्मक छलफलका लागि मञ्च प्रदान गर्नु सकारात्मक पक्ष बन्यो। जहाँ बङ्गलादेश, नेपाल, भारत, इन्डोनेसिया, फिलिपिन्स, थाइल्यान्ड आदि देशका सहभागी उपस्थित थिए।

तीन दिनको यो कार्यक्रम जलवायु संकटको सन्दर्भमा महिला र आदिवासी जनजातिको भूमि अधिकारसँग सम्बन्धित सवालहरू उजागर गर्न सफल भएको छ। जसलाई सिफारिसका रूपमा प्रस्तुतसमेत गरिएको छ। यसरी सिफारिस गरिएका सुझावमा पहिलो, स्थानीय अभियन्ता र अनुसन्धानकर्ताहरूबीचको सहकार्य र साझेदारीको आवश्यकता महसुस गरिएको छ र वातावरणीय दिगोपनका लागि स्थानीय ज्ञान प्रणाली र अभ्यासलाई अभिलेखीकरण गर्न आवश्यक छ। त्यसो गर्दा, सहभागितामूलक दृष्टिकोणसहित प्रारम्भिक गतिविधिहरूमा लैङ्गिक र अन्तरसम्बन्ध विश्लेषण गर्न आवश्यक छ।

यसैगरी अन्य सुझावमा योजना र कार्यान्वयन स्तरमा अभ्यास आवश्यक ठानिएको छ। जस्तो- स्वदेशी र स्थानीय ज्ञान प्रणाली र अभ्यासको प्रबर्द्धन, यसका लागि अनुसन्धान र साझेदारी, सहभागितामूलक दृष्टिकोणसहितका प्रारम्भिक गतिविधिहरू मा लैङ्गिक र अन्तरसम्बन्ध विश्लेषण अभ्यास, समुदाय र स्थानीय सरकारहरूका लागि जलवायु परिवर्तनको सामना गर्ने क्षमता निर्माण, जागरुकता अभिवृद्धि आदि। यसैगरी भूमि, वन र पानीमा ज्ञान आदानप्रदान जारी राख्ने, वातावरण रक्षकहरूको मानव अधिकारको सम्मान गर्ने, सहभागितामूलक दृष्टिकोणमा आधारित जनकेन्द्रित नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्ने, सहभागितामूलक दृष्टिकोणमा अवस्थित नीति, योजना र कार्यक्रमहरूलाई पूर्णरूपमा कार्यान्वयन गरी प्रभावकारीरूपमा अनुगमन गर्ने जस्ता सिफारिस पनि छलफलले गरेको छ।

यसरी नै महिला र आदिवासी समुदायको वातावरणसहितका सबै प्रकारका न्याय लैंगिक आधारमा सुनिश्चित गर्ने, जलवायु शरणार्थीहरूको परिभाषा निर्माण गर्ने, तिनीहरूलाई भूमि र जलवायुसम्बन्धी नीति र कार्यक्रमहरूमा समावेश गर्न पहल गर्ने, दक्षिण एसियाली क्षेत्रमा कृषिमा महिलाकरण सम्बन्धमा क्षेत्रीय अभियान सुरु गर्ने र वातावरण र जैविक विविधता गतिविधिहरूमा महिला किसान र ग्रामीण महिलालाई जागरुक र सक्षम बनाउन पहल गर्ने पनि छन्।

महिला किसान र ग्रामीण महिलाको खाद्य सुरक्षा वृद्धि गर्ने, महिला, दलित, युवा र आदिवासी समुदायका लागि जमिन, जङ्गल र जलमा समान पहुँच सुनिश्चित गर्ने, ग्रामीण युवाहरू, महिला किसानहरू, आदिवासी जनजातिहरू र स्थानीय समुदायहरूका लागि डिजिटल साक्षरता प्रशिक्षण प्रदान गर्ने, भूमि, वन र जल अधिकारका लागि राष्ट्रिय भूमि गठबन्धनहरूमार्फत दक्षिण एसियाली देशहरू र क्षेत्रीय सञ्जालहरूबीच साझेदारी बढाउने, जलवायु परिवर्तन सामनामा भूमि र वातावरणीय असमानता चित्रण गर्नका लागि सबैको पहुँचय पुग्ने गरी तथ्याङ्कहरू निर्माण गर्ने र निर्णय प्रक्रियामा महिला र आदिवासी जनजातिहरूको सहभागिता सुनिश्चित गर्ने जस्ता विषयमा पनि यो अन्तर्राष्ट्रिय नीति सम्वाद कार्यक्रमका सहभागीले जोड दिएका थिए।

## अन्त्यमा,

यो कार्यक्रम नागरिक समाज, नीति निर्माण, अभियन्ता र लैङ्गिक न्यायका पक्षधरहरूको कार्यक्रमका रूपमा स्थापित भयो। जलवायु परिवर्तनका कारण थप विपन्नताको आहालमा डुब्न बाध्य महिला र सीमान्तकृतहरूको क्षमता बढाउने र नीतिगत सवालमा पनि प्रतिनिधित्व वृद्धिका लागि यो कार्यक्रम कोसे ढुङ्गा सावित भएको सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाको भनाइले पुष्टि गर्छ कि आवश्यक विषयमा आवश्यक बेलामा आवश्यक कार्यक्रम सम्पन्न भएको छ।

त्यसैगरी भूमि सुधारको इतिहास १९४५ बाट सुरु भए पनि आजसम्म नटुङ्गिएको र यही कारण ८० प्रतिशत साना किसान बस्ने एसियामा भूमि अधिकारको सवाल झन झन पेचिलो बन्दै गएको सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जगत बस्नेतको भनाइले पुष्टि गर्छ- जहाँ विश्वका दुईतिहाइ गरिब बस्छन्, त्यहीँ भूमिको स्वामित्वमाथि खेलवाड गरिएकाले समस्या ज्युका त्युँ रहन पुगेको हो। र, गरिबहरू झन गरिब बन्ने र अन्यायमा पारिने अवस्था सिर्जना भयो।

अनि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अध्यक्ष गोपाल थापा मगरले भने जस्तै आदिवासी/जनजाति र महिलाको भूमि अधिकारसँग जोडिएका समस्या भारत, बङ्गलादेश र नेपालका करिब करिब उस्तै हुन्। यस्ता घटना जलवायु परिवर्तनका कारण अझ बढ्ने देखिन्छ।

त्यसैले जलवायु परिवर्तनले पारेका असर तथा यसले खोसेको सीमान्तकृतको भूमि अधिकारका समस्या दक्षिण एसियाभर समानखालका छन्। विडम्बना त यो छ कि मानव अधिकार, वातावरण रक्षकहरूसमेत आफैँ असुरक्षित छन्। यही कारण छिन्नभिन्न भएको लैङ्गिक न्याय पुनर्स्थापना गर्नुपर्ने अर्को गम्भीर दायित्व पनि छ। यस्तो अवस्थामा समान समस्या भएका देशहरूको सञ्जाल बनाएर साझेदारी र समन्वयसाथ अघि बढ्नुपर्ने कार्यक्रमको निष्कर्ष नै सबै भन्दा प्रभावकारी हुन सक्ने देखिन्छ। ✿



कल्पना कार्की

# भूउपयोग योजना र वर्गीकरणमा स्थानीय सरकार



मानव र प्रकृतिबीच अन्योन्याश्रित सम्बन्ध छ। मानव र प्रकृतिबीचको सम्बन्धलाई दिगो बनाउनका लागि प्राकृतिक नियमको अनुशरण अपरिहार्य छ। पृथ्वीमा उपलब्ध स्रोत साधनको न्यायिक र दिगो उपयोगको योजना र अभ्यास आवश्यक छ। प्रकृति, कृषियोग्य भूमिको संरक्षण, प्राकृतिक विपद् न्यूनीकरण र व्यवस्थापनका लागि भूउपयोग योजनाको विशेष महत्व छ। समग्र विकासका लागि पूर्वाधार तयार गर्न भूउपयोग योजना आवश्यक छ। भूउपयोग योजना तर्जुमा हरेक तहगत सरकारको आधारभूत काम हो। भूउपयोग योजनाले समग्र विकास निर्माणको योजना तर्जुमालाई व्यवस्थितरूपमा अगाडि बढाउन मद्दत पुर्‍याउँछ।

जग्गाको क्षमताअनुरूप पृथ्वीको सतहमा गरिने गतिविधि, क्रियाकलाप तथा व्यवस्थालाई भूउपयोग भनिन्छ। विश्व खाद्य तथा कृषि सङ्गठनकाअनुसार पृथ्वीको सतह र आफ्नो वरिपरिको वातावरणसँग मानव समाजको अन्तर्क्रिया नै भूउपयोग हो। भूउपयोग योजना भन्नाले भूमिको समुचित उपयोगका लागि भूउपयोगका क्षेत्रहरूसमेत छुट्याइ तयार गरिएको योजना बुझ्नुपर्छ।

जमिनको विवेकपूर्ण, वातावरणमैत्री र दिगो उपयोगको माध्यमबाट उत्पादन वृद्धि, सुरक्षित आवास, दिगो पूर्वाधार, वातावरणीय सन्तुलन सुनिश्चित गर्नका निमित्त तर्जुमा गरिने योजना नै भूउपयोग योजना हो। समुदायको माग र आवश्यकता पूर्ति गर्न भूमि तथा भूमि स्रोतको दिगो विकास र व्यवस्थापनका लागि सक्षम वातावारण तयार गर्ने लक्ष्य प्राप्त गर्न व्यवस्थित र प्रक्रियागत क्रियाकलापहरू भूउपयोग योजनाअन्तर्गत पर्छन्। यसले दिगो विकासको सन्दर्भमा भौतिक, सामाजिक, आर्थिक, संस्थागत र कानुनी अवसर एवम् चुनौतीहरूको समीक्षा गर्दै भूमि तथा भूमि स्रोतको उपयोग गर्ने, योजना तर्जुमा गर्न, आवश्यक निर्णय लिन र सोका लागि क्षमता विकास गर्ने कार्यलाई जोड दिन्छ।

सङ्घीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ लागु गरेको छ। जसअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको भूउपयोग परिषद् गठन गरी भूउपयोग योजना तर्जुमा गर्नुपर्ने प्रावधान छ।

स्थानीय तहको भूउपयोग योजना तर्जुमा गर्नुअघि भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धिलगायतका विषयमा अध्ययन गरी दीर्घकालिन भूउपयोग योजनाको आधारपत्र तयार गर्नुपर्दछ। यसको आधारमा स्थानीय तहको समग्र आर्थिक, सामाजिक, पूर्वाधार विकासलगायतका विषयगत योजनासमेत समावेश गर्नुपर्नेछ।

### भूउपयोग र जग्गाको वर्गीकरण

भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली २०७९ अनुसार जमिनको बनौट, उपयुक्तता, भूमिको मौज्युदा उपयोग र आवश्यकतासमेतको आधारमा भूमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्र गरी दश क्षेत्रमा वर्गीकरण गर्नुपर्ने प्रावधान छ।

हाल भूमिको वर्गीकरण बिना भूमिको कित्ताकाट गर्न निषेध गरिएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले पछिल्लो सूचना सर्कुलर गरी सबै स्थानीय सरकारले जग्गालाई कृषि र गैरकृषि क्षेत्रमा वर्गीकरण गर्न ६ महिनाको म्याद दिएको थियो। उक्त म्याद गुज्रिसकेको छ। हाल थोरै स्थानीय तहले मात्र कृषि र गैरकृषि क्षेत्र छुट्याई कित्ताकाट खुलाउन सफल भएका छन्। केही स्थानीय तहले भूउपयोग योजनाका लागि आधारभुत काम नै नसकी कित्ताकाट खुलाउनका लागि मात्र गरिएको भूमिको वर्गीकरण गर्नु हतारो मात्र हुनेछ। यसले दीर्घकालिन र प्रकृतिमैत्री हुन सक्दैन।

तसर्थ हरेक स्थानीय तहले भूमिको वर्गीकरण गर्नु अगाडि आधारपत्र र सोचपत्र तयार गर्न जरुरी छ। आधारपत्रमा भूमिको वस्तुस्थिति, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धिलगायतका विषयमा अध्ययन गरी दीर्घकालिन भूउपयोग योजनाको आधारपत्र तयार गर्नुपर्दछ। भूउपयोग योजना यसको आधारमा स्थानीय तहको समग्र आर्थिक, सामाजिक, पूर्वाधार विकासलगायतका विषयगत योजनासमेत समावेश गर्नुपर्नेछ। सोच पत्रमा हरेक स्थानीय तहको स्थानीय परिवेशको आधारमा आगामी २० वर्षको प्रष्ट सपना कोरिनु पर्दछ। त्यही सपनाको आधारमा भूउपयोगको बाँकी काम अगाडि बढाउनुपर्दछ। यस्तो योजनाले स्थानीय जनताको वर्तमान आवश्यकता र जीविकोपार्जनमा सहयोग पुर्‍याउनुका साथै भावी पुस्ताको आवश्यकतालाई समेत आत्मसात गरी उपलब्ध भूमि र भूमि स्रोतको दीर्घकालीन र दिगो उपयोग सुनिश्चित गर्नुपर्छ। भूउपयोग योजना तर्जुमा कार्यमा सङ्लग्न सरोकारवालाहरूलाई आफ्नो आवश्यकता र उपलब्ध भूमिको अवस्थिति, गुण, क्षमता र सीमितताको आधारमा सोचपत्र तयार गर्नुपर्दछ।

स्थानीय तहको भूउपयोग योजना स्थानीय सरोकारवालाहरूको सहभागिता, छलफल र समन्वयमा तयार गर्नुपर्दछ।

**हाल थोरै स्थानीय तहले मात्र कृषि र गैरकृषि क्षेत्र छुट्याई कित्ताकाट खुलाउन सफल भएका छन्। केही स्थानीय तहले भूउपयोग योजनाका लागि आधारभुत काम नै नसकी कित्ताकाट खुलाउनका लागि मात्र गरिएको भूमिको वर्गीकरण गर्नु हतारो मात्र हुनेछ। यसले दीर्घकालिन र प्रकृतिमैत्री हुन सक्दैन।**

भूउपयोग दिगो र प्रभावकारी बनाउन आपसी वार्ता र छलफलका आधारमा उपयुक्त निर्णय लिनुपर्दछ। यस प्रक्रियाबाट गरिने निर्णय सामाजिकरूपमा न्यायपूर्ण, आर्थिकरूपमा सम्भाव्य, वातावरणीयरूपमा दिगो, सांस्कृतिकरूपमा सबैलाई मान्य तथा प्राविधिकरूपमा उपयुक्त हुनुपर्छ। यस्तो योजनाले व्यक्तिगत, सरकारी र सार्वजनिक तथा सामुदायिक उपयोगमा रहेका सबै प्रकारका जग्गाको समुचित उपयोग र संरक्षण सुनिश्चित गर्नुपर्छ।

हरेक स्थानीय तहको क्षेत्रभित्रको भूमिको उपयोगको क्षेत्र नक्शा तयार गर्नुपर्दछ। यस्तो नक्शा भूउपयोग ऐन लागु भएको मितिले तीन महिनाभित्र सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिसक्नुपर्ने प्रावधान छ। हस्तान्तरण पनि भइसकेको छ। यदि प्राप्त भएको छैन भने स्थानीय तहले नापी विभागबाट लिन सकिनेछ।

आफ्नो क्षेत्रको भूउपयोग क्षेत्र नक्शाङ्कन र दीर्घकालिन भूउपयोग योजना आधारपत्रको आधारमा भूउपयोग योजना तयार गर्नुपर्दछ। भूउपयोग योजना तयार गर्दा औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, अन्तर प्रदेश फैलिएका परियोजना, संरक्षणयोग्य राष्ट्रिय महत्वका प्राकृतिक तथा भौतिक सम्पदाहरू, अन्तर्राष्ट्रिय पहिचान र मानवीय आस्था बोकेका धार्मिक, साँस्कृतिक महत्वका स्थानहरू, विद्यालय क्षेत्र, राष्ट्रिय सुरक्षाको दृष्टिले संवेदनशील स्थानहरू, वातावरणीय स्वच्छता तथा जैविक विविधता संरक्षणको लागि सुरक्षित क्षेत्र र अन्य आवश्यक क्षेत्रहरू देखिने हुनु पर्दछ।

भूउपयोग ऐन, २०७६ र नियमावली २०७९ बमोजिम तयार भएको भूक्षमतासम्बन्धी डाटा र तयार भएको जोखिमयुक्त क्षेत्रसम्बन्धी डाटालाई छुट्टाछुट्टै लेयरको रूपमा नक्स मा आवद्ध गर्नुपर्छ। वर्तमान भूउपयोग क्षेत्रबाट जोखिमयुक्त क्षेत्र घटाइ बाँकी क्षेत्रको भूक्षमता विश्लेषण गरी कृषि प्रयोजनका लागि उत्तम, मध्यम र सामान्य गरी प्रारम्भिक वर्गीकरण गर्नुपर्छ। पहिचान गरिएको स्थानीय आवश्यकताको अध्ययन गरी सो क्षेत्रका विभिन्न आवश्यकताहरूको विश्लेषण गर्नुपर्छ।

उक्त क्षेत्रको हालको जनसङ्ख्या, विगत २० वर्षको जनसङ्ख्या वृद्धिको अवस्था, बसाइँ सराइ, भौतिक विकास निर्माणको गति, आर्थिक गतिविधि, बजार विस्तार, स्थानीय उत्पादन, औद्योगिक गतिविधि, सार्वजनिक सेवा आदिको विश्लेषण गर्नुपर्छ। आवास तथा शहरी विकास विज्ञको सहयोगमा सकेसम्म कृषि प्रयोजनका लागि सामान्य



भूक्षमता भएको जोखिमरहित क्षेत्रमा आगामी २० वर्षका लागि स्थानीय आवासको आवश्यकता पूर्ति गर्न सक्ने गरी आवास क्षेत्र छुट्याउनुपर्छ। यसरी आवास क्षेत्र छुट्याउँदा सो भित्र पर्ने सबै किसिमका पूर्वाधार (सडक, पेटी, ढल, खानेपानी बिजुली बत्ती, हरित क्षेत्र, पार्क, पुस्तकालय, वाचनालय, सामुदायिक भवनलगायत) का लागि आवश्यक क्षेत्रसमेत समावेश गर्नुपर्छ।

व्यावसायिक क्षेत्र छुट्याउँदा सकेसम्म कृषि प्रयोजनका लागि सामान्य भूक्षमता भएको जोखिमरहित क्षेत्रमा आगामी २० वर्षसम्म व्यापार, व्यवसाय, सेवा सञ्चालनका निमित्त आवश्यक पर्न सक्ने क्षेत्र छुट्याउनुपर्छ। यसरी व्यावसायिक क्षेत्र छुट्याउँदा सो क्षेत्रभित्र पर्ने सबै किसिमका पूर्वाधारका लागि आवश्यक क्षेत्रसमेत समावेश गर्नुपर्छ। औद्योगिक क्षेत्र छुट्याउँदा सकेसम्म कृषि प्रयोजनका लागि सामान्य भूक्षमता भएको जोखिमरहित क्षेत्रमा, आवाशीय क्षेत्र, खानेपानी, नदी, जङ्गल जस्ता प्राकृतिक स्रोत भन्दा उपयुक्त दुरीमा आगामी २० वर्षसम्म उद्योगधन्दा, कलकारखाना सञ्चालनका निमित्त आवश्यक पर्न सक्ने क्षेत्र छुट्याउनुपर्छ। खनिज पदार्थ फेला परेको वा फेला पर्न सक्ने भनी सम्भाव्यता अध्ययन भइसकेको क्षेत्रलाई खानी वा खनिजजन्य क्षेत्रमा वर्गीकरण गर्नुपर्छ।

विश्व सम्पदा सूचीमा परेका, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक

**व्यावसायिक क्षेत्र छुट्याउँदा सकेसम्म कृषि प्रयोजनका लागि सामान्य भूक्षमता भएको जोखिमरहित क्षेत्रमा आगामी २० वर्षसम्म व्यापार, व्यवसाय, सेवा सञ्चालनका निमित्त आवश्यक पर्न सक्ने क्षेत्र छुट्याउनुपर्छ।**

महत्वका संरचना वा त्यस्ता संरचना भएका वा त्यस्ता संरचना निर्माणाधीन क्षेत्रलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्नुपर्छ। भूउपयोग नीतिमा उल्लेख भएका र सो क्षेत्रका लागि आवश्यक देखिएका क्षेत्रहरू नीतिमै उल्लिखित परिभाषा र दिशानिर्देशबमोजिम वर्गीकरण गर्नुपर्छ। कृषिका लागि उपयुक्त क्षेत्रलाई समेत आवश्यकताअनुसार अन्न उत्पादन क्षेत्र, नगदे बाली उत्पादन क्षेत्र, फलफूल तथा तरकारी उत्पादन क्षेत्र, पशु पालन क्षेत्रलगायतमा थप वर्गीकरण गर्नुपर्छ। यस्तो वर्गीकरणले बाली विविधिकरण-समग्रमा पर्यावरणीय सन्तुलनालाई असर गर्छ कि गर्दैन भन्ने कुरामा सचेत हुनुपर्छ।

वर्गीकरण प्रयोजनको लागि कानुन र नियमसँग प्रतिकुल नहुने गरी आन्तरिक कार्यविधि तयार गर्ने र भूउपयोग परिषद्‌बाट स्वीकृत गरी सरलबाट जटिलतिर जानुपर्दछ। कार्यविधिमा रहने सङ्घीय र प्रदेश आयोजना छुट्याउने, बाटो, सडक, नदी तथा खोला, खोल्सीहरूको सूची बनाई अधिकार क्षेत्र तोक्ने र सूचित गर्ने, वन क्षेत्र छुट्याउने रेखा सुनिश्चित गर्नुपर्दछ। नजी जग्गाको तालपोखरी यसमा समावेश गर्नुपर्दैन। विद्यमान औद्योगिक क्षेत्र छुट्याउने र औद्योगिक क्षेत्र नभए सोका लागि स्थान छुट्याउनु पर्दछ। खानी खनिज क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, नदीनाला तथा ताल तलैया क्षेत्र र व्यवसायिक क्षेत्र छुट्याउनु पर्दछ। आवासीय र कृषि क्षेत्र छुट्याउनु पर्दछ। बस्ती रहेको र नक्शामा आवासयोग्य देखिएको क्षेत्र आवास क्षेत्र मान्ने, बस्ती रहेको तर नक्शामा जोखिम क्षेत्र देखिएमा स्थानान्तरण गर्ने सूचीमा राख्नु पर्दछ। एकान्तमा छरिएका घरहरू रहेको स्थान नक्शामा कृषि देखिए कृषि नै जनाउने र पूर्वाधार विस्तार गर्नु हुँदैन। हाल खेती भइरहेका जग्गालाई कृषि क्षेत्रअन्तर्गत राख्नुपर्दछ।

हाल जहाँ जहाँ सडकका छेउमा घरहरू बनिसकेका छन, नक्शामा सो स्थान बसोबासयोग्य छ भने ती घरहरूलाई साविक बमोजिम रहन दिनुपर्दछ। कम उब्जाउ क्षेत्रमा व्यवस्थित घडेरी विकास गरी विस्थापित र भूमिहीनलाई उपलब्ध गराउनु पर्दछ। व्यवस्थित वस्ती विकास गर्दा एकीकृत वस्ती विकासका मापदण्ड पालन गनुपर्दछ। कृषि सडकको दायाँबायाँ निर्माण कार्य गर्नु हुँदैन। खोला, नदी, बाटोको अधिकार क्षेत्र तोक्ने र क्षेत्राधिकार भित्र रहेका घरहरूलाई त्यहाँबाट स्थानान्तरण गर्न प्रोत्साहित गर्नुपर्दछ। साथै साविक स्थानमा पूर्वाधारका सुविधा उपलब्ध गराउनु हुँदैन।

स्थानान्तरण गरिएका परिवारलाई एकीकृत व्यवस्थित वस्तीमा बसोबास गराउनु पर्दछ। बस्ती सार्न वा भूमिहीनलाई

जग्गा व्यवस्था गर्दा भूमि सम्बन्धी ऐन २०२१ को दफा ५२(ख) (४) बमोजिमको धार्मिक, साँस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा, प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा, सार्वजनिक जग्गा, नदी, खोला, वा नहर किनाराका जग्गा, राष्ट्रिय निकुञ्ज, वा संरक्षित क्षेत्रको जग्गा, सरकारी जग्गाहरूमा बसोबास गराउनु हुँदैन। सडक किनारहरूमा घर पसल बनाउन स्वीकृति दिनु हुँदैन। कृषि क्षेत्रभन्दा संरचना निर्मित क्षेत्र र संरचना निर्मित क्षेत्रभन्दा खाली घडेरीमा बढी कर लगाउने प्रावधान गर्नुपर्दछ।

यसरी गरिएको वर्गीकरणको नक्साङ्कन गरी नक्सा तथा डाटावेस तयार गर्नुपर्छ। त्यसपछि भूउपयोग क्षेत्र वर्गीकरणका लागि मापदण्ड तयार गर्नुपर्दछ। मापदण्डको आधारमा भूउपयोग क्षेत्र वर्गीकरण अध्यावधिक गरिन्छ। त्यसपछि कित्ता नक्शा र सुपरईम्पोज नक्शा तयार गर्नुपर्दछ। वर्गीकरणमा आधारित कित्ता डाटा सङ्कलन र वितरण गरिन्छ। त्यसपछि वर्गीकरण र कित्ता डाटा प्रमाणीकरण गरिन्छ।

भूउपयोग योजनाले जग्गाको खण्डीकरण नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ। स्थानीय तहको जग्गा वर्गीकरणअनुसार उपयोग हुँदै जाने स्थिति बनाउनुपर्दछ। साविक बनिसकेको घरहरूबाहेक कृषियोग्य जग्गामा घर निर्माण वा बसोबासका थप पूर्वाधार बनाउन थप बिस्तार गर्न सकिने छैन। आवासीय प्रयोजनको लागि वर्गीकरण गरिएको क्षेत्रबाहेकका अन्य क्षेत्रमा कुनै पनि प्रयोजनले व्यावसायिकरूपमा घडेरी विकसित गरी बिक्री वितरण गर्न पाइने छैन। स्थानीय तहले आफ्नो क्षेत्रभित्रको जग्गाको मूल्याङ्कन गर्दा र भूमिसम्बन्धी करको निर्धारण गर्दा भूउपयोग क्षेत्र वर्गीकरणलाई समेत आधार मान्नुपर्दछ।

भूउपयोग कार्यान्वयनका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तीनै तहमा भूउपयोग परिषद् गठन गर्नुपर्दछ। सङ्घीय तहमा भूमि व्यवस्थासम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा आठ सदस्यीय, प्रदेश तहमा मुख्य मन्त्रीको अध्यक्षता, र स्थानीय तहमा प्रमुख या अध्यक्षको अध्यक्षतामा पाँच सदस्यीय भूउपयोग परिषद् गठन गर्नुपर्नेछ। साथै स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्न प्रत्येक स्थानीय तहमा गाउँपालिका उपाध्यक्ष वा नगरपालिका उपप्रमुखको अध्यक्षतामा भूउपयोग कार्यान्वयन समिति गठन गर्नुपर्नेछ।

**आवासीय र कृषि क्षेत्र छुट्याउनु पर्दछ। बस्ती रहेको र नक्शामा आवासयोग्य देखिएको क्षेत्र आवास क्षेत्र मान्ने, बस्ती रहेको तर नक्शामा जोखिम क्षेत्र देखिएमा स्थानान्तरण गर्ने सूचीमा राख्नु पर्दछ। एकान्तमा छरिएका घरहरू रहेको स्थान नक्शामा कृषि देखिए कृषि नै जनाउने र पूर्वाधार विस्तार गर्नु हुँदैन। हाल खेती भइरहेका जग्गालाई कृषि क्षेत्रअन्तर्गत राख्नुपर्दछ।**

भूउपयोग परिषद्को मूल काम तहगत दीर्घकालिन तथा आवधिक योजना बनाई लागु गर्ने हो। जग्गाको उपयोग सुनिश्चित गर्दै, भूउपयोग योजना सञ्चालन गर्न आवश्यक भूउपयोग नक्शा डाटा तयार गर्न लगाउने, भूउपयोग क्षेत्र वर्गीकरण, योजना तर्जुमा र कार्यान्वयनसम्बन्धी अन्य आवश्यक आधार तथा मापदण्ड तयार गर्ने र भूउपयोगसम्बन्धी कुनै पनि विवाद आएमा समाधान गर्ने हो।

### अबको बाटो

भूउपयोग भूमि सुधारका विविध चरण र कार्यमध्ये एक हो। हाल भूमिसम्बन्धी समस्या समाधान आयोग र स्थानीय सरकारबीच सम्झौता भई कार्य अगाडि बढीरहेको छ। भूमि र भूमिसम्बन्धी समस्या पनि स्थानीय तहमा नै छ। त्यसैले भूउपयोग योजना तर्जुमा र कार्यान्वयनको अगुवाई पनि स्थानीय सरकारले नै गर्न जरुरी छ। सङ्घ र प्रदेश सरकारले भूउपयोगसम्बन्धी नीतिगत बाधा र अड्चन फुकाउन मद्दत गर्नुपर्दछ।

नेपालमा भूउपयोग योजनासम्बन्धी कार्य पहिलो पटक अघि बढीरहेको छ। स्थानीय हालको परिवेश, त्यहाँको जनघनत्व, भूमिलगायत प्राकृतिक स्रोतको उपलब्धता, भूउपयोगको योजना र भविष्यको सुन्दर कल्पनासहितको हरेक स्थानीय तहले भूउपयोग आधारपत्र र योजना तयार गरी यथाशिघ्र कार्यान्वयनमा लैजानुपर्दछ। यो कार्य गर्न स्थानीय सरकारले ढिलो गर्नु हुँदैन। सङ्घ र प्रदेश सरकारको सहयोग लिँदै आफ्नो क्षेत्रको भूउपयोग योजना निर्माण र कार्यान्वयनलाई प्राथामिकता दिनुपर्दछ। भूउपयोग योजनापछिका सबै क्षेत्रका विकासले हरेक स्थानीय तहलाई सुन्दर र व्यवस्थित बनाउन मद्दत गर्नेछ। प्राकृतिक विपद् न्यूनीकरण र व्यवस्थापन गर्न सजिलो हुनेछ। कृषियोग्य जग्गाको संरक्षण भई उत्पादनमा वृद्धि हुनेछ। जग्गाको खण्डीकरण नियन्त्रण हुनेछ। स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी र सार्वजनिक जग्गाको संरक्षण र सम्वर्द्धन हुनेछ।

भूउपयोग कार्यलाई सफल बनाउनका लागि भूमि र कृषिसँग सम्बन्धित सबै पक्षका सरोकारवालाहरूको सहभागिता एकदमै महत्वपूर्ण छ। ७५३ वटै स्थानीय तहसँग जोडिएको गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका सङ्घमार्फत भूउपयोग योजनाका सघाउन सक्नेछन्। स्थानीय तहका जनप्रतिनिधि, स्थानीय समुदायको सहभागितामा भूउपयोग योजना निर्माण गरिनुपर्दछ। यसरी तर्जुमा भएको भूउपयोग योजना कार्यान्वयन गर्न सजिलो हुनेछ।



विश्वास नेपाली

# भूमिहीन तथा अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापनमा स्थानीय तहको प्रयास



## पृष्ठभूमि

अहिले स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको लागि जग्गा दर्ता एवं जग्गा व्यवस्थापनको कार्य प्रक्रिया अघि बढाइरहेका छन् ।

यो लेख तयार गर्दासम्म राष्ट्रिय भूमि आयोगले मुलुकभर ६८३ स्थानीय तहसँग सम्झौता सम्पन्न गरेको छ। आयोगले क्रमशः स्थानीय तहहरूसँग समन्वय गर्दै अघि बढीरहेको देखिन्छ। यसअवधिमा स्थानीय तहहरूमा भएको लगत सङ्कलनमध्ये ७ लाख ९७ हजार ७ सय ४१ निवेदन फाइल कम्प्युटर प्रविष्टिकरण सकिएको छ। आयोगले १ हजार ५ सय १७ परिवारलाई लालपुर्जा वितरण पनि गरिसकेको छ। राजनीतिक उथलपुथल नआएमा अव, एक/दुई वर्षभित्रमा ५ लाख बढी भूमिहीन परिवारले लालपुर्जा पाउने अनुमान गर्न सकिन्छ।

यसअघि विघटित भूमिसम्बन्धी समस्या समाधान आयोगमा, २०७८ को असार मसान्तसम्म ११ लाख ८० हजार ७ सय ६१ परिवार भूमिहीन तथा अव्यवस्थित परिवारले निवेदन पेश गरेका थिए। यो सङ्ख्या १३ लाख पुग्ने अनुमान थियो। पहिलेको आयोगले गरेको कामको स्वामित्व ग्रहण गर्दै अहिलेको आयोगले पनि लगत सङ्कलनको प्रक्रिया अघि बढीरहेको हुँदा स्थानीय तहमा निवेदन पेश गर्नेको सङ्ख्या १३ लाख नाघेको बताइएको छ।

**राजनीतिक उथलपुथल नआएमा अव, एक/दुई वर्षभित्रमा ५ लाख बढी भूमिहीन परिवारले लालपुर्जा पाउने अनुमान गर्न सकिन्छ।**

## आत्मनिर्भर केन्द्रको प्रयास

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले ७ प्रदेशको १४ स्थानीय तहमा केन्द्रित भई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि जग्गा दर्ता एवं जग्गा व्यवस्थापनको लागि पैरवी र सहकार्य दुवै कार्यनीति अवलम्वन गरेको छ। त्यसअघि आत्मनिर्भर केन्द्रले झापाको कनकाई नगरपालिका, उदयपुरको बेलका नगरपालिका र दाङको दंगीशरण गाउँपालिकामा नमुना अभ्यासकोरूपमा पालिका क्षेत्रभित्र रहेका भूमिहीन र

अव्यवस्थित बसोबासीको लगत लिने, जग्गा नापी गर्ने र त्यसलाई एकीकृत सूचना प्रणालीमा राख्ने काम अघि बढाएको थियो। जुन प्रभावकारी पनि भएको थियो। त्यही मोडल अहिले सबै स्थानीय तहहरूमा अघि बढेको छ। भूमिहीनको लगत व्यवस्थित अभिलेखन भएको छ।

आत्मनिर्भर केन्द्रले आफ्नो स्रोत र जनशक्तिलाई पनि मध्येनजर गरी स्थानीय सरकारलाई लगत सङ्कलन, लगत सत्यापन, अभिलेखीकरण, प्रविष्टिकरण, जग्गा नापी र लालपुर्जा वितरणको कार्यमा सहजीकरण एवं प्राविधिक खालको सहयोगहरू उपलब्ध गराइरहेको छ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि जग्गा दर्ता एवं जग्गा व्यवस्थापनसम्बन्धी भएका कानुनी व्यवस्थाको विषयमा स्थानीय तहमा अभिमुखीकरण कार्यक्रमहरू पनि संस्थाले सञ्चालन गरेको थियो। स्थानीय सरकारले प्रक्रियागत ढङ्गले यी कार्य व्यवस्थित गरेका छन् र केही स्थानीय सरकार लालपुर्जा वितरण गर्न समेत सफल भइसकेका छन्।

## केही उपलब्धि

कार्यक्षेत्रका स्थानीय तहहरूले हालसम्म २७२ परिवारलाई लालपुर्जा उपलब्ध गराउन सफल भएका छन्। जग्गा नापीको काम अघि बढीरहेको छ। लगत निवेदनको सत्यापन, लगत प्रविष्टिकरण र प्रमाणीकरण गर्ने काम अघि बढीरहेको छ। यस अवधिमा १३ स्थानीय तहमा, ८९ हजार ४ सय ९ परिवारले जग्गा दर्ताको लागि निवेदन पेश गरेका छन्। ७१ हजार ४ सय १३ परिवारले निवेदन पेशको निस्सा प्राप्त गरेका छन्। ४४ हजार १ सय ९२ कित्ता जग्गा नापी भइसकेको छ।

१३ स्थानीय तहलाई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागि भएका कानुनी अधिकार र स्थानीय तहको जिम्मेवारीको विषयमा अभिमुखीकरण गरिएको छ। यसबाट निर्वाचित जनप्रतिनिधिहरू र कार्यरत जनशक्तिलाई जानकारी हुन मद्दत पुगेको छ भने यो अभियानमा प्रतिवद्ध भएर लाग्नको लागि अभिप्रेरित पनि गरेको छ। केही उपलब्धि निम्न तालिकाले स्पष्ट गर्न मद्दत गर्छ।

### कार्यक्षेत्रका स्थानीय तहको विवरण

| प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| कोशी प्रदेश | झापा | कनकाई नगरपालिका |
| | उदयपुर | बेलका नगरपालिका |
| मधेश प्रदेश | सिरहा | धनगढीमाई नगरपालिका |
| | महोत्तरी | बर्दिबास नगरपालिका |
| बागमती प्रदेश | सिन्धुपाल्चोक | पाँचपोखरी गाउँपालिका |
| | रसुवा | कालिका गाउँपालिका |
| गण्डकी प्रदेश | नवलपुर | मध्यविन्दू नगरपालिका |
| लुम्बिनी प्रदेश | दाङ | गढवा गाउँपालिका |
| | | दंगीशरण गाउँपालिका |
| | | बबई गाउँपालिका |
| कर्णाली प्रदेश | सुर्खेत | गुर्भाकोट गाउँपालिका |
| | | चौकुने गाउँपालिका |
| सुदूरपश्चिम | कैलाली | गौरीगंगा नगरपालिका |
| | कञ्चनपुर | वेदकोट नगरपालिका |

### स्थानीय तहमा भएको निवेदन सङ्कलन विवरण

| स्थानीय तहको नाम | भूमिहीन दलित | भूमिहीन सुकुम्बासी | अव्यवस्थित बसोबासी | जम्मा |
|---|---|---|---|---|
| कनकाई नगरपालिका | ४०८ | २११६ | ४०३५ | ६५५९ |
| बेलका नगरपालिका | ५३५ | १२७३ | १०६७३ | १२४८१ |
| धनगढीमाई नगरपालिका | ५०९ | ७६५ | १४४१ | २७१५ |
| बर्दिबास नगरपालिका | १४२० | ० | ८०३९ | ९४५९ |
| कालिका गाउँपालिका | १० | २ | ७ | १९ |
| मध्यविन्दू नगरपालिका | २६४ | ११३२ | ६२७२ | ७६६८ |
| गढवा गाउँपालिका | ३०५ | १०५८ | ६०३५ | ७३९८ |
| दंगीशरण गाउँपालिका | १५९ | १९४ | ३४२२ | ३७७५ |
| बबई गाउँपालिका | ४५० | ६१६ | ५१६२ | ६२२८ |
| गुर्भाकोट गाउँपालिका | २६४ | ५६ | ५८९७ | ६२१७ |
| चौकुने गाउँपालिका | २२१ | १३९ | ४६५४ | ५०१४ |
| गौरीगंगा नगरपालिका | ९५९ | ११९७ | १०१९२ | १२३४८ |
| वेदकोट नगरपालिका | ३१९ | २०२ | ९००७ | ९५२८ |
| जम्मा | ५८२३ | ८७५० | ७४८३६ | ८९,४०९ |

### स्थानीय तहमा भएको निवेदन प्रविष्टिकरण, नापी र लालपुर्जा वितरण

| स्थानीय तहको नाम | लगत प्रविष्टिकरण | नापी कित्ता सङ्ख्या | निस्सा वितरण | लालपुर्जा वितरण |
|---|---|---|---|---|
| कनकाई नगरपालिका | ६१३६ | ८७७८ | ६५३० | २७ |
| बेलका नगरपालिका | १०५५६ | २३५९ | ९६८९ | १५ |
| धनगढीमाई नगरपालिका | १०९० | ७६० | २०९८ | १०८ |
| बर्दिबास नगरपालिका | ८३२७ | ० | ० | ० |
| कालिका गाउँपालिका | १६ | ४ | १९ | ० |
| मध्यविन्दू नगरपालिका | ७६४७ | ० | ७६६८ | ० |
| गढवा गाउँपालिका | ७३१२ | ११०० | २६०२ | ० |
| दंगीशरण गाउँपालिका | ३७५८ | ० | ३७७५ | ० |

| | | | | |
|---|---|---|---|---|
| बबई गाउँपालिका | ४४७१ | ९१०९ | ६२२८ | ० |
| गुर्भाकोट गाउँपालिका | ५०७१ | ५५० | ६२१७ | ३२ |
| चौकुने गाउँपालिका | २५७६ | ३०० | ५०१४ | ० |
| गौरीगंगा नगरपालिका | १२१२६ | ७९०४ | १२०४५ | ९० |
| वेदकोट नगरपालिका | ९५२९ | १३३२८ | ९५२८ | ० |
| जम्मा | ७८६१५ | ४४१९२ | ७१४१३ | २७२ |

## केही सिकाइ केही रिफ्लेक्सन

स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूमा आआफ्नो स्थानीय तहभित्र रहेका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने प्रतिवद्धता छ। तर, उनीहरूसँग यी समस्या समाधान गर्नको लागि पर्याप्त जनशक्ति र योजनाहरू छैनन्। स्थानीय तहमा भएको सिमित बजेट स्रोतकै आधारमा मात्र पालिकाले यो कार्य प्रक्रिया अघि बढाइरहेको हुँदा भूमिहीनहरूले लालपुर्जा पाउने प्रक्रिया लम्बिरहेको छ।

बेलाबेला भइरहने राजनीतिक फेरबदल, जसको कारण आयोगमा पर्न जाने असर, सङ्घीय सरकारको मातहतमा बन्ने भूमि आयोग र स्थानीय तहमा निर्वाचित हुने राजनीतिक नेतृत्वकोबीचको आस्था फरक हुँदा पनि यसले सहकार्यमा समस्या देखिने रहेछ। जस्तो : स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि र सङ्घीय तहमा हुने सरकारको प्रतिनिधिबीच हित्तचित्त मिल्यो भने त्यहाँ काम छिटो अघि बढ्ने, केन्द्रबाट पनि विशेष चासो दिने र काम अघि बढाउन यदी फरक भएमा चासो नदिने परिपाटी अहिले पनि छ। जसको असर लालपुर्जा वितरणसँग पनि जोडिएको छ। यसले गर्दा भूमिहीनले लालपुर्जा पाउने अवधि लम्बिन सघाउ पुगेको छ।

स्थानीय सरकार भर्खरै सिक्दै अघि बढ्दै छ। पर्याप्त जनशक्ति स्थानीय तहमा छैनन्। त्यसमा पनि प्राविधिक खालको जनशक्ति छैनन्। भएका पनि सिमित छन्। जस्तो : नापी कार्यको लागि प्राविधिक खालको जनशक्ति आवश्यक हुन्छ। पर्याप्त स्रोतको अभाव र जनशक्ति परिचालनमा समस्या भएको कारण स्थानीय तहले सोचेअनुसार, जनप्रतिनिधिहरूले प्रतिवद्धता गरेअनुसार लालपुर्जा वितरणको कार्य अघि बढ्न सकेको छैन।

नापी र मालपोत कार्यालयमा सिमित जनशक्ति हुनु र उनीहरूले आफ्नो नियमित कामलाई मात्र प्राथमिकतामा राख्ने, भूमि आयोग र स्थानीय तहले माग गरेअनुसार सेवा/सहयोग यी कार्यालयबाट उपलब्ध हुन नसक्दा भूमिहीनलाई वितरण गरिने जग्गाको नापी, फिल्ड बुक, नक्सा उपलब्ध गराउने, श्रेस्ता बनाउने जस्ता कार्यहरू ढिलाइ हुन जाँदा लालपुर्जा वितरणमा समस्या सिर्जना भएको देखिन्छ।

**करिव १५ लाख भूमिहीन एवं अव्यवस्थित बसोबासीले लालपुर्जा पाउने वातावरण बन्दैछ। यो भनेको ठूलो सङ्ख्या हो। र यी परिवारले वर्षौको प्रतिक्षापछि यो लालपुर्जा पाउने कार्य सम्भव हुँदैछ।**

संस्थाले प्रत्यक्ष सहयोग उपलब्ध गराएको, जनशक्ति उपलब्ध गराएको स्थानीय तहहरूमा भूमिहीन र अव्यवस्थित बसोबासीले पेश गरेको निवेदनको व्यवस्थित अभिलेखन भएको छ। लगत प्रविष्टिकरणलाई पनि मद्दत पुगेको छ र समयमै कार्य सम्पादन भएको छ। यस्तो सहयोगको क्षेत्र बढाउनुपर्ने अवस्था छ।

## अन्त्यमा

हामीले सहकार्य गरिएको क्षेत्र सिमित छ। यसका आफ्नै बाध्यताहरू छन्। सिमित स्रोत साधन र जनशक्तिको कारण स्थानीय सरकारको आवश्यकता र अपेक्षाअनुसार सहयोगहरू उपलब्ध गराउन सकिएको छैन। नितान्त प्राविधिक खालको मात्र सहयोगहरू उपलब्ध गराइएको छ। सहयोग र सहकार्यको दायराहरू बढाउनुपर्ने अवस्था छ। किनकी यो राष्ट्रिय अभियान हो। यस्तो अवसरमा सहयोग र सहकार्यको क्षेत्र जति बढाउन सक्यो उति धेरै भूमिहीनहरूले लालपुर्जा पाउने वातावरण बन्छ र अभियानलाई पनि मद्दत पुग्छ। भूमि अभियानका अगुवा र अभियानकर्मीहरूको दैनिक चासो र चिन्ताको विषयमा पनि अहिलेको लागि यही क्षेत्रमा हुनुपर्छ भन्ने लाग्छ।

करिव १५ लाख भूमिहीन एवं अव्यवस्थित बसोबासीले लालपुर्जा पाउने वातावरण बन्दैछ। यो भनेको ठूलो सङ्ख्या हो। र यी परिवारले वर्षौको प्रतिक्षापछि यो लालपुर्जा पाउने कार्य सम्भव हुँदैछ।

कतिपय स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भएपछि यो भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको लागि जग्गा दर्ता एवं जग्गा व्यवस्थापनको लागि बजेटसमेत विनियोजन गरी अघि बढाएका छन्। सबै स्थानीय तहले भूमि इकाई स्थापना गरी प्रतिबद्ध कर्मचारी टिम व्यवस्थापन गरी कामयालाई योजनाबद्ध अघि बढाएका छन्।

आगामी दिनमा, कार्यक्षेत्रका सबै स्थानीय तहमा भएका भूमि अधिकार मञ्च र अगुवाहरूलाई क्रियाशील गराई यो अभियानलाई अझ व्यवस्थित र सुदृढ बनाएर लैजानुपर्ने आवश्यकता पनि उत्तिकै छ।

यस्तै, स्थानीय तहहरूले पनि बदलिँदो राजनीतिक परिवेश, समय समयमा फेरबदल भइरहने राजनीतिक परिवेशलाई मध्येनजर गर्दै आफूले जनतासँग गरेको बाचाअनुसार यथासक्य कार्य प्रक्रिया अघि बढाई भूमिहीनलाई लालपुर्जा दिने वातावरण गर्नु जरुरी छ। स्थानीय सरकारको लागि आफ्नो पालिकाक्षेत्रभित्र रहेका भूमिहीन एवं सुकुम्बासीको समस्या समाधान गर्ने राम्रो अवसर पनि हो। यही मर्मलाई आत्मसाथ गरी अघि बढ्नु अहिलेको लागि अपरिहार्य पनि छ।



**नन्दा जोशी**
पूर्वराष्ट्रिय उपाध्यक्ष,
राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

# अभियानमा मेरो अनुभव

भूमि अधिकार अभियानमा २०६३ माघ १७ गते देखि जोडिएँ। कञ्चनपुरमा त्यहीबेलादेखि अभियान सुरुवात भएको हो। त्यसयता अभियानको अगुवाको रूपमा सक्रिय छु। हामीले अभियान सुरुवात गर्दा जिल्ला मञ्चको कार्यालय थिएन। बैठक बस्न, छलफल गर्न पनि पर्याप्त ठाउँहरू थिएन। कलुवापुरमा रामजानकी मन्दिर छ, त्यहिँ मन्दिरको प्राङ्गणमा बैठक बस्थ्यौँ। छलफल गर्थ्यौँ। अभियानको कुरा गर्थ्यौँ। हाम्रो लागि त्यहि मन्दिर नै भूमिघर थियो।

अभियान अघि बढाउन आन्दोलन कोष सङ्कलन गर्थ्यौँ। कोष सङ्कलन गर्न महेन्द्रनगरसम्म पुग्थ्यौँ। कसैले एक रुपैयाँ त कसैले १० रुपैयाँ दिन्थे। पहिलो पटक हामीले १ हजार पाँच सय रुपैयाँ सङ्कलन गर्न सफल भयौँ। त्यसबाट नै अभियान सुरुवात गर्‍यौँ।

अभियानलाई फैलाउन २०६६ मा साइकल यात्रा गर्‍यौँ। धरमपुरमा भूमिहीन सुकुम्बासीको लागि मञ्चको झण्डा गाडेर जग्गा कब्जा गर्‍यौँ। त्यहाँ सार्वजनिक जमिन थियो। शिविर स्थापना गर्‍यौँ। झुपडी बनाएर बस्यौँ। हामीलाई वन अतिक्रमणकारी भन्ने आरोप पनि लगाइयो। वनका कर्मचारीले आगो लगाएर शिविर हटाउन जोडबल गरे। हामी बस्ती बचाउन लाग्यो। धेरै दुःख दिएका थिए।

झोलामा थाल, गिलास, पानीको बोतल, एउटा वर्को बोकेर गाउँ टोलमा जान्थ्यौँ। भूमिहीनको भेला गर्थ्यौँ। छलफल चलाउँथ्यौँ। अभियानमा हिड्नको लागि अगुवाहरू तयार गर्थ्यौँ। गाउँ गाउँमा आन्दोलन कोष सङ्कलन पनि गर्थ्यौँ। यसले अभियान प्रति सदस्य र अगुवा बढ्दै थिए भने अर्कोतर्फ हामीलाई गाउँमा माओवादी आयो! भन्ने आरोप पनि लगाउँथे। दुःख दिन खोज्थे।

दाल, चामल, तरकारी सङ्कलन गरी भेला शिविर र बैठकहरू गरियो। यस्तो कोषहरू उठाउँदा मागेर जङ्गलमा पकाएर खाने हुन् की भनेर कुरा पनि काट्थे। मागेर चाहिँ लाने तर हाम्रो पक्षमा के काम गरे भन्ने आरोपहरू पनि बेलाबेला सुनिन्थ्यो। दुःख र सङ्घर्षका दिनहरू अभियानमा हिड्दा धेरै बिताइयो।

म आफैं पनि भूमिहीन परिवारकी हुँ। डेखतभूली बनारा नदीको छेउको ऐलानी जग्गामा सानो झुप्रो हालेर बसेका थियौँ। घरमा २ छोरा र १ छोरी छोडेर कैलाली, कञ्चनपुरसम्म आन्दोलनमा हिडेँ। पछि राष्ट्रिय आन्दोलनहरूमा पनि धेरै पटक सहभागी भएँ। श्रीमान् भारतमा ज्याला मजदुरी गर्न जानुहुन्थ्यो। परिवार पाल्नको लागि त्यसो गर्नु बाध्यता पनि थियो। आफ्नो पीडालाई सम्झेर घरमा बस्न मन लाग्दैनथ्यो। म आन्दोलनको कामले घर बाहिर जानुपर्दा सङ्गठनकी अगुवा खेम्पा विकले घाँसपात काट्ने, बालबच्चाको हेरचाह गर्न धेरै सहयोग गर्थिन्। उनको सहयोग म कहिल्यै भुल्न सक्दिन।

महिला भएर घरमा कम बस्ने बाहिर बढी हिड्डुल गर्ने भनेर कुरा काट्ने पनि उत्तिकै थिए। आन्दोलनबाट घर फर्कदा मानिसहरू, नन्दा जोशीले झोलामा लालपुर्जा ल्याएकी छ, भनेर खिसी टिउरी गर्दथे। साइकल यात्रा, पैदल यात्रा, सङ्गठनमा भेला, छलफल गर्दा राती बास बस्दा भातमारा भनेर बस्न नदिई भेटघाट शिविरबाट लखेटेको दिनको याद आउछ। रातीको समय थियो बास बस्ने समेत पाएनौँ। जङ्गलको बाटो जिउ ज्यानको ठूलै खतरा मोलेर हिड्यौँ। फेरी अर्को सङ्गठन बनारा भन्ने ठाउँमा गएर बास मागेर बस्यौँ। यो त एक उदाहरण मात्र हो। यस्ता घटना धेरै भोगेकै छु।

एक पटक भूमि अभियानको क्रममा दैलेख पुगेका थियौँ। एक जना महिलाले हामी (महेश वड र म) लाई आफ्नो घरमा बास बसाउन लगिन्। तर, उनीहरूको घरयासी झगडा रहेछ। यी कुन जातिका मानिस हुन्, महिला-पुरुष रहेछन् यिनलाई किन घरमा ल्याइस् ? भनेर उनलाई कराए। गाली गरे। हामीलाई त्यहाँ बास पनि बस्न अप्ठ्यारो भयो। त्यहाँबाट हिड्दा पैसा पनि हराएछ। पछि सुर्खेत फर्केर जिल्ला मञ्चबाट पैसा सापटी मागेर घर पुगेँ। आन्दोलनमा हिड्दाको यस्तो क्षण अहिले पनि भुल्न कठिन छन्।

एक पटक दाङको कार्यक्रम सकेर बर्दियातर्फ आउनुपर्ने थियो। भोली नेपाल बन्द हुने भन्ने खबर आयो। अघिल्लै दिन बेलुकी बस चढेँ र कोहलपुरसम्म आइपुग्दा राती १२ बजीसके छ। पुस महिनाको समय थियो, जाडो। त्यहाँ एउटा होटेल खुलेको रहेछ, बास बस्न पाइएन, आगो बलिरहेको थियो। पसलेलाई अनुरोध गर्दा आगो ताप्न पनि दिएनन्। रातभरी सडकमै बिताएँ। भोक त्यसै हरायो।

अभियानकै सिलसिलामा एक पटक बर्दियामा छलफल चलाउन गएको थिएँ। त्यहाँ पनि त्यस्तै समस्या आइलाग्यो। २०६६ सालमा राष्ट्रिय आन्दोलन हुँदा बर्दियाबाट गएको बस दुर्घटना हुँदा २ महिला अगुवाहरूको असमायिक निधन हुन पुगेको थियो। हामी सङ्गठनमा जाँदा त्यहि घटनालाई लिएर समुदायमा अवरोध गरे। सङ्गठनका अगुवाले भने, अझै तपाईंलाई पुगेन ? हाम्रो गाउँका मान्छे बिते। मञ्च किन चाहियो ? के का लागि चाहियो ? हाम्रो

घरपरिवारको विचल्ली भयो । उनीहरूले अनेकन प्रश्न गरेर बैठकमा छलफल चलाउनै दिएनन् । पछि मञ्चका अरु साथीहरूले सम्झाई बुझाई गरेपछि बैठक गर्‍यौँ र त्यही बल्लतल्ल बास बस्न पाइयो ।

एक महिला भएर पनि अन्दोलनको अगुवाई गर्दै विभिन्न ठाउँमा पुगेँ । घर बाहिरको वातावरण बुझ्ने मौका पाएँ । आफ्नो ठाउँका भूमिहीनको बस्ती सुरक्षित गराउनको लागि धेरै सङ्घर्ष गरेको छु । मञ्चको अभियानमा सक्रिय हुँदै गर्दा राष्ट्रिय मञ्चको उपाध्यक्ष समेत भई योगदान गर्न अवसर पनि पाएँ, यसबाट पनि धेरै सिकाइ र अनुभवहरु प्राप्त भएका छन् ।

दैलेख, सुर्खेत, अछाम, बाजुरा, बैतडी, डडेल्धुरा, बर्दिया, बाँके, नवलपरासी, कास्की, पर्वत, रसुवा, चितवन, रूपन्देही, धनुषा, जनकपुर, सर्लाहीलगायत जिल्लामा अभियानको क्रममा पुग्ने र सङ्गठन र आन्दोलनको अवस्थाको विषयमा जान्ने र सिक्ने अनि आफ्नो अनुभवहरू पनि सुनाउने अवसहरू पाएँ । फरक ठाउँमा फरक परिवेश र सवालहरु रहेछन्, तर, पीडा उहि । भूमिको समस्याबाट पीडितहरु धेरै रहेछन् ।

आन्दोलन र अभियानले सङ्घर्षमात्रै होइन सिकाइहरू पनि दिएको छ । हामी अगुवहरूले आन्दोलनबाट सिकाइ र सफलता लिनको लागि निरन्तर सङ्घर्ष गर्नुपर्ने रहेछ । पढ्न लेख्न नसके पनि जीवनको भोगाई सुनाउँदा अगुवा र सदस्यहरुमा हौसला प्राप्त हुन्छ र अभियानले जीवन्तता पाउँछ ।

### भुत्ते कानुन

महिलालाई भूमि अधिकार दिलाउने एउटा सबै भन्दा मुख्य पक्ष कानुनी व्यवस्था हो । अनि जलवायुजन्य असरबाट विपन्नलाई सुरक्षा प्रदान गर्ने माध्यम पनि कानुन हो । पहिले त दक्षिण एसियाली देशहरूमा यीसम्बन्धी कानुन नै पर्याप्त छैनन् । दोस्रो भएकै कानुन पनि प्रभावकारी कार्यान्वियनमा छैनन् । जसको असर सीमान्तकृतहरू भोगिरहेका छन् । र, यो भनेको संविधानप्रदत्त अवस्थाको बर्खिलाप पनि हो ।

'पहिले हामी प्राकृतिक स्रोत जल, जङ्गल र जमिनमा पहुँचको कुरा मात्र गर्थ्यौं तर अहिले जलवायु परिवर्तनले पारेको असरबारे पनि कुरा गर्न थालेका छौं, यो राम्रो पक्ष हो', भूमि अधिकार अभियानकर्ता तथा सभासद् सरस्वती सुब्बाको भनाइ छ- नीतिमा त यस्ता कुरा पर्दै आएका छन् तर व्यवहारमा भने फरक पर्दै आएको छ । संसद्मा भएका छलफल नियाल्दा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्म यस्ता विषयले प्राथमिकता पाएका छैनन् । सरकार गठन/विघटन मात्र प्राथमिकतामा पर्छ । जसले गर्दा कृषि, जलवायु जस्ता विषय ओझेलमा परेका छन् ।

**महिलाको भूमिमा खासै पहुँच छैन । आदिवासी महिलाको अवस्था त झन दयनीय छ । भूमि नीतिहरूमा महिला र आदिवासीको पहुँचबारे व्यवस्था नहुनु नै यसको मुख्य कारण हो । त्यसैले कानुनी प्रावधानका लागि आन्दोलनहरू जारी छन् ।**

कानुन बनाउने सभासद्ले नै यस्ता विषय प्राथमिकतामा पर्दैन भनिसकेपछि हामी सीमान्तकृतलाई अधिकार दिने विषयमा कति हचुवा पाराले सोच्दा रहेछौं भन्ने प्रष्ट हुन्छ । भारतको गुजरातस्थित नवजीवन आदिवासी मञ्चकी उषावेनको भनाइले भारत पनि उही रोग पालेर बसेको पुष्टि हुन्छ । श्रीमान् बितेपछि सम्पत्तिदेखि सबै कुरा ऊसँगै जाने तर उसकी श्रीमती अर्थात आमा, छोरीले त्यसमा हक नपाउने अवस्थाले महिलाको पहिचान र अस्तित्वमै धावा बोलेको छ । जसको सही उपचार भनेको दर्बिलो कानुन मात्र हो भन्नेमा शङ्का छैन । तर त्यस्तै कानुन बनाउनुपर्ने अभियानमा वर्षौं बिताएकाहरू निराशै भइहालेका त छैनन् तर निकट भविष्यमै केही होला भन्ने आशा पनि छैन ।

बङ्गलादेश पनि कानुनका सवालमा महिला र आदिवासीप्रति नरम छैन । अभियानकर्ता विपाशा अधिकारीले दिएकी जानकारीअनुसार यहाँका कानुन महिलामैत्री छैनन् । महिलाको भूमिमा खासै पहुँच छैन । आदिवासी महिलाको अवस्था त झन दयनीय छ । भूमि नीतिहरूमा महिला र आदिवासीको पहुँचबारे व्यवस्था नहुनु नै यसको मुख्य कारण हो । त्यसैले कानुनी प्रावधानका लागि आन्दोलनहरू जारी छन् ।

खासमा भूमिको स्वामित्वकर्ता भनेकै आदिवासी जनजाति हुन । त्यसैले उनीहरूलाई भूमिपुत्र पनि भनिएको हो । आदिवासी/जनजाति अधिकारकर्मी यशोकान्ति भट्टचन आइएलओ १६९ तथा अन्य कानुन, सिडको सिफारिस आदिको पृष्ठभूमिमा काम गर्दा आदिबासीको भूमि स्वामित्व प्रभावकारीरूपमा उठ्न सक्ने धारणा राख्छन् । जमिनमा आदिवासीको सीमित पहुँचका कारण उनीहरूको हरक्षेत्र प्रभावित बन्न पुगेको ठान्ने भट्टचन कानुनले महिलामा पनि आदिवासी महिला र किशोरीको भूमि अधिकारबारे खासै नबोलेको दुखेसो व्यक्त गर्छन् ।

सामूहिक जीवन पद्धति भूमि र जीविकोपार्जनसँग जोडिएको हुन्छ आदिवासी जनजाति समुदायमा । अनि यो वातावरणसँग पनि जोडिएको छ । त्यसैगरी सामाजिक र सांस्कृतिक पक्ष पनि जोडिएका छन् । तर नीति र कानुन बनाइँदा यी पक्ष ओझेल पारिएका छन् । यसले पनि महिला र आदिवासीको भूमि अधिकारमाथि खेलवाड गरेको छ । त्यसैले प्रथाजनित संस्थाहरूलाई जोगाउन आवश्यक कानुन बनाउनुपर्ने, भएकै कानुनको प्रभावकारी कायान्वयन गर्नुपर्ने र एफपिक जस्ता प्रावधानहरूलाई कडाइका साथ लागु गर्नुपर्ने आवाज पनि नीति संवाद कार्यक्रमको एक जोडदार पक्ष रह्यो । ✿

# अभियानकर्मी गणेशप्रसाद रामको सम्झना



कलिलै उमेरदेखि चरम जातीय विभेद, गरिबी, सामाजिक उत्पीडन खेपेका बलदेव राम बुझ्न थाल्ने भएदेखि नै दलितहरूको मुक्तिको लागि सामाजिक रूपान्तरणको अभियानमा सक्रिय भएर हिडेका थिए। वि.सं. २०५६ सालमा बाबु बलदेब रामको नेतृत्वमा सप्तरीको दौलतपुर, मधुपट्टी र सिरहाको लहान मटिअर्वाबाट सिनो बहिष्कार आन्दोलन सुरु हुँदा गणेशप्रसाद राम १९ वर्षे किशोरवय अवस्थामै थिए। राष्ट्रिय भूमि अधिकार मञ्चका संस्थापक अध्यक्ष, उच्चस्तरीय भूमि सुधार आयोगका सदस्यसमेत रहिसकेका दिवङ्गत बलदेव र सुवधीदेवी चमैनका चार सन्तानमध्येका एक थिए, गणेश राम।

वि.सं. २०३७ साउन २३ गते तत्कालिन मधुपट्टि गाविस- ६ कनकपुर, सप्तरी (हाल सुरुङ्गा नगरपालिका- ४) मा जन्मिएका थिए, गणेश। गरिब, विपन्न परिवारको झुपडीमा जन्मिएका उनले दाजु इन्द्रप्रसाद राम, बहिनीहरू गीता र प्रमिलासँगै जनता आधारभूत विद्यालयबाट प्राथमिक तह उत्तिर्ण गरेका थिए। कुसहास्थित मसिलाल जनता मा.वि.बाट २०५५ सालमा एसएली उत्तिर्ण गरेका थिए।

एसएलसी उत्तिर्ण गर्नुअघि नै गणेश राम एक्सन एड नेपालमा सोनालाल चौधरीको अगुवाईमा असर्फी सदा (जो २०६३ सालमा विधायक समेत बने), युक्तिलाल मरिकसँगै दलित एक्टिभिष्टको रूपमा सामाजिक रूपान्तरण र दलित मुक्ति अभियानमा जोडिएका थिए। सामाजिक रूपान्तरण अभियानको पर्याय बनेका बाबु बलदेवको प्रभाव किशोर अवस्थामै उनमा नपर्ने कुरा पनि थिएन। त्यसपछि सामाजिक आन्दोलनमा जोडिए, सिनो बहिष्कार आन्दोलनपछि बलदेव रामको नेतृत्वमा गठन भएको सामाजिक संस्था, जनचेतना दलित सङ्गमको संस्थापक सचिवको रूपमा पनि गणेश राम जोडिएका थिए।

त्यसपछिका दिनहरू उनले आफ्नो बसोबास रहेको गाउँसँगै छमेकी गाउँ, क्षेत्र,

**चरम जातीय विभेद, गरिबी, सामाजिक उत्पीडन खेपेका बलदेव राम बुझ्न थाल्ने भएदेखि नै दलितहरूको मुक्तिको लागि सामाजिक रूपान्तरणको अभियानमा सक्रिय भएर हिडेका थिए।**

जिल्ला र प्रदेशअन्तर्गतका जिल्लामा रहेका भूमिहीन दलित, सुकुम्बासी, हरवा चरवा, विभिन्न कारणले अप्ठ्यारोमा परेका दलित महिलाहरूको हक अधिकारको पक्षमा समर्पण गरे।

२०६१ सालमा तत्कालिन जिल्ला वन कार्यालयले आगो झोसेर उठीबास गराउन खोजेको सुरुङ्गा- ३ दौलतपुर विषनरियाको ६५ घर भूमिहीन बस्तीको सुरक्षाका लागि उनको अगुवाईमा स्थानीय पीडितहरूले गरेको प्रतिकारपछि सशस्त्र वन रक्षकहरू त्यतिकै फर्किन बाध्य भएका थिए।

समुदायिक आत्मनिर्भर सेवा केन्द्रको

कार्य समितिमा रहेर पनि गणेश रामले योगदान गरेका थिए। गाउँका निमुखा, अप्ठ्यारोमा परेका, उठीबासको जोखिम भएका दलितजनहरूसँगको सामिप्यता टुटेको थिएन, उनको, बरु सबैले भरोसा राख्थे।

२०७९ पुस २९ गते राती ८ बजे ४२ वर्षको अल्पायुमै गणेश रामको मृत्यु हुन पुग्यो। उनको दुःखद निधनले हामी सबैलाई दुःखी बनाएको छ। जीवनको अन्तिम दिनसम्म पनि दिवङ्गत बाबुको छत्रछायाँमा हुर्किएर अढाई दशक पार गरेको जनचेतना दलित सङ्गम, भूमिहीन दलित, सुकुम्बासी हरवा चरवाको अधिकारका लागि उनको चिन्ता छँदै थियो। उनले जति जीवन बाँच्न पाए, केवल तिनकै लागि बाँचे अर्थात् उनीहरूको सारथी भएर काम गरे, जसले वर्षौंदेखि गाँस बासको माग गर्दै आएका छन्।

सानै उमेरदेखि नै जातीय छुवाछूत, सामाजिक शोषण उत्पीडन विरुद्ध आवाज उठाउँदै आएका उनी सामाजिक अभियन्तासँगै जिल्लाका दलितहरूका लागि भरपर्दो साहारा बन्दै आएका थिए। जिल्लाका विभिन्न ठाउँमा दलित, भूमिहीन, सुकुम्बासी, हरवा चरवा, दलित महिलामाथिको हिंसा, उठीबास जस्ता घटनाहरूमा जस्तोसुकै परिस्थिति भएपनि डटेर मुकाविला गर्ने हक्की स्वभावका थिए, गणेश। उनी पछिल्लो करिव एक दशकदेखि जनचेतना दलित सङ्गमको कार्यकारी निर्देशककोरूपमा सामाजिक रूपान्तरणको अभियानमा सक्रिय थिए।

सन् २०१६ को डिसेम्बरमा सवारी दुर्घटनामा एकै पटक श्रीमती कुसुम र जेठो छोरा दिपेश गुमाएपछि उनको दैनिकी अव्यस्थित बन्दै गएको थियो। यस घटना पछि उनी धेरै दुःखी थिए।

लहानस्थित जे.एस. मुरारका बहुमुखी क्याम्पसबाट कक्षा १२ उत्तिर्ण गरेपछि थालेको स्नातक तहको अध्ययन दोस्रो वर्ष पूरा नहुँदै श्रीमती र छोराको निधनले त्यतिकै रोकियो। गणेश, श्रीमती र छोरा गुमाएको वर्ष दिन नहुँदै बाबु बलदेव रामको देहान्तपछि मानसिक रुपले भनै गल्दै गएका थिए। उनको असामयिक निधनले दलित, भूमिहीन, सुकुम्बासी, हरवा चरवाले भरपर्दो अगुवा गुमाएका छन् भने कान्छी पत्नी सुमित्रादेवी राम र छोराले अभिभावक गुमाएका छन्। परिवारजनले एक असल सदस्य गुमाउनु परेको छ।

### उनको जीवनकालमा भएका मुख्य सामाजिक अभियान, आन्दोलन र सहभागिता

- मधुपट्टीस्थित डिहबार मन्दिर प्रवेश आन्दोलन
- सप्तरीको छिन्नमस्ता, कंकालिनी तथा धनकुट्टाको छिन्ताङ् भगवती मन्दिर प्रवेश आन्दोलन
- भूमि अधिकार, नागरिकता, आरक्षण अधिकारका लागि सन् २००८ मा राजविराजमा आयोजित ४८ घण्टे अनसन तथा धर्ना कार्यक्रममा
- सन् २००० मा दलित बालबालिकाहरूको निःशुल्क तथा गुणस्तरीय शिक्षाका लागि सरकारलाई दबाबसहित ध्यानाकर्षण गराउन स्थानीयस्तरमा भिक्षा सङ्कलन गरी प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापन पत्र र रकम पठाउन सक्रिय
- एक्सन एड नेपालमा जनमुखी शिक्षा सहजकर्ता छनौट भई सप्तरी जिल्लाको विभिन्न बस्तीहरूमा जनमुखी शिक्षा सञ्चालनसँगै सिनो बहिष्कार आन्दोलन र मन्दिर प्रवेश आन्दोलनको थालनी
- जनचेतना दलित सङ्गममार्फत् प्राकृतिक स्रोतमा दलितको पहुँच कार्यक्रमअन्तर्गत मधुपट्टिस्थित सती सामुदायिक वन र भेडिया कमलपुरस्थित भलुवाही सामुदायिक वन उपभोक्ता समूहमा दलितहरूको प्रतिनिधित्व गराउन भूमिका
- जिल्लाका विभिन्न ठाउँका एक हजार जनाभन्दा बढी नागरिकता विहीनलाई नागरिकता प्रमाण पत्र दिलाउन सहजीकरण
- जिल्लाका विभिन्न ठाउँका पाँच सयभन्दा बढी मोही किसानलाई मोहीयानी हक र जग्गाधनी दर्ता प्रमाण पत्र दिलाउन भूमिका
- आफ्नो गाउँ कनकपुरका दुई दर्जन परिवार दलित भूमिहीन जग्गाधनी पुर्जा दिलाउन सहजीकरण
- हरवा चरवा, भूमिहीन दलित, सुकुम्बासीहरूको भूमि अधिकारका लागि सन् १९९९ मा सरकारलाई ध्यानाकर्षण गराउन सप्तरी जिल्ला सदरमुकाम राजविराजमा कालोपत्रे सडकमा धान रोप्ने जस्ता साङ्केतिक विरोधको कार्यक्रमको नेतृत्व
- सप्तरीको कोचाबखारीमा सन् २००० को भदौ १२ गते र भदौ १३ गते हरि हरपुरमा सिनो बहिष्कार विरुद्ध गरिएको सामाजिक नाकाबन्दीको स्थलगत रुपमै विरोध प्रदर्शनको अगुवाई।
- सन् २००० मा दलित तथा भूमि अधिकारका लागि सिंहदरवार घेराउ आन्दोलनमा सहभागिता
- सन् २००२ मा भारतको मुम्बईमा आयोजित विश्व सामाजिक मञ्चमा सहभागिता
- त्यही वर्ष मोही हक दिन नमानेपछि मभधुपट्टिसहितका करिव एक दर्जनभन्दा बढी दलितहरूको मोहियानी हकका लागि भूमि सुधार कार्यालयमा मुद्दा दर्तामा सहजीकरण र सहयोग
- धनुषाको सिर्सियामा चमारहरूमाथि गरिएको सामाजिक नाकाबन्दी खुलाउन स्थलगतरूपमा सहजीकरण र पहल
- भूमिहीन, सुकुम्बासीका पक्षमा राज्य पक्षले गरेको कामको अध्ययन गर्न बंगलादेशको अध्ययन भ्रमण
- भूमि बैंक स्थापनाको माग गर्दै सन् २००५ मा सिरहाको मिर्चैयादेखि सप्तरीको राजविराजसम्म आयोजित साइकल ऱ्यालीको नेतृत्व
- भूमि अधिकारका लागि मधुपट्टि, दौलतपुर, हर्दिया, पश्चिम पिप्रालगायतका गाविसमा सन् २००६ मा भूमि अधिकार शिविर सञ्चालन र पैदल यात्रा सञ्चालन
- सन् २००६ मा शान्तिका लागि नागरिक सभा आयोजना
- भूमि अधिकारका लागि राजनीतिक दलहरूलाई दबाब दिन सन् २००७ मा जिल्लाका सबै मुख्य दलहरूको कार्यालयमा धर्ना।

यो सामग्री गणेशप्रसादका दाजु इन्द्र रामसँगको कुराकानीमा आधारित छ।

# बाँझो जग्गा जोगायौं, हराभरा बनायौं




CSRC
आत्मनिर्भर केन्द्र

## जिल्ला भूमि अधिकार मञ्च सम्मेलनका केही झलक




कञ्चनपुर




ललितपुर



सर्लाही



रसुवा



नुवाकोट




बाँके